ड्राफ्ट - अन्तिम

# परिवर्तन गाउँपालिका

# आवधिक गाउँपालिका विकास योजना

(आ.व। २०७४/७५-२०७८/७९)




परिवर्तन गाउँकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा
५ नं.प्रदेश

# परिवर्तन गाउँपालिका, रोल्पा जिल्ला

## पंचबर्षीय आवधिक गाउँविकास योजना

(आ.व। २०७४/७५-२०७८/७९)

**परिवर्तन गाउँपालिकाको १५ बर्षे अर्थात बि सं २०९० सम्मको दूरदृष्टि (Vision)**

समृद्ध, सुरक्षित, सामाजिक न्याय र सुशासनयुक्त परिवर्तन गाउँपालिका

परिवर्तन गाउँपालिकाको आ व २०७४।७५ देखि आ व २०७८।७९ सम्म अर्थात ५ बर्षको लक्ष (Goal)

कृषि र पशुपालनको व्यवसायिकरण, सामाजिक क्षेत्रमा पहुंचको बृद्धि, आधारभुत एवम् आधुनिक संरचनाहरूको निर्माण, सार्वजनिक सेवा प्रवाहमा नविनतम् विकसित प्रविधिको प्रयोगद्वारा चुस्त दुरुस्त बनाउंदै परिवर्तन गाउँपालिका बासीको जीवनस्तर गुणात्मक र दीगो रूपमा सुधार गर्ने ।

# आवधिक योजनाको जम्मा आँकलित बजेट

| रु लाखमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आ व | १ आर्थिक | २ सामाजिक | ३ पूर्बाधार | ४ वातावरण | ५ संस्थागत | जम्मा | प्रतिशत |
| २०७५।७५ मा | १,९७ | ७३ | ६,८३ | ८५ | १,९४ | १२,३२ | ५.० |
| २०७५।७६ मा | ५,०८ | ४,४८ | १२,५२ | ६,२० | ४,१० | ३२,३८ | १३.२ |
| २०७६।७७ मा | ९,४८ | १२,४८ | २२,०३ | ७,२६ | २,८२ | ५४,०७ | २२.१ |
| २०७७।७८ मा | ११,३६ | १५,६० | ३१,०५ | ७,४५ | ३,३० | ६८,७६ | २८.१ |
| २०७८।७९ मा | १३,३० | १८,३० | ३२,८२ | ८,१९ | ४,५१ | ७७,१२ | ३१.५ |
| **जम्मा** | **४१,१९** | **५१,५९** | **१,०५,२५** | **२९,९५** | **१६,६७** | **२,४४,६५** | १०० |
| **प्रतिशत** | **१६.८** | **२१.१** | **४३.०** | **१२.२** | **६.८** | **१००** | |

- सबै बिषय शिर्षकहरूमा संतुलित योजना निर्माण गर्ने प्रयास हुंदाहुंदै पनि पूर्बधारमा ४३ प्रतिशत बजेट आएको छ । भौगोलिक विकटता, जनआकांक्षा र बाटोघाटोले अरु विषयगत शिर्षक अन्तर्गतका विकास र निर्माणलाई पनि सहजिकरण गर्ने हुंदा यस प्रकारको बजेट हुंन आएको हो ।

- बजेटका हिसावले सामाजिक विकास दोश्रो महत्वपूर्ण शिर्षक हुन आएको छ । यस गाउँपालिकामा ४२ वटा सार्वजनिक विद्यालयहरू र ८ वटा स्वास्थ्य संस्थाहरू छन् । यी सबै संस्थाहरूको भौतिक पूर्बाधार दयनीय अवस्थाको छ । एकातर्फ आवश्यक भौतिक पूर्बाधारको अभावमा स्वास्थ्यकर्मीहरूले जनचाहना अनुरुपको सेवा दिन सकिराखेका छैनन् भने अर्कोतर्फ सार्वजनिक विद्यालयका अधिकांस वालवालिकाहरूले धुलो मैलो र खुल्ला चौरमा पठन पाठन गर्नुपर्ने अवस्था रहेको छ। मानवीय पक्षको क्षमता अभिवृद्धिको साथसाथै यी सबै भौतिक पूर्बाधारहरू पनि व्यवस्थित र सुरक्षित बनाउंदै लाने दायित्व गाउँपालिकामा आएको छ। यी सबै पक्षलाई ध्यानमा राखी यो योजना निर्माण गरिएको छ।

- आर्थिक विकासलाई यस योजनाले प्रमुख गन्तव्यको रूपमा लिएको छ तर बजेटका हिसावले आर्थिक विकास तेश्रो प्राथमिकतामा देखिएकोछ । यस शिर्षकमा छुट्ट्याईएको बजेट खुद आर्थिक विकासका कृयाकलापको लागि मात्र हो। आर्थिक विकासकालागि भौतिक पूर्बाधार र सामाजिक क्षेत्रको विकासले महत्वपूर्ण सहजिकरण गर्ने हुंदा सहजिकरणको खर्च समेत आँकलनगर्दा समग्रमा आर्थिक विकास शिर्षक पहिलो नम्बरमा खाउंदछ भन्ने गाउँपालिकाको ठहर रहेकोछ ।

- बजेटका दृष्टिकोणले संस्थागत विकास र सेवा प्रवाह सबैभन्दा सानो देखिएको छ तर यथार्तमा त्यसो गर्न खोजिएको हैन किनभने संस्थागत विकासका सबै भौतिक पक्षहरू कित पूर्बाधारमा कित सामाजिक विकासमा परेका छन् । यस शिर्षकमा राखिएको बजेट संस्थागत विकास र सेवा प्रवाहको मानवीय क्षमता विकासका लागि मात्र हो । त्यसैले समग्र बजेटको ६.८ प्रतिशतले यस शिर्षकको विकासलाई अगाडि बढाउन प्रयाप्त हुनेछ भन्ने मान्यता राखिएको छ ।

# आवधिक योजनाले निश्चित गरेका केही नाराहरू यस प्रकार छन्

## मुलनाराः

एकता, समन्वय, सामाजिक न्याय र हातेमालोसहितको जोस र जागर,
खालिहात नबसी सम्बृद्धितर्फ अगाडि बढ्ने परिवर्तन गाउँबासीको ठहर ।

## आर्थिक विकासको नाराः

निर्वाहमुखीबाट माथिउठी व्यवसायिक बने आफ्नै माटोमा फलाउन सकिन्छ सुन,
जोस र जागर मिलाउनसके जित्न सकिन्छ सहयोगी संघ संस्थाको मन् ।

## सामाजिक विकासको नाराः

संख्या र उपस्थिति मात्र हैन, अव पालो आएकोछ गुणस्तरको,
मन, बचन र कर्मले सेवा नै कर्तव्य ठान्ने होस् सवैको जमर्को ।

## भौतिक पूर्बाधार विकासको नाराः

विकासको नाममा यो धर्तिलाई विनाकारण धुजा-धुजा नपारौं,
भएका पूर्बाधारको स्तरोन्नती गरी प्राप्त सुविधा दीगो बनाऔं ।

## वातावरण तथा विपदको नाराः

कञ्चन खोला-नाला र डाँडाकाँडा ढाकीराख्ने हरियो वन,
स्वच्छ पानी र सफा बस्ती परिवर्तन गाउँपालिकाको धन् ।

## संस्थागत विकास र सेवा प्रवाहको नाराः

भ्रष्टाचार समाजको किरा सम्झी, यसलाई प्रबेश निषेध गरौं,
चौतर्फि सुशासनकालागि प्रतिबद्ध हुंदै जवाफदेहिपूर्ण कर्म गरौं ।

माथि उल्लेखित नाराहरू यो आवधिक योजनाको भिजन, समग्र लक्ष, विषयगत शिर्षकका लक्षहरू र उद्देश्यहरूका आधारमा तयार गरिएका हुन् । विकास र सम्बृद्धिका नारा यत्तिमा मात्र सिमित हुनुपर्छ भन्ने छैन । गाउँपालिकाले बिषय प्रसंगसंग मिल्ने र आफ्नो विकासको मुख्य गन्तव्यलाई सहयोग पुग्ने खालका अरु धेरै नाराहरू निर्धाण गर्न र प्रयोगगर्न सक्तछ ।

## सम्माननीय उपराष्ट्रपतिको शुभकामना

नेपालको ऐतिहासिक राजनैतिक परिबर्तन पछि स्थापित स्थानीय तहको आर्थिक सम्बृद्धि प्रतिको तिब्र चाहनालाई नेपालको संबिधान २०७२ ले प्रदेश र स्थानीय तहका सरकारलाई धेरै अधिकार प्रदान गरेको छ । स्थानीय सरकारका रूपमा नगर तथा गाउँपालिकाले नेपालको संविधान र तत्सम्बन्धी नीतिगत व्यवस्था बमोजिम सेवा प्रबाह तथा विकास निर्माण मार्फत जन आकांक्षा सम्बोधन गर्ने ऐतिहासीक जिम्मेवारी पाएका छन् ।

नेपालको संबिधान २०७२ र स्थानिय सरकार संचालन सम्बन्धी ऐन २०७४ र अन्य कानून तथा नेपाल सरकारको नीतिहरूमा व्यवस्था भए बमोजिम परिवर्तन गाउँपालिकाले आफ्नो गाउँपालिका स्तरीय पञ्चबर्षीय आवधिक योजना तयार गरेकोमा खुशी लागेको छ । मलाई बिश्वास छ, यो पञ्च बर्षीय योजना परिबर्तन गाउँपालकिाको समग्र बिकासको लागि कोशे ढुङ्गा साबित हुनेछ ।

यस पञ्चबर्षीय योजनाले आकलन गरेका कार्यक्रहरूले परिबर्तन गाउँपालिकामा आर्थिक बिकास, समाजिक विकास, पुर्बाधार विकास, वन वाताबरण तथा बिपत ब्यवस्थापन र संस्थागत तथा सुशासनको विकासका क्रियकलापहरू गाउँपालिकाको आफ्नो श्रोत साधन, बिभिन्न दातृ निकायहरूको सहयोग र अन्य संघ संस्थाहरूसंगको समन्वयमा आगामी पांच वर्षमा क्रमबद्ध रूपमा संचालन हुने अपेक्षा राखेको छु । म यसै गाउँपालिकाको बासिन्दा भएको नाताले पनि यस गाउँपालिको दीर्घकालिन बिकासका लागि यस पञ्चबर्षीय योजनाले दरिलो अधार निर्माण गर्न सकोस् भन्ने मेरो सदासयता रहेको छ ।

अन्त्यमा, यस पञ्चबर्षीय योजनाको निर्माण गरि व्यवस्थित, जनआकंक्षा अनुसारको बिकास पारदर्शि ढंगले उपलब्ध श्रोत साधनको अधिकतम सदुपयोग गरी विकास निार्माणका कार्यक्रमहरु संचालन गर्ने प्रयास भएको छ भन्ने मलाई लागेको छ । यो प्रयासले सुशासन र दीगो बिकासको लागि नमूनाकोरूपमा काम गर्ने छ भन्ने बिश्वास लिएको छु । यो योजना निर्माणमा संलग्न गाउँपालिकाका निर्वाचित पदाधिकारीहरू, विषयगत क्षेत्रका प्रमुख तथा प्रतिनिधि कर्मचारीहरू, स्थानीय संघ सस्थाका पदाधिकारिहरू तथा प्रतिनिधिहरू, तयार गर्ने विज्ञ समूह सहित सबैलाई हार्दि बधाई तथा शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद !

..................
नन्द बहादुर पुन
उपराष्ट्रपति

मिति २०७५ साल मार्ग ..... गते
काठमाण्डौं, नेपाल

## शुभकामना

ऐतिहासिक दशबर्षे जनयुद्ध र जनआन्दोलनको बलमा स्थापित संघीय गणतन्त्र नेपालका जनताका प्रतिनिधिहरूले बनाएको नेपालको संबिधान २०७२ को भावना अनुरुप देशमा तीन तहको सरकारको व्यवस्था स्थापना भई देश **शुखी नेपाली, सम्बृद्ध नेपाल** बनाउने अभियानमा अगाडी बडेको छ । देशमा सम्बृद्धिका लक्ष्य प्राप्तीको लागि स्थानीय सरकार संचालन गर्न आवश्यक पर्ने ऐन २०७४ निर्माण गरी स्थानीय विकास निर्माणका अधिकांश जिम्मेवारीहरू स्थानिय सरकारहरुलाई दिएको छ । जस अनुसार स्थानीय स्तरको आवश्यकता र स्रोत साधनहरूको पहिचान गर्दै जनचाहना अनुसारका योजना छनौट गर्ने, कार्यान्वयन गर्ने, अनुगमन तथा सुपरीवेक्षण गर्ने जिम्मेवारी स्थानीय सरकारको हुन आएको छ । यसै सन्दर्भमा रोल्पा जिल्लाको परिवर्तन गाउँपालिकाले पञ्चबर्षीय आवधिक योजना तयार पारी गाउँपालिकाको विकास निर्माणका कामहरू व्यवस्थित, पारदर्शि र सहभागितात्मक रूपमा संचालन गर्ने प्रयास गरेको थाहा पाउंदा खुशी लागेको छ ।

विकास निर्माणका हिसाबले तुलनत्मकरूपमा पछाडी परेको परिबर्तन गाउँपालिकाले यस अवधिक योजनामा समावेस भएका आर्थिक विकास, समाजिक विकास, पूर्बाधार विकास, वन वाताबरण तथा विपत व्यवस्थापन र संस्थागत तथा शुसासनको क्षेत्रमा गाउँपालिकाको आफ्नो श्रोत, साधन, बिभिन्न दातृ निकायहरूको सहयोग र अन्य संघ संस्थाहरूसंगको समन्वयमा तिब्र गतीमा संचालन गर्नेछ भन्ने बिश्वास गरिएको छ । यस गाउँपालिको दीर्घकालिन बिकासका लागि यो पञ्चबर्षीय योजनाले दरिलो अधार तयार गरी गाउँपालिकाको समग्र विकासको लागि पहिलो खुड्किलो बन्नेछ भन्ने मलाई विश्वास छ । म रोल्पा जिल्लाको निर्वाचित जनप्रतिनिधी र नेपाल सरकारको संघीय मन्त्रीको हैसियतले यस आवधिक योजनाको लागि आश्यक पर्ने थप साधन श्रोत जुटाउन आफ्नो तर्फबाट हरसम्भव प्रयास गर्ने छु ।

अन्त्यमा, यस पञ्चबर्षीय योजनाले यस गाउँपालिकाका जनताहरूको विकास निर्माणप्रतिको तिब्र आकंक्षालाई सकारपार्न उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरी आवधिक योजनाले निर्धारण गरेका विकास निार्माणका लक्ष्यहरू समय भित्रै सम्पन्न गर्ने प्रयास गरियोस् भन्ने मेरो सदासयता रहनेछ । गाउँपालिकाको योजनाबद्ध विकास अभियानले शुसासन र दिगो बिकासको लागि नमूनाकोरूपमा काम गर्ने छ भन्ने बिश्वास लिएको छु । यो योजना बनाउन संलग्न हुनुहुने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरू सहित सबै विज्ञ तथा सहजकर्ताहरूलाई हार्दि बधाई तथा शुभकाना ब्यक्त गर्दछु ।

हार्दिक अभिवादन सहित ।

....................................................

बर्षमान पुन<br>
मन्त्री,<br>
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय<br>
नेपाल सरकार

**शुभकामना**

नेपालको संबिधान २०७२ ले व्यवस्था गरे बमोजिम देशमा संघीय प्रणालीको स्थापना र संचालन गर्न बनेका बिभिन्न नियम कानूनहरू मध्ये स्थानीय सरकार संचालन ऐन २०७४ मा अधारित भई परिबर्तन गाउँपालिकाले विकास निर्माणका कार्यहरूलाई व्यवस्थित, पारदर्शि र सहभागितात्मक ढंगले जनचाहाना अनुसार संचालन गर्नको लागि दीर्घकालिन आवधिक योजना तयार गरेकोमा खुशी लागेको छ । यो आवधिक योजनाले गाउँपालिका स्तरको बिद्यमान क्षमता, चुनौती र अवसरहरूका आधारमा भबिश्यका लागि के कस्ता कार्यक्रमहरू गर्न सकिन्छ भन्ने बिषयमा दिशा बोध गराउने छ भन्ने मैले विश्वास लिएकी छु । गाउँपालिकाको समग्र विकासः आर्थिक बिकास, सामाजिक बिकास, पूर्बाधार बिकास, वन, वाताबरण तथा विपत व्यवस्थापन र संस्थागत शुसासनको लागि यो आवधिक योजना अधारशिला बन्नेछ भन्ने लागेकोछ ।

यो आवधिक योजना स्थानीय आवश्यकता र चाहनाका अधारमा तयार भएको कुरा यसको निर्माण प्रक्रियामा प्रष्ट गरिएको हुनाले यसको कार्यान्वयन पनि प्रभावकारी ढंगले हुनेछ भन्ने बिश्वास गरिएकोछ । यस आवधिक आयोजनाको कार्यान्वयनबाट यस क्षेत्रका जनताको विकासका आकंक्षाहरू ऋमागत रूपमा पुराहुदै जनेछन् भन्ने मेरो ठम्म्याई रहेकोछ । यो रणनीतिका योजनाको कार्यान्वयनबाट गाउँपालिकामा व्यवस्थित र योजनाबद्ध विकास प्रक्रियाको थालनी भई दीगो विकासको लक्ष्य प्राप्त गर्न सकिनेछ भन्ने मलाई लाग्दछ ।

अन्त्यमा म यसै जिल्लाको निवासी र यस क्षेत्रलाई प्रतिनिधित्व गर्ने संघीय संसदको सभासदभएकोले यस आवधिक योजनाले समेटेका बिभिन्न योजनाहरू संचालन गर्न आवश्यक पर्ने श्रोतको ब्यवाथा गर्न र अन्य प्राबिधिक क्षमता अभिबृद्धिको लागि आश्यक पहल गर्ने कुरामा प्रतिबद्ध छु । यो आवधिक योजना तयार गर्न गाउँपालिकाका निर्वाचित पदाधिकारी लगायत बिषयगत कर्मचारीहरू र योजना तयार गर्ने परामर्सदाता संस्था तथा विज्ञ टोली प्रति हार्दिक बधाई तथा शुभकाना ब्यक्त गर्दछु ।

....................................

ओनसरी धर्तिमगर
निवर्तमान सभामख -संघीय संसद,
वर्तमान संघीय सांसद
तथा ५ नं. प्रदेश अध्यक्ष - नेपाल कम्युनिष्ट पार्टि

**शुभकामना**

नेपालको संबिधान २०७२ को व्यवस्था र स्थानिय सरकार संचालन ऐन २०७४ को भावना अनुरुप परिबर्तन गाउंपालिकाले  आफ्नो क्षेत्रमा विकास निर्माणका कार्यहरूलाई ब्यवस्थि, पारदर्शि र सहभागितात्मक ढंगले संचालन गर्नको लागि  दीर्घकालिन योजना तयार गरेकोमा प्रशन्नता ब्यक्त गर्दछु । यो योजनाले गाउँपालिका स्तरको बिद्यमान क्षमता, कम्जोरी, चुनौती, र अवसरहरूको बिश्लेण गरी तयार गरिएको कुरा यसको र्निाण प्रक्रियाबाट थाहा पाउंदा यो योजना स्थानीय यतार्थताको जगमा तयार भएकोछ भन्ने ठानेको छु । गाउँपालिकाको चौतर्फि विकसका सम्भावनालाई उजागर गरी प्राथमिकिकरण गरिएको यो आवधिक योजना  ब्यवस्थित र योजनाबद्ध विकासको लागि अधारशिला बन्नेछ भन्ने लागेको छ ।

आवधिक योजना एकपटक बनाएर संधैका लागि हुने दस्तावेज हैन । यो त निरन्तर रूपमा चलिरहने प्रकृया हो । यो प्रकृयाको थालनी यस गाउँपालिकाले गरेको छ । यसलाई बीचमा पुनरावलोकन गर्ने तथा यसको अवधि सकिनुभन्दा अगावै अर्को योजना वनाउनेतर्फ पनि गाउँपालिकाले बिचार गर्ने छ भन्ने विस्वास लिएको छु । यस आवधिक आयोजनाको कार्यान्वयनबाट यस क्षेत्रका जनताको विकासको आकंक्षाहरू प्राथमिकता क्रम अनुसार क्रमशः पुरा हुंदै जानेछन् भन्ने मलाई विश्वास छ । यो योजनाको कार्यान्वयनबाट गाउंपालिकामा ब्यवस्थित र योजनाबद्ध बिकास प्रक्रियाको थालनी र  शुसासनको प्रत्याभुति हुने कुरामा म विश्वस्त छु ।

म यस जिल्लाको बासिन्दा र यसै क्षेत्रबाट निर्वाचित प्रदेशसभाको सभाशद पनि भएकोले यस योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतहरू जुटाउन हरसम्भव प्रयास गर्ने छु । अन्तमा यो योजना तयार गर्ने कार्यमा संलग्न हुने सम्पुर्णलाई धन्यवाद सहित यस योजनाको सफल कार्यान्वयनको लागि शुभकाना ब्यक्त गर्दछु ।

....................................

शिजल पुन
प्रदेश सभासद, रोल्पा
प्रदेश नं. ५

**शुभकामना**

नेपाली जनताको आफ्नो विकास आफै गर्ने बर्षौंदेखिको आकंक्षा पुरा गर्न नेपालको संबिधान २०७२ मा नेपालमा संघीय गणतन्त्रात्मक शासन प्रणलीको सुनिश्चिता गरी तीन तहको सरकारको अवधारणको उदघोश गरिएको छ । संघीय शासन प्रणलीको कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ। सोही अनुरुप परिबर्तन गाउंपालिकाले आफ्नो क्षेत्रमा विकास निर्माणका कार्यहरूलाई ब्यवस्थि, पारदर्शि र सहभागितात्मकढंगले संचालन गर्नको लागि दीर्घकालिन आवधिक योजना तयार गरेको कुरा थाहा पाउंदा म अत्यान्त खुशी छु। रोल्पा जिल्लाको यो गांउपालिका बर्षौं देखि विकास निर्माणका हिसाबले ओझेलमा पारिएको थियो । यस योजनाले यस क्षेत्रको बिकट भुगोल र निर्दोष मेहनती जनता माझ विकासका किरणहरू छर्ने काममा टेवा पुऱ्याउनेछ भन्ने बिश्वास गरेकोछु। यो योजना गाउँपालिका स्तरको बिद्यमान क्षमता, कम्जोरी, चुनौती र अवसरहरूको विश्लेषण गरी तयार भएको मैले पाएको छु । गाउँपालिकाको सर्बाङगिण विकास निर्माणको अभियानलाई यो योजानाले ब्यवस्थित खाकामा ढाली, प्राथमिकता सहितका योजनाहरू बनाएकोले गाउंपालिकामा यो आवधिक योजनाको कार्यान्वयनबाट ब्यवस्थित र योजनाबद्ध बिकासको शुरुवात हुनेछ भन्ने लागेको छ।

यस आवधिक योजनाको कार्यान्वयनबाट यस क्षेत्रका जनताको विकासका आकंक्षाहरू पुरा हुदै जानेछन् भन्ने बिश्वास लिएको छु। यो योजनाको कार्यान्वयनबाट गाउँपालिकामा ब्यवस्थित र योजनाबद्ध बिकास प्रक्रियाको थालनी भई जनताले महसुस गर्न सक्नेगरी शुसासन सहतिको दीगो बिकासको थालनी हुने छ । म यस क्षेत्रमा जन्मी यहीको वनपाखो र ओराली उकाली गर्दै आफ्नो सामाजिक र राजनीतिक जीवनको शुरुवात यहीबाट गरेको हुनाले यस क्षेत्रको ब्यवस्थित र योजना बद्ध विकाससंग मेरो भावनात्मक सम्बन्ध छ। त्यसकारणले पनि गाउँपालिकाको विकास निर्माणको यस महान अभियानमा मेरो तर्फबाट पुर्णरूपले सहयोग हुने छ ।

अन्तमा यो योजना तयार गर्ने कार्यमा संलग्न हुने गाउँपालिकाका निर्वाचित पदाधिकारी लगायत सम्पुर्णलाई धन्यवाद सहति शुभकाना ब्यक्त गर्दछु ।

....................................

जयापुरी घर्ती
सभापती -...... समिति
संघीय सांसद

## दूई शब्द

बि सं २०७२ को संविधान अनुसार देश संघियतामा गईसकेको सन्दर्भमा विकास निर्माणका सबै चरणहरूमा स्थानीय सरकार जिम्मेवार छ । स्थानीय स्तरको स्रोत साधनको पहिचान गर्दै जनचाहना अनुसारका योजना छनोट गर्ने, कार्यान्वयन गर्ने, अनुगमन तथा सुपरीवेक्षण गर्ने जिम्मेवारी स्थानीय सरकारको हुन आएको छ। संघीय तथा प्रादेसिक संरचनाहरूबाट विभिन्न नीति निर्देशिका र कार्यविधीहरू समेत तयार पारी स्थानीय सरकारलाई सशक्त बनाउनमा सहयोग भै रहेका छन् । यसै व्यवस्था अनुरूप परिवर्तन गाउँपालिकाले गाउँपालिकाको पञ्चबर्षीय आवधिक योजना तयार पारी सबै सचेत जनसमुदाय सामु पुऱ्याउने प्रयास गरेको छ ।

उक्त पञ्चबर्षिय योजना तयार गर्न ईनोभेटिभ डेभेलोपमेन्ट कन्सल्ट (Innovative Development Consult), सुलिचौर, रोल्पा लाई परामर्शदाता संस्थाको रूपमा नियुक्त गरिएकोमा उक्त संस्थाले पञ्चबर्षीय योजना तर्जुमाका सबै प्रकिया तथा कामहरू पुरा गरी यस गाउँपालिकाको पञ्चबर्षीय आवधिक योजना तयार पार्ने काम सम्पन्न गरेको छ । परामर्शदाता संस्थाले यो जोजना निर्माण गर्ने क्रममा बिभिन्न कार्यक्रमहरू गरी यस गाउँपालिका भित्रका विकासका सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, शैक्षिक, प्राकृतिक लगायत विभिन्न पक्षहरू र गाउँपालिकाको प्राथमिकतालाई समेत विश्लेषण गरी सोहि अनुसारका कार्यक्रमहरू योजना दस्तावेजमा समेट्ने प्रयास गरेको छ ।

प्रस्तुत पञ्चबर्षीय योजना तयारगर्ने क्रममा सूचना तथा तथ्याङ्क उपलब्ध गराउने, आ-आफ्ना धारण राख्ने, योजनाका प्राथमिकता तोक्ने तथा योजना तर्जुमा प्रकृयामा सहभागि हुनुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, गाउँबासी, जानिफकार व्यक्तिहरू, सम्पूर्ण सरकारी कार्यालय तथा यससंग सम्बन्धित कर्मचारीहरू, विभिन्न संघसंस्थाहरू, गाउँका सम्पूर्ण विद्धत वर्गहरू र परामर्सदाता संस्थाका विज्ञ समूह प्रति गाउँपालिका कार्यालय हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछ ।

| | | |
|---|---|---|
| ............................ | .................... | ........................ |
| **नन्दराम परियार** | **श्री हितकमारी बुढा** | **निमकान्त डांगी** |
| **प्रमुख प्रशासकीय अधिकृत** | **उपाध्यक्ष** | **अध्यक्ष** |
| **परिवर्तन गाउँपालिका** | **परिवर्तन गाउँपालिका** | |
| **गाउँकार्यपालिकाको कार्यालय** | | |

मिति २०७५ साल मार्ग ..... गते
पुतलाचौर, रोल्पा

**यो पञ्चबर्षिय योजना दस्ताबेजको बारेमा,**

नेपालको संबिधान २०७२ ले स्थानीय लगायत तीन तहका सरकारको व्यवस्था गरेको र स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारको आवधिक योजना तर्जुमाका लीग निर्देसित गरे अनुरुप परिवर्तन गाउँपालिका कार्यालय र ईनोभेटिभ डेभेलोपमेन्ट कन्सल्ट, सुलिचौर, रोल्पा बिच सम्झदारीभई सम्झौता भए बमोजिम निश्चित प्रक्रिया तथा चरणहरू पुरागरी यो आवधिक योजनाको दस्तावेज तयार गरिएको छ ।

यस सन्दर्भमा गाउँपालिकाको कार्यालयले निर्देशित गरेको कार्य बिवरणलाई यो योजना बनाउने आधारको रूपमा लिईएको छ । सोही कार्यबिवरण अनुसार यो आवधिक योजना निर्माण गर्दा ईनोभेटिभ डेभेलोपमेन्ट कन्सल्टले परिचालन गरेका विज्ञहरूकोटोलीले गाउँपालिकामा उपलब्ध भएका बिभन्न दस्ताबेजहरू अध्ययन गरेका छन् । गाउँपालिको वस्तुगत विवरण, बिगत आर्थिक बर्षको कार्ययोजना, परिवतर्न गाउँपालिकाको ऐन कानूनको संगालो र अन्य उपलब्ध दस्तादेजहरूले यस गाउँपालिकाको सामाजिक, आर्थिक, भौगोलिक, जानसांखिक, पूर्बाधारहरू, प्राकृतिक श्रोत र उपभोगको अवस्था लगायतका बिषयको प्रयाप्त जानकारी गराएका छन् । यिनै जानकारीका आधारमा गाउँपालिकाको समग्र अवस्था बिश्लेषण गरी पञ्चबर्षीय आवधिक योजनाको खाका तयार गरिएको हो ।

गाउँपालिकाको कार्यकारी परिषदमा भएको पहिलो अभिमुखीकरण पश्चात विज्ञहरूको टोलीले छानिएका वडा र स्थानहरूको स्थलगत भ्रमण गरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वार्ड अध्यक्षहरू, वडा सदस्यहरू र क्षेत्रगत तथा बिषयगत कर्मचारीहरू माझ आवधिक योजनाको आवश्यकता, कसरी बनाउने ? के कस्ता प्रक्रिया तथा चरणहरू अपनाउंने ? र यसको प्रयोजन के हुन्छ ? भन्ने बिषयमा अभिमुखीकरण गरिएको थियो । यसको साथै सबै वार्डहरूमा सम्बन्धित सरोकारवालाहरूको भेला बोलाई वडाको आर्थिक बिकास, सामाजिक सेवा, पुर्बाधारहरूको अवस्था, वन तथा वाताबरण र विपत व्यवस्थापनका बारेमा लामो छलफल भएको थियो । यस्ता भेलाहरूबाट संस्थागत बिकास तथा शुसासनका बिषयमा आधारित भै क्षेत्रगत हिसाबमा सवल पक्ष, सुधार गनुपर्ने पक्ष, अवसर र चुनौतीहरूको समेत निर्क्यौल गरिएको थियो । सोही कार्याशालाबाट आगामी पांच बर्षका लागि गर्नुपर्ने महत्वपुर्ण कार्यक्रमहरूको प्राथमिकताक्रम निर्धारण गरी अनुमानित बजेट सहितको योजनाको खाका तयार गरिएको थियो ।

यो आवधिक योजना एघारवटा परिच्छेदमा बिभाजित गरीकाएको छ । पहिलो परिच्छेदमा आवधिक योजनको परिचय राखिएको छ जसले आवधिक योजनाको उद्देश्य, कानुनी आधारहरू, आवधिक योजना तर्जुमा प्रकृया र यसका सिमाहरू उल्लेख गरेको छ । त्यस्तै परिच्छेद दुईमा गाउँपालिकाको बस्तुस्थिति विश्लेषण गरिएको छ ।

परिच्छेद तीनदेखि परिच्छेद आठसम्म बिषयगत शिर्षक अन्तरगत पांच बर्षका विकास योजना र मोटामोटि बजेट प्रस्तुत गरिएको छ । उदाहरणका लागि परिच्छेद तीनमा योजना निर्माणका लागि गाउँपालिकाको आफ्नै र सबैको पहलबाट बाहिरबाट आउंन सक्ने स्रोतको आँकलन गरिएको छ । त्यसै गरी परिच्छेद चारदेखि आठसम्म बिषयगत शिर्षक अन्तरगतका योजनाहरूको विस्त्रित खाका प्रस्तुत गरिएको छ । जस्तै परिच्छेद चारमा आर्थिक विकास शिर्षक अन्तरगतको योजना र बजेटको बिस्त्रित खाका उल्लेख भएको छ । परिच्छेद पांचमा सामाजिक विकास, परिच्छेद छमा पूर्बाधारको विकास, परिच्छद सातमा वन,

वातावरण तथा विपद व्यवस्थापन र परिच्छेद आठमा संस्थागत विकास र सेवा प्रवाहको बिस्तृत योजना तथा बजेट उल्लेख गरिएको छ ।

परिच्छेद नौमा सबै बिषयगत शिर्षकहरूको बार्षिक रूपमा एकिकृत गरिएको योजना र बजेट उल्लेख भएको छ । यो कुनै नयां योजना र बजेट हैन । प्रयोगकर्ताहरूलाई सजिलो होस् भन्ने आसयले परिच्छेद चारदेखि परिच्छेद आठसम्ममा उल्लेख भएका योजना र बजेटलाई नै बार्षिक रूपमा एकिकृत गरी यस परिच्छेदमा राखीएको हो । परिच्छेद दशमा अनुगमन तथा मूल्यांकनका केही सैद्धान्तिक पक्षहरू उल्लेख गर्दै प्रभावकारी अनुगमनको खाका प्रस्तुत गरिएको छ । अन्त्यमा परिच्छेद एघारमा आवधिक योजनाको आधार तत्थ्यांक सहितको समग्र नतिजा तालिका प्रस्तुत गरिएको छ । यो तालिकामा अनुगमन तथा मूल्यांकनकालागि सबै लक्ष तथा उद्देश्यहरूका सूचकहरू दिएको छ जसका आधारमा गाउँपालिकाले प्रभावकारी अनुगमन तथा मूल्यांकनको जोजना बनाई कार्यान्वयनगर्न सक्तछ भन्ने विश्वास लिईएको छ।

**यो आवधिक योजना निर्माण गर्दा योगदान दिने संस्था तथा व्यक्तिहरू:**
डा नानी राम सुबेदी, स्वतन्त्र परामर्शदाता, काठमाण्डौं
श्री शिवराज पोखरेल, विद्यावारिधि विद्यार्थी, त्रिभुवन विश्वबिद्यालय, काठमाण्डौं
श्री धन बहादुर ऐर, स्वतन्त्र परामर्शदाता, काठमाण्डौं
श्री उपेन्द्र ढुङ्गेल, स्वतन्त्र परामर्शदाता, भक्तपुर
श्री रमेश श्रेष्ठ, स्वतन्त्र परामर्शदाता, प्यूठान

डा नानी राम सुबेदीले यो आवधिक योजना कसरी निर्माण गर्ने भन्ने सन्दर्भमा अभिमुखिकरण तथा संकलित जानकारीहरूका आधारमा योजनाको दस्तावेज तयार गर्ने कामको अगुवाई गर्नुभयो । त्यसैगरी श्री शिवराज पोखरेलले अभिमुखिकरण गोष्ठिमा आफ्नो योजना निर्माण सम्बन्धी लामो अनुभव बताई यो प्रकृया अगाडि बढाउन महत्वपूर्ण योगदान दिनु भयो । त्यसैगरी श्री धन बहनदर ऐर, श्री उपेन्द्र ढुङ्गेल र श्री रमेश श्रेष्ठले वडा स्तरीय गोष्ठि तथा छलफलहरूलाई सहजिकरण गरी एउटा निश्कर्षमा पुग्नका लागि महत्वपूर्ण योगदान गर्नु भयो । यसरी विज्ञ टोलिका सबै सदस्यहरूको योगदानबाट यो आवधिक योजना दस्तावेज तयार गरिएको हो ।

अन्त्यमा पञ्चबर्षीय आवधिक योजना जस्तो महत्वपूर्ण दस्तावेज तयारगर्ने कामको जिम्मा ईनोभेटिभ डेभेलोपमेन्ट कन्सल्ट, सुलिचौर, रोल्पालाई दिनुभएकोमा म यो संस्थाको कार्यकारी निर्देशकको हैसियतले परिवर्तन गाउँपालिकाका अध्यक्ष श्री निमकान्त डांगी, उपाध्यक्ष श्री हीतकुमारी बुढा, कार्यकारी अधिकृत श्री नन्दराम परियार, सबै वडा अध्यक्षहरू तथा समस्त गाउँपालिका परिवार प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसैगरी यस कामकालागि समय दिनुहुने डा नानी राम सुबेदी लगायत सबै विज्ञ मित्रहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । धन्यवाद ।

..................
श्री खगेन्द्र बिष्ट
कार्यकारी निर्देशक
ईनोभेटिभ डेभेलोपमेन्ट कन्सल्ट, सुलिचौर, रोल्पा

# विषय सूची


| संकेत नं | बिषय वस्तु | पेज |
|---|---|---|
| १ | परिचयः पृष्टभूमि, औचित्य, नीतिगत ब्यवस्था, प्रक्रिया र सिमाहरु | २ |
| २ | बस्तुस्थिति बिश्लेषणः परिवर्तन गाउँपालिकाको समग्र अवस्था | ९ |
| ३ | आवधिक योजनाको मार्ग-चित्र | १८ |
| ३.१ | आवधिक योजनाको लक्ष तथा उद्देश्यहरू | १९ |
| ३.२ | स्रोतको आँकलन | २५ |
| ४ | बिषयगत योजना र बजेट - आर्थिक विकास | २८ |
| ५ | बिषयगत योजना र बजेट - सामाजिक विकास | ४० |
| ६ | बिषयगत योजना र बजेट - पूर्बाधार विकास | ४९ |
| ७ | बिषयगत योजना र बजेट - वातावरण तथा विपद | ५८ |
| ८ | बिषयगत योजना र बजेट - संस्थागत विकास र सेवाप्रवाह | ६७ |
| ९ | एकिकृत बार्षिक योजना र बजेट | ७४ |
| ९.१ | एकिकृत बार्षिक योजना र बजेट बर्ष - १ (आ व २०७४।७५) | ७४ |
| ९.२ | एकिकृत बार्षिक योजना र बजेट बर्ष - २ (आ व २०७५।७६) | ७८ |
| ९.३ | एकिकृत बार्षिक योजना र बजेट बर्ष - ३ (आ व २०७६।७७) | ८३ |
| ९.४ | एकिकृत बार्षिक योजना र बजेट बर्ष - ४ (आ व २०७७।७८) | ८७ |
| ९.५ | एकिकृत बार्षिक योजना र बजेट बर्ष - ५ (आ व २०७८।७९) | ९० |
| १० | अनुगमन तथा मूल्यांकन | ९५ |
| ११ | आवधिक योजनाको नतिजा तालिका | ९८ |
| | परिशिष्ट १: गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरूको नामावली | १०५ |
| | परिशिष्ट २: गाउँपालिकाका बिषयगत समितिहरूको नामावली | १०६ |
| | परिशिष्ट ३: गाउँपालिकको मोटरबाटो र जलविद्युत योजनाहरुको सूची | १०७ |

# परिच्छेद १: परिचय

## १.१ पृष्टभूमि

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसै व्यवस्थालाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी गरी गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिलाई स्थानीय तहको रूपमा परिभाषित गरेको छ। स्थानीय सरकारका रूपमा स्थापना गरिएका यी निकायहरूमा राज्यको कार्यकारी अधिकार प्रदान गरी पूर्ण अधिकार सहितको स्थानीय सरकारको परिकल्पना गरिएको छ । यस्तो सरकारले जनतालाई सरल रूपले सेवा प्रवाह गर्नेछ भन्ने संवैधानिक व्यवस्था र परिकल्पना रहेको पाईन्छ । स्थानीय तहका सबै प्रकारका विकासका काम गर्नकोलागि जिम्मेवारी प्राप्त गरेका यी निकायहरूले जनताको सर्वाधिक नजिकको साझेदार भएर काम गर्न सुरुवात गरिसकेका छन् । गाउँपालिका स्थानीय तहको पहिलो र स्थानीय जनताको सबैभन्दा नजिक रहेको स्वायत्त गाउँसरकारको रूपमा रहेकोछ । तथापि गाउँपालिकाले आफ्नो क्षेत्रको सबैखाले विकासको प्रक्रियालाई अघि बढाउने क्रममा निर्देशित कानुनी दायराको पालना गर्नुपर्ने हुन्छ । यसका लागि गाउँपालिकाले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा आफ्नो क्षेत्रमा भौतिक, आर्थिक तथा सामाजिक विकासको नेतृत्व गर्ने उल्लेख गरेको छ ।

यस्ता व्यवस्था र राज्यको परिकल्पना अनुसार गाउँपालिकाले आफ्नो जिम्मेवारीलाई सरल र प्रभावकारी रूपले पुरा गर्नका लागि आफ्नो क्षेत्रको वार्षिक योजना र बजेट तर्जुमा गर्नु एउटा प्रमुख काम रहेको छ । यस्तो योजनालाई पारदर्शि, दीर्घकालिन सोचबाट निर्देसित र प्राथमिकतामा आधारित बनाउनका लागि निर्वाचनबाट आएका जनप्रतिनिधिहरूको पूर्ण अवधिका लागि एउटा आवधिक पंचबर्षीय योजना बनाउनु अपरिहार्य हुन जान्छ। स्थानीय सरकार संचालन ऐनले पनि स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ अवस्थालाई विश्लेषण गरी वस्तुपरक ढंगले गुरुयोजना वा पञ्चबर्षीय योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ ।

गाउँपालिकाले यो जिम्मेवारी पुरा गर्दा आफ्नो गाउँको आवधिक पञ्चबर्षीय योजना तर्जुमामा सहभागितामूलक प्रक्रिया अपनाउनु पर्ने र नतिजामूलक ढंगले योजनाहरूको छनौट र प्राथमिकिकरण गर्नु पर्नेगरी निर्देशन प्राप्त गरेको छ । यसका लागि गाउँपालिकाले यस अगाडि नै तयार पारेको आफ्नो पार्श्व चित्र (वस्तुगत विवरण) मा आधारित हुँदै गाउँपालिकासँग सम्बन्धित सबै किसिमका तथ्य, तथ्याङ्कको विश्लेषण गरी सहभागितात्मक ढंगले योजना तर्जुमा हुन सकेको अवस्थामा मात्र योजनाहरू वस्तुनिष्ठ हुन सक्तछन् भन्ने कुरा राज्यले परिकल्पना गरिएको छ ।

गाउँपालिकाको बस्तुगत विवरणको साथसाथै पञ्चबर्षीय योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष, उद्देश्य र समय सिमा समेतको अनुकुल हुने गरी तर्जुमा गर्नु पर्ने हुन्छ । यसका साथै सुशासन, बालमैत्री, जलवायु परिवर्ततन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेसिकरण जस्ता अन्तरसम्बन्धित बिषयहरूलाई समेत ध्यान दिनु पर्ने हुन्छ ।

## १.२ गाउँपालिकाको आवधिक योजनाको औचित्य

वर्तमान ऐन तथा नियमावलीहरूले गाउँपालिकाका बिषयगत समितिहरूलाई स्थानीयस्तरमा योजनाहरू सहभागितात्मक पद्धतिको माध्यमबाट तर्जुमा गरी कार्यान्वयन गर्नको लागि एक केन्द्रविन्दुका रूपमा स्थापित गरेको छ । तीनै बिषयगत समितिका सदस्यहरूको अगुवाईमा तयार हुने गाउँपालिको आवधिक योजना यस्तो दस्तावेज हो जसले गाउँपालिकाको विकास प्रयासलाई एउटा निश्चित दिशाबोध गर्दछ । गाउँपालिकाको समग्र वस्तुस्थितिलाई विश्लेषणगरी तयार पारेको पञ्चबर्षीय योजनाले बार्षिक योजनाको छनौट तथा प्राथमिकिकरण गर्न सजिलो बनाउंदछ ।

परिवर्तन (दुईखोली) जस्तो दुर्गम गाउँपालिकामा केन्द्र तथा प्रादेसिक सरकारबाट आउने नीयमित अनुदान र आफ्नो आम्दानीका स्रोतहरूबाट मात्र स्थानीय जनताले चाहना गरे अनुसारका विकासका योजनाहरू सम्पन्न गर्न कठिनाई हुन्छ । बस्तुपरक ढंगले तयार पारेको पञ्चबर्षीय योजना छ भने आफ्नो नीयमित स्रोत बाहेक प्रदेशसरकार, केन्द्र सरकार र अन्य स्वदेसी तथा बैदेसिक संघ संस्थाहरूबाट आशा गरिएका योजनाहरू माग गर्न र आफ्नो मागलाई पुष्टिगर्न यस दस्तावेजले एउटा बलियो आधार प्रदान गर्दछ ।

त्यसैगरी गाउँ वा जिल्लामा कामगर्ने स्वदेसी तथा बिदेसी गैरसरकारी निकायहरूलाई एक द्वार प्रणलिमा विकास साझेदारका रूपमा ल्याउने र गाउँपालिकाले तोकेको प्राथमिकतामा कामगर्ने वातावरण मिलाउन पनि यस प्रकारको योजनाले सहयोग गर्दछ । त्यस्ता संघ संस्थाहरूलाई गाउँपालिकाले पाँच बर्षका लागि तोकेका कार्यक्रम र प्राथमिकतामा योगदान पुग्ने गरी काम गर्न यो दस्तावेजले निर्देशित गर्दछ ।

समग्रमा गाउँपालिकाको आवधिक योजना भनेको गाउँपालिकाको विकासको मार्ग चित्र हो । यसले आगामि पाँच बर्षको प्राथमिकता, मोटामोटि रूपमा आँकलन गरिएको बजेट तथा आम्दानीका स्रोतहरू समेतको किटान गर्ने हुनाले हरेक बर्ष बार्षिक योजना तर्जुमा गर्ने समयमा के गर्ने ? कहां गर्ने ? जस्ता विवादका बिषयहरू आउंन पाउंदैनन् । आवधिक योजनाले जनप्रतिनिधिहरूमाथि हरेक बर्ष बार्षिक योजना बनाउने समयमा आउंने अनावश्यक दवावलाई कमगर्न पनि सहयोग गर्छ किनभने बार्षिक योजनाको छनौट र बजेट विभाजन आवधिक योजनाको आधारमा गरिन्छ जसलेगर्दा बार्षिक योजना प्रकृया पारदर्शि, व्यवस्थीत र छिटो निर्माण गर्न सकिने खालको हुन जान्छ ।

आवधिक योजना निर्माण गर्ने काम आफैंमा जनतालाई सुशुचित गर्ने एउटा प्रक्रिया हो । आवधिक योजनाले आफ्नै गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूलाई जे मनलाग्यो त्यही गर्नबाट रोक्तछ । यस प्रकारको योजनाले उपलब्ध भएको सिमित स्रोत साधनको अधिकतम उपयोग गर्ने गरी बार्षिक कार्यक्रमहरूलाई क्रमबद्ध र चरणबद्ध योजनाको ढांचामा ढाल्दछ जसले गर्दा गाउँपालिकाको स्रोत संकलन र प्राप्त स्रोतको खर्चलाई व्यवस्थित र पारदर्शि बनाउन सहयोग पुग्दछ । यसरी पारदर्शि भएर स्रोतको सदुपयोग गर्नु भनेको शासन प्रणलिलाई सुशासनतर्फ अगाडि बढाउनु पनि हो । त्यसैले भन्छि कि आवधिक योजना र सोही अनुरूपको बार्षिक योजना बनाउने परिपाटि बसाल्नु भनेको सुशासनको एउटा आधार स्तम्भ खडा गर्नु वा बलियो बनाउनु पनि हो ।

## १.३ उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टीगत विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र तोकिएको लक्ष्य प्राप्त गर्नकालागि आवश्यक सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान गरी परिभाषित गर्ने मार्गचित्र सहितको दस्तावेज नै आवधिक योजना हो । यस्तो आवधिक योजनाले निश्चित अवधिकालागि विकास र निर्माणको सन्दर्भमा गाउँपालिकालाई आफूले चाहेको गन्तव्यतर्फ डोऱ्याउने काम गर्दछ । गाउँपालिका वाहेक स्थानीय स्तरमा कार्यरत सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा नीजि क्षेत्रलाई समेत एउटै धारमा ल्याई गाउँपालिकाकाको नेतृत्वमा योजनाबद्ध र एकीकृत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक गाउँविकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । समग्र उद्देश्यहरू बुंदागत रूपमा यस प्रकार राखिएकाछन्:

(१) गाउँपालिकाले स्थापित गरेको गाउँ पार्श्वचित्रका आधारमा गाउँपालिका क्षेत्रको विकास तथा परिवर्तनको दीर्घकालिन सोच, निर्धारित अवधिको लक्ष, रणनीति, कार्यनीति र लगानिको प्राथमिकता निर्धारण गर्ने ।

(२) गाउँपालिका क्षेत्र भित्र रहेका र बाहिरबाट आउंन सम्भव देखिएका श्रोतको अवस्था विश्लेषण र आँकलनगरी गाउँपालिकाबासी तथा सरोकारवालाको चाहाना तथा सहभागितात्मक छलफलका आधारमा गाउँ विकासको पाँच बर्षको खाका तयार गर्ने ।

(३) गाउँपालिकाको प्रयासलाई मार्गदर्शन गर्ने (बाटो देखाउने) सन्दर्भमा आशा गरिएका उपलब्धिहरू प्राप्त गर्नका लागि आवश्यक पर्ने रणनीति तथा कार्यनीति र आगामि पाँच बर्षका लागि प्रमुख कार्यक्रमहरू निश्चित गर्ने ।

(४) गाउँपालिका क्षेत्रको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासकालागि साझेदार तथा सरोकारवालाहरूलाई एकैथलोमा राखि विकासमा साझा उत्तरदायित्व सिर्जना गर्न उत्प्रेरित गर्ने औजार तयार पार्ने ।

(५) आगामि पाँच बर्षसम्म गरिने काम र नीति सम्बन्धि छलफलका माध्यमबाट सबै तहका सरकार तथा प्रशासन जनताका सेवक हुन् भन्ने कुराको विश्वस्नीयता बढाउने ।

(६) गाउँपालिकाको विकास प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका, सूचक तथा जिम्मेवारीको (के कामको अनुगमन, सकले, के का आधारमा र कहिले गर्ने) निश्चित गर्ने ।

## १.४ आवधिक योजना सम्बन्धि कानुनी तथा नीतिगत ब्यवस्था

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई अधिकार सम्पन्न र स्वायत्त सरकारका रूपमा स्थापित गरेको छ । यसै संवैधानिक आधारमा निर्मित स्थानीय सरकार संचालन ऐन २०७४ ले थप स्पष्टता ल्याउने प्रयास गरेको छ । नेपालमा संघीय पद्धतिको पहिलो प्रयास भएको हुंदा यस्ता कानुनी व्यवस्थाहरू अझै पनि वन्दैजाने र व्यवस्थित हुंदै जाने क्रममा छन् ।

संघीय व्यवस्थामा स्वभावैले स्पष्ट हुन्छ कि स्थानीय सरकारले आफ्नो दीर्घकालिन योजनाहरू बनाउनु पर्दछ तर त्यस्ता योजना र नीतिहरू नेपालको संविधान, यस अन्तर्गतका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, राज्यले अख्तियार गरेको विकास नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेशस्तरीय कानून तथा स्थानीय सरकार आफैले बनाएका कानून र नीतिले निर्धारण गरेको विकासको बृहद मार्गचित्र भित्र रही यस्ता कानुनी तथा नीतिगत व्यवस्था प्रतिकुल नहुने गरी बनाउनु पर्दछ । संघ र राज्यको नीति एकातिर र स्थानीय सरकारको योजना अर्कैतिर हुन सक्तैन । यसका साथै आवधिक योजना बनाउंदा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरू, जस्तै - सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समेत यथेष्ट ध्यान दिनु पर्ने हुन्छ । यीनै नीतिगत व्यवस्था अनुसार गाउँपालिकाले आवधिक योजना बनाउँदा ध्यान दिनु पर्ने पक्षहरूलाई बुंदागत रूपमा यस प्रकार राखीएका छन्:

(१) गाउँपालिकाले आवधिक योजना तर्जुमा गर्दा स्थानीय बुद्धीजिवि, विषयविज्ञ, समाजका अनुभवी व्यक्तित्वहरू, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, यूवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागिता गराउनु पर्ने हुन्छ ।

(२) गाउँपालिकाको आवधिक योजना तर्जुमागर्दा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची, प्राथमिकता, कार्यान्वयन गरिने बर्ष र सम्भाव्य स्रोतको समेत आँकलन गरी आवधिक योजनाले निर्दिष्ट गरेका प्राथमिकताका आधारमा बार्षिक योजना बनाउने परिपाटिलाई सुनिश्चित गर्नुपर्ने हुन्छ।

(३) आवधिक योजनामा आयोजनाहरूको मोटामोटी संभाव्यता अध्ययनको आधारमा आवश्यकपर्ने स्रोत र साधनको पूर्वानूमान, केन्द्र सरकार, प्रादेसिक सरकार तथा अन्य संघ संस्थाहरूको समेत स्रोतको अपेक्षा हो भने त्यस्ता आयोजनाहरूमा साझेदारीको विश्वसनीय आधार खुलाउनुपर्ने हुन्छ ।

(४) केन्द्र वा प्रदेश सरकारले गाउँपालिका क्षेत्रभित्र विशेष योजनाका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरीसकेका आयोजनाहरू सोही प्रक्रिया बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसका लागि आवधिक योजनामा राखीरहनु पर्दैन तर त्यस्ता आयोजनाहरूमा गाउँपालिकाले गर्नुपर्ने समन्वय र सहजिकरणको काम आवधिक योजनामा राख्नुपर्ने हुन्छ ।

(५) जुनसुकै स्तरको सरकारको लगानीमा स्थानीयस्तरमा कार्यान्वयन गरिएका विकास आयोजनाहरूको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको काम स्थानीय सरकारको हुने हुंदा यो पक्ष र जिम्मेवारीलाई आवधिक योजनाले पथ प्रदर्शन गर्न सक्नुपर्दछ ।

(६) गैरसरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने कानूनी व्यवस्थालाई आवधिक योजनाले आत्मसात गर्नु पर्नेहुन्छ ।

(७) नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँगको समन्वयमा काम गर्नुपर्ने कुरालाई आवधिक योजनाले थप जोड दिनुपर्ने हुन्छ ।

यस परिवर्तन गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा संवैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन सम्बन्धी कानूनका अतिरिक्त देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरूलाई कानुनी आधारका रूपमा लिइएको छ :

- दिगो विकासका लक्ष्यहरू (सन २०१५-२०३०)
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरू
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू

## १.५ आवधिक योजना तर्जुमा प्रक्रिया

यस परिवर्तन गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक योजना गाउँ कार्यपालिकाबाट तयार गरी गराई गाउँपालिका सभाबाट स्वीकृत गरी लागु गर्ने गाउँपालिका कार्यकारी परिषदको सोच बमोजिम देहायबमोजिमको विधि तथा प्रक्रिया अनुसार आवधिक योजना तर्जुमा गरिएको छः

**आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्विकृतीः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ को व्यवस्था तथा परिवर्तन गाउँपालिकाको आर्थिक ऐन २०७४ अनुसार विषय विज्ञसहितको परामर्शदाता संस्थाको सहयोगमा विधायक समिति मार्फत स्विकृत कार्यविधि बमोजिम गाउँपालिकाको पाँच बर्षे आवधिक योजना तर्जुमा गर्ने निर्णय गाउँ कार्यपालिकाले गरेको छ ।

**योजना तयारी कार्याशाला गोष्टीः** यस गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण २०७५ साल जेष्ठ ३० र ३१ गते गाउँपालिकाको आयोजना र ईनोभेटिभ डेभेलोपमेन्ट कन्सल्टको सहजिकरणमा आवधिक योजना तर्जुमा अभिमुखीकरण तथा तयारी कार्यशाला सम्पन्न गरी योजना तर्जुमा कार्य अगाडि बढाइयो । कार्यशालामा विषयगत विज्ञको सहजिकरणमा दीर्घकालिन सोच, गाउँ विकासको आगामि पाँच बर्षको लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता, संभावना तथा समस्या विश्लेषण र गाउँपालिकाको विकासका प्रमुख रणनीतिक सोचकहरूको मस्यौदा तयार गरिएको थियो ।

**आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषः** आवधिक योजना तर्जुमा कार्यशाला गोष्टी आयोजना गर्नुभन्दा अगाडि यस परिवर्तन गाउँपालिकाले विषयगत स्थिति विवरणसहितको गाउँपालिकाको पार्श्वचित्र तयार पारेको थियो । उक्त वस्तुगत विवरणमा गाउँपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांखिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहितको विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ। गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेखित सूचनालाई विस्तृत स्वरुपको आवधिक योजनाको आधाररेखा सूचनाको रूपमा उपयोग गरिएको छ। आवधिक योजना तर्जुमाको क्रममा वस्तुगत विवरणलाई प्रस्तुतिकरण तथा छलफल पश्चात थप परिस्कृत गरिएको छ। आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं

सहभागितामूलक छलफल गरी सरोकारवालाको नक्शाङ्कन, भूमिका तथा योगदानको लेखोजोखा समेत गरिएको थियो । त्यसै वस्तुगत विवरण तथा अन्य छलफलबाट आएका जानकारीहरूका आधारमा गाउँपालिकाको विषयगत वस्तुस्थिति विश्लेषण गरियो ।

**वडास्तरीय छलफल:** परिवर्तन गाउँपालिकाको आयोजनामा गाउँपालिकाको छ बटै वडाहरूमा ईनोभेटिभ डेभेलोपमेन्ट कन्सल्टले परिचालन गरेका बिषय विज्ञहरूको सहजिकरणमा एक दिवसिय वडास्तरीय परामर्श गोष्ठी २०७५ साल आश्विन महिनामा सम्पन्न भएको थियो । उक्त परामर्श गोष्ठीमा वडा समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, दलित, महिला, अपांगता भएका व्यक्ति, वालवालिका, जेष्ठ नागरिकहरूको यथेष्ट प्रतिनिधित्व रहेको थियो । योजना तयारी कार्यशालाले तयार गरेको सम्भावना, समस्या र कार्यक्रममाथि छलफल गरी आवश्यक सुझाब सहित गाउँपालिकामा पेश गर्ने निर्णय गरियो । यस कार्यक्रममा स्थानीय तहका वास्ताविकतालाई सुक्ष्म रूपमा बिचार बिमर्स गरी विषयगत रूपमा सुझाब दिईएको थियो । वडास्तरीय परामर्श कार्यक्रमको निश्कर्ष तथा सुझावहरू यस दस्तावेजको बिभिन्न प्रसंगमा प्रस्तुत गरिएकोछ ।

**योजना दस्तावेज तयारी:** आवधिक योजना तयारी कार्यशाला, वडागत परामर्श कार्यक्रम र योजना तर्जुमा बैठकको निचोड तथा विवरणका आधारमा योजना दस्तावेजको मस्यौदा तयार गरियो । योजना दस्तावेजलाई मुख्य रूपमा परिचय, योजनाको अवधारणा तथा प्रारुप, एकिकृत बार्षिक योजना र समग्र नतिजा तालिका सहित एघार परिच्छेदमा विभाजन गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरूको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज लेखन तथा दस्तावेज मस्यौदा तयारी गर्ने कार्य सम्पन्न गरियो । सकेसम्म सबैले पढ्न र बुझ्न सक्ने ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सवै विषय र पक्षहरूलाई तार्किक, वस्तुनिष्ठ र सरल रूपमा प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार भएको थियो ।

**योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी:** गाउँपालिकाको सोच, सहभागितामूलक वडास्तरीय कार्यशाला गोष्ठि तथा परामर्श विषयविज्ञको सुझावका आधारमा तयार गरेको योजनाको मस्यौदा दस्तावेजलाई कार्यपालिका तथा गाउँसभा, स्थानीय तहका सरोकारवाला माझ २०७५ मंसिर २३ र २४  गते प्रमाणीकरण कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो । प्रमाणिकरण कार्यशालामा विषयगत रूपमा समूहगत छलफल र परामर्श गरी समूहको निष्कर्ष तथा सुझावलाई वृहत समूहमा प्रस्तुत तथा छलफल गरी आवधिक योजना दस्तावेजलाई अन्तिम रूप दिने प्रयास गरियो । यसरी कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरि परिवर्तन गाउँपालिकाको पाँच वर्षे एकीकृत आवधिक योजना दस्तावेजको अन्तीम मस्यौदा तयार गरियो । उक्त योजनालाई परिवर्तन गाउँपालिको प्रथम आवधिक योजनाको रूपमा मिति २०७५ सालको गाउँसभामा पेश गरी दफाबार छलफल गरी स्वीकृत गर्ने गाउँपालिका कार्यकारी परिषदको सोच रहेको छ ।

## १.६ सिमाहरु

यस गाउँपाललिकाको आवधिक योजना तर्जुमा प्रकृयालाई सकेसम्म बस्तुनिष्ठ, व्यवहारिक र सर्बसाधारणले बुझ्न सक्ने दस्तवेजको रूपमा तयार गर्ने भन्ने यस गाउँपालिकाको सोच र सोही अनुसार गर्ने

परामर्शदाता संस्था ईनोभेटिभ डेभेलोपभेन्ट कन्सल्टको प्रयास हुंदाहुंदै पनि केहि सिमाहरू रहन गएका छन् । त्यस्ता सिमाहरू छोटकरीमा यस प्रकार छन्:

(१) परिवर्तन गाउँपालिकाको आवधिक योजना तर्जुमाको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध स्थानीय तहको वस्तुगत विवरण तयारी कार्यविधिमा व्यवस्था भए बमोजिमका गाउँपालिकाले परामर्शदाताको माध्यमबाट तयार पारेको तथ्याङ्कहरु र सहभागितामूलक कार्यशाला गोष्ठिहरू तथा वडास्तरीय छलफलबाट उपलब्ध तथ्यहरूको आधारमा योजना र प्रथमिकता विश्लेषण गरिएको छ । समय, भौगोलिक विकटता र स्रोतको सिमितताले गर्दा योजना निर्माण गर्ने विज्ञ समूहले सबै वडाहरूको स्थलगत भ्रमणगर्न नसकेको अवस्था रहेको छ ।

(२) समयको पाबन्दी र स्रोतको सिमिततालाई ध्यानमा राखी आवधिक योजना अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठिलाई एउटै गोष्टिमा गाभी बिषयगत समितिहरूको नेतृत्वमा आवधिक योजनाको प्रारम्भिक खाका तयार गरिएको छ । उक्त गोष्टिमा सहभागिता उत्साहजनक थियो तर सबै सरोकारवालाहरूको बृहद सहभागिता हुन नसकेको यथार्त सिमाको रूपमा रहन गएकोछ ।

(३) स्थानीय जनताको अपेक्षा, भोगोलिक बिकटता र सिमित साधन र स्रोत भएको गाउँपालिका भएका कारणले आवधिक योजनामा धेरै भन्दा धेरै प्रदेश र केन्द्र सरकारको सहयोगको आशामा योजना र बजेट राखिएको छ । नेपालमा संघीयताको कार्यान्वयन पहिलो पटक र सबैतहमा एकैपटक गरिएको हुंदा केन्द्र तथा प्रादेसिक सरकारहरू पनि आ-आफ्ना आवधिक योजनाहरू निर्माण गर्ने क्रममा नै रहेका छन् । केन्द्र र प्रदेशको निर्दिष्ट योजना, प्राथमिकता र बजेट आँकलन हेरी स्थानीय तहको आवधिक योजना वनाउने अवस्था रहेन । त्यसैले पनि यो आवधिक योजनाको बजेट ठूलो र महत्वकांक्षि देखिन गएको छ ।

(४) आवधिक योजना जस्तो महत्वपूर्ण दस्तावेज निर्माण गर्ने क्रममा जति सहभागिता गराए पनि र जति बृहद छलफल गरे पनि कमि नै हुन्छ । गाउँपालिका र परामर्शदाता संस्था बीचमा भएको समझदारी र कार्यविवरण पत्रका आधारमा यो आवधिक योजना निर्माण गर्ने क्रममा सकेसम्म बढी सहभागितामूलक पद्धति आपनाउने र स्रोत र साधनले भ्यायसम्म बृहत छलफल गराउने प्रयास भएको छ । गाउँपालिकाको कार्य व्यस्तता र भौगोलिक विकटता आफैंमा सिमाहरू छन् । यस सन्दर्भमा अझै पनि सहभागिता, छलफल र गृहकार्य कमी भयो भन्ने कसैलाई लागेमा यसलाई यो प्रकृयाको सिमाको रूपमा लिनुपर्ने हुन्छ ।

(५) बिषयगत समितिहरूमा प्रयाप्त सहभागिता नभएको र विषयगत शाखाका कर्मचारीहरूलाई सबै वडाको आवश्यकता र प्राथमिकताको जानकारी नभएका कारणले सबै बर्षका कार्यक्रमहरूको निश्चित ठाउं र एकाई खुलाउन नसकेको अवस्था रह्यो । योजना निर्माणमा सहभागि सदस्यहरूको सहमती अनुसार त्यस्ता कार्यक्रमहरू हालको लागि पालिकास्तरमा राख्ने र पछि छलफल तथा गृहकार्य गरी बार्षिक योजनामा समावेस गर्ने भन्ने निश्कर्षमा पुगिएको छ ।

# परिच्छेद २: बस्तुस्थिति बिश्लेषण

## २.१ गाउँपालिकाको परिचय

परिवर्तन गाउँपालिका रोल्पा जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित छ जसलाई भेगीय हिसावले पश्चिम रोल्पा पनि भनिन्छ। १० वर्षे सशस्त्र जनयुद्धको एउटा महत्वपूर्ण उद्‌गमस्थल मानिने परिवर्तन गाउँपालिका भौगोलिक रूपमा विकट भएपनि वन तथा जैविक विविधताले धनी रहेको छ। यो गाउँपालिकाको कुल क्षेत्रफल १६३.०१ वर्ग कि.मि. रहेको छ जसमध्ये सवैभन्दा कम क्षेत्रफल ३ नं. वडाको १२.६८ वर्ग कि मि र सवैभन्दा वढि वडा नं १ को ४७.७६ वर्ग कि.मी हेको छ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

गाउँपालिकामा समावेश भएका साविकका गा वि स र वडाहरू:

| वडा नं. | नम | साविक | क्षेत्रफल (कि.मी.) |
|---|---|---|---|
| १ | कुरेली | कुरेली गा वि स - पुरै | ४७.७६ |
| २ | राङसी | राङसी गा वि स - पुरै | ३२.६९ |
| ३ | इरीवाङ | इरीवाङ गा वि स ५-९ | १२.६८ |
| ४ | पाछ्ावाङ | पाछ्ावाङ गा वि स - पुरै | ३१.७२ |
| ५ | राङकोट | राङकोट गा वि स - पुरै | २४.९६ |
| ६ | इरीवाङ | इरीवाङ गा वि स १-४ | १३.२ |

यसरी साविकका ५ गा वि स मिलेर परिवर्तन गाउँपालिका वनेको देखिन्छ।

### २.१.१ परिवर्तन गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि र नामाकरण

हालको परिवर्तन गाउँपालिकाको पृष्ठभुमी रोल्पा जिल्लासँग जोडिएको छ। नेपालको एकीकरण पूर्व अन्य बाइसे-चौबिसे राज्यहरूमा जस्तै यस भेगमा पनि छुट्टै राजाहरूले राज्य गर्दथे। तथापि यहाँका राजाहरूले अन्य राजाहरू जस्तो प्रख्याति पाएको भने सुनिदैन। सम्भवत: राज्यको क्षेत्र सानै भएर हुन सक्तछ। गजुलकोटमा काठमा लेखिएको वि.सं. १७०३ को अभिलेख पाइएबाट त्यहाँ राजदरवार रहेको प्रमाणित हुन्छ। सेन राजा गजुलमा सुरुदेखि नै बसेको भने पाइदैन। गजुल क्षेत्रमा राज्य व्यवस्था त थियो तर त्यहाँ केही समय राजा नभएकोले त्यहाँका काजीहरू राजगुण भएको प्रतिभाशाली व्यक्तित्वको खोजीमा थिए भन्ने जनश्रुति छ। उनीहरुले गजुलमा एउटा पोखरी खन्ने क्रममा नजिकैको चौतारीमा शिरको फेटा फुकालेर जो व्यक्ति बस्छ उसैलाई राजा बनाउने गुप्त सल्लाह गरेका थिए। यस्तैमा जाजरकोटको जक्तिपुरबाट आएका तुथासेन त्यही चौतारीमा आई काजीहरूको गुप्त सल्लाह अनुसारको प्रकृतिबाट बसेपछि उनलाई नै राजा बनाइयो भन्ने भनाई पाईन्छ।

तुथासेन निकै धार्मिक प्रकृतिका व्यक्ति थिए। उनका भाईको दुर्भाग्यवश निधन भएपछि विधवा भाई बुहारीलाई उनले नै विवाह गर्नुपर्छ भनी वाध्य गराउन थाल्दा सो कुरा नमानी विरक्तिएर राज्य समेत ब्राम्हणहरूलाई दान गरेर मुक्ति क्षेत्रतर्फ हिडेका बखत सोही क्रममा उनी गजुलकोट आई चौतारामा बसेका रहेछन्। उनले त्यहाँको राजा हुन स्वीकारेपछि उनको विवाह रुकुम दरिजेनका राजाकी छोरी तुरुवावतीसँग गराइयो। त्यसबखत गजुल राज्य अन्तर्गत १८ गाउँ थिय। तुथासेनका ५।६ पुस्ता पछिका धैर्यपाल गजुल मै राजा भए र उनका भाइ कर्णपाल खुँग्रीकोटका राजा भए। उनलाई राज्य रजौटा उन्मुलन पश्चात् पनि भत्ता उपलब्ध भईरहेको थियो। त्यसरी भत्ता प्राप्त गर्ने अन्तिम राजा भने फत्ते प्रचण्डबहादुर सिंह हुन्। उनको वि.सं. २०४९ सालमा मृत्यु भयो।

वि.सं. २०१८ सालमा नेपालका ३४ जिल्लाहरूलाई ७५ जिल्लामा विभाजन नगर्दासम्म रोल्पा जिल्लाको वर्तमान क्षेत्र प्यूठान र सल्यान जिल्लामा पर्दथ्यो। पछि हालको रोल्पा क्षेत्र सात सय सखी, आठ हजार बुढागाउँ, नौसय माडिखोला, बाईसखुवा र कालाशेष थुम (मौजा) का नामले चिनिने गर्दथ्यो। वि सं २०१८ सालमा सल्यान र प्यूठानको केही क्षेत्र मिलाई यो जिल्ला बनाईएको हो। त्यस वखत यस जिल्लामा ३३ गाउँ पञ्चायत रहेको थियो तर वि सं २०३४ सालमा सीमाना हेरफेर गरी ५१ गाउँ पञ्चायत बनाइयो। यीनै गाउँ विकास समितिहरू मध्ये राङकोट, राङसी, कुरेली, इरीवाङ र पाछावाङ गा वि स लाई मिलाएर यो दुईखोली गाउँपालिका घोषणा गरिएको थियो जुन हाल परिवर्तन गाउँपालिकाको नाममा रोल्पा जिल्लामा रहेको छ।

२०७४ भदौ २७ गते प्रथम गाउँसभाले सर्वसम्मत रूपमा गाउँपालिकाको नाम परिवर्तन गर्ने निर्णय गर्दा दुइखोली गाउँपालिकाको नाम परिवर्तन गाउँपालिका भएको हो। त्यस्तै राङकोटमा रहेको केन्द्रलाई सवैको पायक पर्ने र उपयुक्त भौगोलिक वनावटको कारणले 'पुतलाचौर' मा सारिएको छ। यो गाउँपालिका उपराष्ट्रपति नन्दबहादुर पुन तथा नेतृ जयपुरी घर्तीमगरको घर रहेको गाउँपालिका समेत हो। दशवर्षे सशस्त्र जनयुद्धका क्रममा सहादत प्राप्त गरेका उच्च तहका नेता श्री नेपबहादुर केसी 'परिवर्तन' को नामबाट 'परिवर्तन गाउँपालिका' नामाकरण गरिएको हो।

### २.१.२ भौगोलिक अवस्थिति

परिवर्तन मध्य पहाडी क्षेत्रमा अवस्थित उच्च डाँडाकाँडाले भरिपूर्ण गाउँपालिका हो । एक वार्डबाट अर्को वार्डमा जान घण्टौ पैदल हिड्नु पर्ने हुन्छ । गाउँपालिका केन्द्रसम्म आउंन कुनै वार्डका जनतालाई आधा दिनसम्म लाग्दछ । आजको अवस्थामामा प्राय सबै वार्डहरूसम्म जाने मोटरबाटो खनिएको छ तर यस्ता बाटाहरू नाम मात्रका छन् । मोटरबाटो भएको ठाउंका जनताले जुन प्रकारको सुविधा पाउंनु पर्ने हो, यहाका जनताले त्यो पाउंन सकेका छैनन् । कहिलेसम्ममा त्यस्तो सुविधा पाउलान् भनेर आँकलन गर्न पनि मुश्किल छ । यस गाउँपालिको केही भौगोलिक तत्थ्यहरू यस प्रकार छन्:

अक्षांसः 28°24'N देखि 28°34'N

देशान्तरः 82°28'E देखि 82°39'E

क्षेत्रफल: १६३.०१ वर्ग कि.मि.

हावापानीः उष्ण समशितोष्ण

तापक्रमः ३.६ देखि ३१.२ डिग्री सेल्सियससम्म

वर्षाः औषत १३.८८ देखि १८.३६ मिलीमिटर

### २.१.३ नदीनाला तथा तालपोखरी

यस गाउँपालिकामा ठूला नदीहरू छैनन् । स-साना पानीका स्रोतहरू भने प्रसस्तै छन् । परिवर्तन गाउँपालिका वडा नं ३ मा रहेका राजा पनेरा तथा वाहुन पनेरा, पाछावाङको चिन्तेपानी, केउरीको पुये बसारे मूल, कालावाङको ठारी मूल, यस गाउँपालिकाका प्रसिद्ध पानीका स्रोतहरू हुन् । यसैगरी पाछावाङमा अवस्थित रालेखोला, घाङचुङ, चुनवाङ, नाँफे खोला, पुतला खोला, वगाउंने खोला, त्रिवेणी खोला, राङखोला, धागरी खोला, राङसी खोला आदी साना नदीनालाहरू हुन् ।

### २.१.४ ऐतिहासिक स्थलहरू

यस गाउँपालिकामा धेरै परम्परागत मन्दीरहरू र हालै विकासित केही चर्चहरू समेत रहेका छन् । राङ्सीमा रहेका विभिन्न मठ मन्दीरहरू, इरिवाङ मन्दीर, पाछावाङ मन्दीर, मौलाकोट मन्दीर, टिमुरवोट मन्दीर, सुकीदह मन्दीर र राङ्सीमा रहेको चर्च साथै शिवपार्वती मन्दीर, नौलोदेवी भगवती मन्दीर , वराह मन्दीर, वागमारा स्थित चर्च यहाँका प्रमुख ऐतिहासिक र धार्मिक स्थलहरू हुन् ।

### २.१.५ वन तथा वनस्पती

यहाँको हावापानी उच्च शितोष्ण खालको भएको हुनाले सल्ला प्रजातिका कोणधारी वनस्पतिहरू वढि पाईन्छन् । उचाईअनुसार पाइने मुख्य वनस्पतीहरूमा उत्तीस, पैयुं, ओखर, गुराँस, सल्ला, अंगेरु, वाँझ, खर्सु र लहरे पिपलका रुखहरु यस गाउँपालिकाका मुख्य वनस्पती हुन् । वन्यजन्तुमा राते, घोरल, खरायो, वँदेल, वाँदर, स्याल, दुम्सी, आदि पाईन्छन् । त्यस्तै यस गाउँपालिकाको जंगलहरूमा कालीज, ढुकुर, हलेसा, सुगा, परेवा, घुघुती, कुक्कु, न्याउली, च्याखुरा, तित्रा, जुरेली, फिस्टा जस्ता वन्यपंक्षीहरू पाइन्छन् । हावापानीको हिसावले यस गाउँपालिकामा करिव ४० प्रकारका विभिन्न जडिवुटीहरूको सम्भावना देखिन्छ । केही जडिवुटीहरू यस क्षेत्रवाट निर्यात पनि हुने गरेका छन् । व्यवसायिक रूपमा तेजपात,

टिमुर, काउलो, अल्लो, सुगन्धवाल, चिराईतो, कुट्की जस्ता जडीवुटीको प्रचुर सम्वावना देखिन्छ । त्यसवाहेक पिठो जोर्नी, तारे, हताजोर, विलाजोर, तितेपाती, महभ्रुरी, ढुंगेफूल, सिस्नो जस्ता जडिवुटीहरू पनि पाईन्छन् । यस गाउँपालिकामा पालिने पाल्तु पशुमा प्रमुख रूपमा वाखा, गाई, भैंसी, वंगुर, भेडा आदि हुन् भने पंक्षीमा परेवा, कुखुरा र हाँस पालिन्छन् ।

## २.१.६ स्थानीय चाडपर्व तथा जात्रा र मेला

नेपालको सांस्कृतिक विविधतालाई झल्काउने प्रमुख विषय भनेको स्थानीय चाडपर्व, भाषा धर्म तथा संस्कृतिहरू हुन् । परिवर्तन पनि जातीय, भाषिक, धार्मिक रूपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिहरूमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरू यहाँ मनाइने गर्दछन् । आम नेपालीको लागि नै साझा चाडपर्वको रूपमा मनाइने दशैं तिहार बाहेकका यहाँ क्षेत्री बाह्मणका तिज, मगर, कामी, दमाईका माघे संक्रान्ती, असार संक्रान्त, घिउ संक्रान्ती, वाह्र भदौ लगायतका यस क्षेत्रमा मनाइने महत्वपूर्ण चाडपर्व रूपमा हुन् । त्यसवाहेक मगर समुदायले मनाउने भुमे पर्व पनि यहाँको मुख्य स्थानीय चाड हो।

## २.१.७ कृषि

वि सं २०६८/६९ सालको जिल्ला वन कार्यालयको तथ्याङ्कलाई अनुसार यस गाउँपालिकामा ८,००० हेक्टर वन छ । बाँकि क्षेत्र कृषियोग्य जमिन, झाडी - बुट्यान क्षेत्र, भिरपाखा, चरन क्षेत्र, पर्ति ऐलानी जग्गा, नदिनाला, वगर आदिले ओगटेको छ । गाउँपालिकाको करिव २८ प्रतिशत भूभाग कृषिकोलागि योग्य हुँदा हुँदै पनि पर्याप्त सिंचाईको श्रोत नहुँदा सन् २०१२ सम्म कुल खेतियोग्य जमिनको ७९ प्रतिशत जमिन आकाशे पानीमा भरपर्नु परेको देखियो । कृषि प्रधान देश नेपाल भन्ने गरिए पनि वर्षेनी अर्वौ रुपैयाँको कृषि उत्पादन आयात गर्नुपर्ने आजको अवस्थामा कृषि क्षेत्रलाई प्रभावकारी वनाउनुपर्ने चुनौति देखिएको छ । भएका वनक्षेत्रको संरक्षणका साथसाथै त्यसको उपयोग गर्नुपर्ने आवश्यकता पनि उत्तिकै छ ।

## २.२.१ वस्तुस्थिती विश्लेषण (क): समग्र सोट विश्लेषण

परिवर्तन गाउँपालिकाका लगभग ८१.८५ प्रतिशत जनता परम्परागत कृषि पेशामा आवद्ध रहेका छन् । जसमा खेतिपाती तथा पशुपंक्षी पालनमा संलग्न रहेको जनसंख्या विवरणमा उल्लेख छ । यसैगरि यस गाउँपालिकाका केही जनसंख्या गैरकृषि पेशामा आवद्ध रहेका छन् । यस्ता गैरकृषि पेशा अर्न्तगत यहाँ सवैभन्दा धेरै व्यक्तिहरू व्यापारमा आवद्ध रहेका छन् । यसबाहेक नोकरी, वैदेशिक रोजगारी, दैनिक ज्यालादारी, उद्योग लगायतका गैरकृषिपेशा यहाँका वासिन्दाहरूको जीवननिर्वाहको आधार रहेको छ ।

माथि उल्लेखित तथ्य र तथ्यांकको आधारमा भन्नुपर्दा यस परिवर्तन गाउँपालिकाको आर्थिक विकास अन्तर्गत मुख्यतया कृषिमा व्यवसायिकरण, ब्यवासायिक तरकारी खेती, फलफूलतर्फ ओखर तथा स्याउ, नगदेवालीहरूमा अलैंची, अदुवा, बेसार, कोसेवालीतर्फ सिमी र वनपैदावरमा जडिबुटी उन्नतीका प्रमुख साधनका रूपमा रहेका छन् । त्यस्तै गरी ब्यवसायिक पशुपालन जस्तै भैसी, गाई, बाखा पालनको प्रचुर सम्भावना रहेको छ । संम्भावनाका प्रचुर क्षेत्रहरू विद्यमान भएपनि कठिन भौगोलिक अवस्था, सिमित

सडकको पहुंच, पूर्बाधारको कमी, आवश्यक व्यवसायिक ज्ञान तथा सूचनाको अभाव, बजारसम्मको पहुँचमा कठीनाईले गर्दा घरेलु उद्योग, व्यापार र व्यवसायको सृजना र विकासका गतिवधीहरू अगाडी बढ्न सकेका छैनन् ।

गाँउवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांस कृषकहरू परम्परागत सीप र शैलीमा आधारित हुनुका कारण उत्पादकत्वमा खास सुधार हुन सकेको छैन । परम्परागत खेती प्रणाली दिनानुदिन घाटाको पेशा बन्दै गएको छ । कृषि पेशामा आफ्नो ज्यालाको समेत हिसाव राख्ने हो भने उत्पादनको मूल्यभन्दा लागत बढी भएको देखिन्छ । त्यसैले, आवधिक योजना तर्जुमाको पहिलो खुडकिलोको रूपमा २०७५ जेष्ठ महिनामा भएको आवधिक योजना तर्जुमा गोष्ठिमा परिवर्तन गाउँपालिकाको सबल पक्ष, कमजोर पक्ष, सम्भावनाहरू र चूनौतीहरूको बारेमा छलफल गरिएको थियो । यसलाई अर्को शव्दमा SWOT Analysis पनि भनिन्छ । छलफलका सहभागिहरूबाट आएका जानकारीको समष्ठिगत सारंस तलको टेबलमा उल्लेख गरिएको छः

| **सबल पक्ष (S)** | **कमजोर पक्ष (W)** | **सम्भावनाहरु (O)** | **चुनौतीहरु (T)** |
|---|---|---|---|
| प्रत्येक वार्डमा माध्यमिक तहसम्मको शिक्षाको राम्रो व्यवस्था छ | गुणस्तरीय शिक्षाको अभाव | भएका विद्यालयहरूको सुधार गर्ने | गुणस्तरीय शिक्षक व्यवस्थापन |
| पानीको स्रोत प्रयाप्त मात्रामा छ | सिंचाईको अभाव छ | सिंचाईका बैकल्पिक उपायहरूको विकास गर्ने | सिंचाईका लागि लगानी जुटाउन |
| प्रशस्त खोलानालाहरू छन् | बर्सेनी खेतीयोग्य जमिनको माटो बगेर जाने अवस्था छ | ▪ साना जलबिद्युत विकास गर्ने<br>▪ नदीजन्य पदार्थहरूबाट आम्दानी बढाउने | बिद्युत विकासको लागि लगानी जुटान |
| प्रसस्त जंगल छ र जंगलमा जडिबुटि पाइन्छ | ▪ खाली ठाउँमा बोट विरुवा नरोपि नांगीने समस्या<br>▪ उत्पादित वस्तुको उचित बजारको अभाव छ | ▪ सोमायो, अलैंची र टिमुर खेतीको विकास र बजारीकरण गर्ने<br>▪ वनजंगलको उचित व्यवस्थापन गरी आर्थिक लाभ उठाउने | आवश्यक वन प्राविधिकको उपलव्धता |
| विभिन्न किसीमका मठ मन्दीर , गुफा रमणीय ठाउँ र धार्मिक स्थलहरू छन् | धार्मिक स्थलमा धर्मशाला र यातायातको समस्या | ▪ पर्यटकीय विकास गर्ने<br>▪ सांस्कृतिक पहिचानको संम्बर्धन र विकास गर्ने | यातायात विकासका लागि उच्च लागत व्यहोर्न |
| विभिन्न किसीमका खानीहरू छन् | भौतिक संरचनाको अभाव | फलाम र ढुङ्गा खानीको विकास गर्ने | खानी विकासका लागि लगानी जुटाउन |
| प्रशस्त मात्रामा सक्षम जनशक्ति छ | ▪ बेरोजगारीको समस्या<br>▪ दक्ष प्राविधिकको अभाव | ▪ यूवा आकर्षित गर्ने खालको पेशागत व्यवसायिकरण गर्ने<br>▪ प्राविधिक शिक्षाको विकास र प्रबर्धन गर्ने | आन्तरिक तथा बाह्य रोजगारी बरावरको आम्दानीको सम्भावना पहिचान गर्न |

| | | | |
|---|---|---|---|
| सामाजिक मेलमिलाप राम्रो छ | जाँडरक्सी, जुवातास, बालबिवाह, बहुबिवाह जस्ता समस्या | सामाजिक सुधारका लागि चेतनामूलक कर्यक्रमहरू संचालन गर्ने | सामाजिक कुलतबाट बाहिर ल्याउन |
| मोटरबाटो धेरै बनेका छन् | ■ मोटर बाटो गुणस्तरीय छैनन्<br>■ नयाँ सडक निर्माण गर्दा आवश्यक प्राबिधिक अध्ययन र वाताबरणीय प्रभाव अध्ययन नगरिएकोले ठांउ ठांउमा ब्यापकरूपमा पहिरो जाने समस्या छ | ■ संख्यामा भन्दा गुणस्तरमा ध्यान दिई लगानी गर्ने<br>■ पूर्बाधार निर्माण गर्दा सम्भाब्यता अध्ययन, बिस्तृत योजना तर्जुमा, वाताबरणी प्रभाव अध्ययन अनिवार्यरुपमा गर्ने | ■ जन अपेक्षालाई व्यवस्थापन गर्न<br>■ सडक निर्माणलाई प्रष्ठिाको बिषय बनाईनु<br>■ गापाको बिकास बजेटको अधिकांश अंश सडक निर्माणमा लगाउनु। |
| कृषि उत्पादन ठीकै छ | ■ कुपोषणको समस्या छ<br>■ उत्पादित बस्तु र सेवाको बजारिकरणको समस्या छ<br>■ कृषि तथा उत्पादन क्षेत्रमा लगानी न्युन छ | ■ स्याउ, कागती र अलैची खेती व्यवसायिकरण गर्ने<br>■ बखा, माछा र माउरी पालनलाई व्यवसायिकरण गर्ने<br>■ तरकारीमा काउली र बन्दा बृद्धि गर्ने, उचित बजारको व्यवस्थापन गर्ने<br>■ मसलाबालीहरू जस्तै बेसार, तिमुर, अदुवाको व्यवसायिक खेती गर्ने । | ■ ईच्छुक र धौर्यवान व्यवसायीहरूको पहिचान<br>■ प्राविधिक र अन्य सहयोगको निरन्तरता<br>■ प्रभावकारी अनुगमन<br>■ उपयुक्त प्रबिधिमा कमजोर पहुंच । |

## २.२.२ वस्तुस्थिती विश्लेषण (ख): वडा स्तरीय छलफल

यस परिवर्तन गाउँपालिकाको आवधिक पाँचबर्षे योजना तर्जुमा गर्ने सिलसिलामा २०७५ साल आश्विन महिनामा सबै वडाहरूमा बृहद भेलाको आयोजना गरी वडाको आवश्यकता र प्राथमिकता के रहेको छन् ? भन्ने सन्दर्भमा लामो छलफल भएको थियो । उक्त छलफलहरूबाट आएका सल्लाह र सुझावहरूको सारंस यस प्रकार रहेको छः

| विषय क्षेत्र | हालको अवस्था | समस्या तथा चुनौतिहरु | आगामी ५ वर्षमा के गर्नु पर्छ ? |
|---|---|---|---|
| १. आर्थिक विकास | कृषि जीबिकामुखी, परम्परागत ढंगले संचालित छ तर प्रचुर सम्भावना बोकेको प्रमुख पेशा हो । | उपयुत्त प्रबिधीको अभाव, आवश्यक पुर्धारको अभाव, न्यून लगानी भएको, बजारको अभाव, कृषि क्षेत्र काम गर्ने दक्ष जनशक्तिको कमी | कृषि क्षेत्रमा उपयुक्त प्रबिधिको विकास, लागानी बढाउने, आवश्यक पूर्बाधार विकास, बजार र जनशक्ति विकास गरिनु पर्ने । |
| | पशुपालन परम्परागत ढंगले संचालित, जीबिकामुखी प्रणालीको रूपमा बाखा, भेडा, गाई, भैंसी, र कुखुरा, हांस आदि सामान्यरुपमा पालन गरिन्छन । | उपयुक्त प्रबिधिको कमी, लगानीको कमी, बजार नभएको, आवश्यक पुर्बाधार नभएको, काम गर्ने जनशक्ति घट्दै गएको अवस्था छ । | उपयुक्त प्रबिधिको विकास गरिनु पर्ने, लगानी बढाउनु पर्ने, बजारको विकास र पूर्बाधारहरुको निर्माण गरिनु पर्ने । |
| | उद्योगको आशवश्यक विकास हुन नसकेको अवस्थामा छ । | स्थानिय अवसरको पहिचान राम्रो संग हुन नसेको, आश्यक जनशक्ति | स्थानिय अवसरका अधारमा कृषि, पशु, वनजन्य र सेवामा अभारित |

| | | | |
|---|---|---|---|
| | | नभएको, पूर्वाधारको विकास हुन नसकेको अवस्था । | उद्योग विकासको लागि लगानी बढाउनु पर्ने । |
| | पर्यटन क्षेत्रको सम्भावना प्रयाप्त भए पनि हालसम्म विकास भएको छैन । | बिभिन्न धार्मिक, ऐतिहासिक र आर्थिक महत्वका ठाउंहरूको अध्ययन अनुसन्धान नभएको, भरपपर्दो यतायातको अभाव, होटेल तथा होम स्टेको विकास नभएको । | गोरिल्ला पदमार्ग निर्माण गरिनुपर्ने, गोरीचौरमा विमानस्थल वनाउनु पर्ने, धार्मिक स्थल, मठ मन्दीर संरक्षण, निर्माण, तथा वाटो, पानीको व्यवस्था गर्नुपर्ने । |
| | सहकारी, बैंक तथा बिमा क्षेत्र भरखरैमात्र विकास हुने क्रममा छन् । हाल जनता बैकले शाखा कार्यालय स्थापना गरेको छ, केही सहकारी स्सथाहरु काम गर्दैछन । बिमा क्षेत्रको कुनै विकास हुनसकेको छैन । | भौगोलिक बिकटता, समुदायमा जनचेतनाको कमी, बैक वा बित्तिय संस्थाको लगानी सुरक्षाको समस्या हुनसक्ने, मानिसहरू ऋण लिएर व्यवसाय गर्न डराउने । | सहकारी संस्थाको बारेमा स्थानीय समुदायमा चेतना जगाउने, सहकारी शिक्षा तालिम संचालन गर्ने, व्यवस्थापकीय ज्ञान सिप बढाउनु पर्ने । |
| २. सामाजिक विकास | शिक्षा पूर्णरुपमा अनिवार्य र निःशुल्क हुन नसकेको अवस्था छ । अधिकांश बालबालिका सरकारी बिद्यालयमा पठनपाठन गर्ने । एउटा प्राबिधिक शिक्षालय समुदाय स्तरबाट संचालित भएको छ । शिक्षालाई समय सापेक्ष र गुणस्तरिय बनाउन आश्यक पर्ने, प्रयोगशाला, पुस्तकालय, आदिको व्यवस्था छैन । | बिद्यालयमा विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको कमी, प्राय विद्यालयमा बिषयगत तालिम प्राप्त शिक्षकको अभाव छ, बिद्यालयका कक्षाकोठाहरू साना, प्रकाश कम आउने, जिर्ण र चुहिने अवस्थाका भएको, फर्निचरको अभाव, अभिभावक शिक्षाको कमी, | विध्यालयको भौतिक सुधार कार्यक्रम संचालन गर्नु पर्ने, लौगिक मैत्री शौचालय वनाउनु पर्ने, पर्याप्त पानीको व्यवस्था, जनशक्ति र कोठाको व्यवस्था, वालमैत्री वसाई व्यवस्थापन गर्ने, अभिभावकलाई वाल शिक्षाको महत्व वुझाउनु पर्ने, शिक्षक दरवन्दी थप गर्नुपर्ने । |
| | खोप केन्द्र स्थापना गरी सेवामा पहुंच र उपभोग मिलेको छ, नियमित गर्भवती जांच गराएको गाउंघर क्लिनिक संचालनमा भएको, स्वास्थ्य सम्बन्धि नियमित परामर्श र सेवा उपलब्ध गराएको | स्वास्थ्य सेवा सन्तोषजकन छ तर जनसंख्याको अनुपातमा स्वास्थ्य सेवाको जनशक्ति पुगेको छैन, भवन, प्रयोग शालाको ब्यवस्था छैन, सामुदायिक स्वास्थ्य इकाई, खोपकेन्द्र र गाउँघर क्लिनिकको भवन नभएको कारण संचालनमा समस्या | सरकारी मापदण्ड अनुसारको औषधी उपलब्ध गराउने, सामुदायिक स्वास्थ्य ईकाईको पूर्वाधारको विकास गर्ने, सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ र सुरक्षित खानेपानीको व्यवस्था गर्ने |
| | खनेपानी तथा सरसफाईः ९५ प्रतिशतले धाराको पानी पिउछन्, १०० प्रतिशत घरधुरीमा पक्की सौचालय छ तर पानीको अभावले अधिकांस प्रयोग विहिन छन् | खानेपानी सुरक्षित र व्यवस्थित छैन, पानी सुद्धिकरण गर्ने तरिका बारे जानकारी नहुनु, व्यवस्थित खानेपानीका धाराहरू नहुनु, सिधै मुहानबाट पाईप जोडी पानी ल्याउने प्रचलन, स्वास्थ्य तथा सरसफाई सम्बन्धि चेतनाको कमी | एक घर एक धाराको व्यवस्था गर्ने, पानी सुद्धिकरण गर्ने तरिका बारे चेतनामूलक कार्यक्रम, खानेपानी आयोजना संचालन गर्ने संस्थाहरुको निगरानी बढाई प्रभावकारी कार्यान्वयन गर्ने, |
| | लैंगिक समानता र समावेशीकरण लैंगिक विभेद र जातिय विभेद कम छ तर कानूनी जानकारी कम छ, | लैंगिक हिंसा सम्बन्धि कानुनी प्रक्रिया बारे जानकारी नहुनु, बालविवाह अत्यधिक, सचेतनामूलक कार्यक्रमहरू संचालन नहुनु, विद्यमान कानून बारे जानकारी नहुनु, बालविवाह, महिला हिंसा, जातिय विभेद विरुद्धका कार्यक्रमहरू संचालन नहुनु, | लैंगिक हिंसा सम्बन्धि कानूनी सचेतना कार्यक्रम संचालन गर्ने विद्यमान कानूनी व्यवस्था बारे कार्यक्रम संचालन गर्ने, बालविवाह अन्त्यका लागि अभियान चलाउने, मदिरा तथा जुवातास निशेधित क्षेत्र घोषणा गर्ने |
| ३. पूर्वाधार विकास | गापाका सबै वस्तीहरूमा सडकको पहुँच नभएको, बनेका सडक मौसमी सडक मात्र | प्रमुख वस्तीमा सडकको पहुँच नहुनु, निर्माण भएका सडकहरू बाह्रै महिना संचालन गर्न नसक्नु, सडक निर्माण गर्दा जथाभावी खनिनु जसका कारण भू-क्षय बढेको खनेका सडकमा बायो ईन्जिनियरिंग नहुनु । | निर्माण भएका सडकहरूको स्तरोन्नती गर्नुपर्ने, वाताबरणीय प्रभाव बिश्लेषण, सडक निर्माण गर्दा ईन्जिनियरिंग डिजाईन अनुसार बिस्तृत लागत अनुमान गर्ने, उपकरणको न्युनतम प्रयोग गर्नु पर्ने |

| | | | |
|---|---|---|---|
| | पुल : पक्की पुल नभएको अवस्था । | यातायातका साधन संचालनमा समस्या, स्कुल पढ्ने विद्यार्थीहरूका लागि खोलामा आवतजावत गर्न समस्या, गाउँलेहरूलाई बजार गर्न जान समस्या । | आवश्यकता अनुसार पक्की पुलहरू बनाउनु पर्ने । बिशेष गरी वार्ड नं ४ र ५ मा । |
| | सिंचाईः हाल सम्म सिंचाई सुविधा उपलब्ध नभएको | सम्भावित सिंचित जग्गामा सिंचाई गर्न नसकिएको, कृषि बालीको उत्पादन बढाउन नसकिएको, तरकारी बालीलाई व्यवस्थित गर्न नसकिएको । | विभिन्न वार्डहरूमा सम्भावनाका अधारमा सिंचाई आयोजना संचालन गर्ने |
| | भवनः गाउँपालिका, वार्ड कार्यालय, मताहतका शाखा कार्यालयहरूको पक्की भवन नभएको अवस्था | वडा कार्यालयको भवन नहुँदा अन्य भवनहरूको प्रयोग गरी सेवा संचालन गरिएको, भवन अभावको कारण सेवा प्रभावकारी बनाउन नसकिएको, भवन संहिता सम्बन्धि जानकारी नभएको । | भवन निर्माण गर्दा भवन संहिताको पालना गरी तालिम प्राप्त डकर्मी र सिकर्मीको प्रयोग गर्ने, गपा र वडा कार्यालय, मातहतका कार्यालयहरू, सहकारी संस्था तथा सामुदायिक भवन निर्माण गर्ने । |
| | लघु जलविद्युत र संचारः लघुजलविद्युत संचालनमा रहेको, टेलिफोन टावरहरू प्रभावकारी नभएको | विद्युत सेवा नियमित नहुंदा आयआर्जनका कार्यक्रम गर्न कठिनाई, सानो पावरको उत्पादन हुने भएकोले ठुला मेसिनहरू प्रयोग गर्न कठिनाई, टेलिफोन टावर प्रभावकारी नभएको | चालु जल विद्युत आयोजनाको नियमित मर्मत संभार गर्ने, केन्द्रिय प्रसारण लाईन विस्तार गर्ने, मोवाईल नेटवर्क बढाउने |
| ४. वातावरण तथा विपद | सामुदायिक वन, कबुलियति, धार्मिक वन र राष्ट्रिय वनहरू भएको । | वन क्षेत्रको उचीत व्यवस्थापन हुन नसक्नु, सा.व.उ.स.को संस्थागत एवं क्षमता विकास नहुनु, वनमा घेरावार नहुँदा समस्या देखिएको, खुल्ला चरिचरण, आगलागीको समस्या, वन्य जन्तुको समस्या (बाँदर) | वन क्षेत्रको उचित व्यवस्थापनको लागि सा.व.उ.स.लाई संस्थागत तथा क्षमता विकास, बृक्षरोपणलाई प्राथमिकता दिने, खुल्ला चरिचरण नियन्त्रण गर्ने, अग्नीरेखा बनाउने, जडीबुटीको संरक्षण र प्रबर्द्धन गर्ने |
| | जलवायु परिबर्तन सम्बन्धि जानकारी थोरै मात्र भएको । | जलवायु परिवर्तनको प्रभाव वारे चेतनाको कमी | जलवायु परिवर्तन सम्बन्धि जनचेतना मुलक कार्यक्रम गर्ने जलवायु परिवर्तन अनुकुलन योजना बनाउने |
| | जलाधार संरक्षण कार्य गर्न नसकिएको | जलाधार संरक्षण एवं नियन्त्रण गर्न नसक्दा वर्षेनी वन जंगल तथा खेती योग्य जमिन कटान भएको | बिभिन्न खहरे खोला र नदीहरूमा जालाधार संरक्षण कार्यक्रमहरू संचालन गर्नु पर्ने । |
| | प्रकोप नियन्त्रण सम्बन्धि ठूलो समस्या नभएकोले यस बिषयमा काम नभएको । | प्रकोप नियन्त्रणको लागि योजना बनाउन नसक्दा समस्या देखिएको | प्रकोप नियन्त्रण योजना निर्माण गर्ने |
| | बिपद ब्यवस्थापन | विपद व्यवस्थापन सम्बन्धि चेतनाको कमी | वार्ड स्तरमा सुरक्षित घरहरू निर्माण गर्ने |
| ५. संस्थागत विकास र सेवा प्रवाह | वार्डहरूको संस्थागत क्षमता अभिबृद्धि कार्यक्रम गर्न आश्य रहेको | बिभन्न नियम कानून सम्बन्धि अल्प ज्ञानका कारणले काममा बाधा हुने | वडा कार्यालयको संस्थागत तथा क्षमता विकास कार्यक्रम संचालन |
| | वार्ड समितीका सदस्यहरूमा प्रचलित ऐन सम्बन्धि जानकारीको कमी | काम गर्न कठिनाई हुने गरेको | गठीत समूह समितिहरुलाई ऐन कानूनको बारेमा जानकारी गराउने |
| | लक्षित समुदायका मानिसहरूले आफ्नो अधिकार सम्बन्धि जानकारी न्यून भएको अवस्था | लक्षित समुदाय सम्बन्धि कार्यक्रम संचालनमा कठिनाई भएको | लक्षित वर्ग क्षमता विकास तथा सिप विकास तालिम संचालन गर्ने |
| | उपभोक्त समितीहरू र अन्य सरोकारवालाहरूमा उनीहरुको जिम्मेवारी सम्बन्धि थोरै जानकारी भएको | बिभिन्न काम गर्दा कठिनाई हुने गरेका, काममा ढिलाई हुने | उपभोक्ता समितिलाई तालिम, कर्मचारी, जनप्रतिनिधि र अन्य समूहलाई सुशासन सम्बन्धि तालिम दिने |

समग्रमा यस गाउँपालिकाको छवटै वार्ड कार्यलयहरूमा भएका छलफल तथा बिमर्शमा आवधिक योजनाका पांचै स्तम्भहरूको क्षेत्रगत हिसाबले  हालको अवस्था के कस्तो छ ? यसले जन जीवनमा पारेका समस्याहरू के कस्ता छन ? र गाउँपालिले आगामी पाँच बर्षमा यी समस्याहरू समाधानार्थ के कस्ता कार्यक्रहरू गर्नुपर्दछ भनि जनप्रतिनिधीहरू र सरोकारवाला सबैसंग छलफल गरी उपयुक्त समाधानका उपयहरू पहिल्याउने काम भएको छ ।

आर्थिक बिकास, कृषि र गैरकृषि क्षेत्र, उद्योग क्षेत्र, बैक, सहकारी र  बित्तिय क्षेत्रका बिभिन्न समस्याहरू र अवसरहरू पत्ता लागेका छन् । हालसम्म आधिकांश अवसरहरूको उपयोग गर्ने काम भएको छैन । बिशेषगरी आर्थिक विकासकालागि जनतामा रहेको परम्परागत जीबिकामुखी सोंच, आवश्यक पूबार्धारहरूको अभाव, भौगोलिक बिकटता, स्थानीय क्षमता र सम्भावनाका अधारमा आर्थिक विकासका योजना बनाउन नसक्नु प्रमुख बाधकको रूपमा देखिएका छन् । बिद्यमान  अवसरहरूको यथोचित  प्रयोग र उपयोग  गर्न सकिएको खण्डमा बिभिन्न क्षेत्रमा रोजगारी सृजना हुने, जनताको आर्थिक अवस्थामा सुधार ल्याउन सकिने र समग्ररूपले जनताको जिवनस्तर उकास्न सहयोग पुग्नेछ ।

सामाजिक विकास क्षेत्र, कानूनले प्रदत्त गरेका जनताका मौलिकहकहरूको उपभोगको सुनिश्चितताको लागि महत्वपूर्ण र आवश्यक छन् । वार्डहरूमा विद्यालयहरू प्रयाप्त मात्रामा भए पनि विद्यालयहरूमा भौतिक पूर्बाधार, दक्ष शिक्षक शिक्षिका, खेल मैदान, पुस्तकालय, प्रयोशाला, बालमैत्री वाताबरण नभएको कुराले विद्यालय शिक्षा गुणस्तरीय नभएको प्रष्ट हुन्छ । त्यस्तैगरी अधिकांश स्वास्थ्य चौकीहरूको भवन नभएको, प्रयोगशाला नभएको, तालिम प्राप्त जनशक्तिको कमी आदिले यस क्षेत्रमा सुधार गर्नुपर्ने प्रयाप्त ठांउहरू देखिन्छन् । खानेपानीमा अझै एक घर एक धाराको अवधारण बमोजिम सबै बस्तिहरूमा पुऱ्याउन सकिएको छैन । बिशेष गरी जनताको शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई  आदिको क्षेत्रमा सबै वार्डहरूको अवस्था हेर्दा धेरै काम गर्नुपर्ने ठांउहरू छन् । माओवादी जनयुद्धको उद्गमस्थल भएकोले जातीय समावेसीता, लैंगिक समता आदि सम्बन्धि सबषयमा जनतामा राम्रो सुझबुझको वाताबरण विकास भएको अवस्था छ ।

आश्यकताको आधारमा जनस्तरबाट बिभिन्न पूर्बाधारहरू बिशेषगरी सडक निर्माणको माग ब्यापक रूपमा आएको छ । यी पूर्बाधारहरू निर्माण गर्दा प्रचलित मापदण्डहरूको पालना गरिनु एकदम आवश्यक छ । हालसम्म निर्माण भएका अधिकांस पूबार्धारहरूको निमार्ण गर्दा मापदण्डको पूर्ण रूपमा पालना भएको देखिदैन छैन । जस्तै भवन निर्माणगर्दा सरकारी मापदण्ड अनुसार मान्यता प्राप्त, दक्ष डकर्मी र सिकर्मीको प्रयोगको साथै भुकम्प प्रतिरोधी प्रकारको संचना निर्माण गर्नु आवश्यक देखिन्छ ।

वन, वाताबरण तथा  विपत ब्यस्थापनका क्षेत्रमा कार्यक्रमहरू जनस्तर र सरकारी स्तरबाट केही संचालन गरिएका भए पनि विपत ब्यवस्थापनको लागि पूर्बतयारीको ठोस रूपमा कामहरू हुन सकेका छैनन् । वन, वातावरण तथा विपत ब्यवस्थापन सम्बन्धि कार्यक्रमहरू अन्य कार्यक्रमहरूको हिस्साको रूपमा समाबेसी ढंगले योजना बनाई कार्यान्वयन गरिनु पर्दछ । अन्त्यमा यि सबै बिषयगत कार्यक्रहरूलाई ब्यवस्थित, पारदर्शि र सहभागितामुलक ढंगले सम्पन्न गर्न वार्ड समितिहरू र गाउँपालिकाको संस्थागत क्षमता अभिबृद्धि हुन आवश्यक छ । यसका लागि प्रचलित ऐन कानून पालना हुनेगरि यस दस्तावेजमा बिभिन्न कार्यक्रमहरू प्रस्ताव गरिएका छन् ।

# परिच्छेद ३: आवधिक योजनाको मार्ग-चित्र

आवधिक योजनाको निर्माण गर्नु भनेको विकास र सम्बृद्धिको सपना देख्नु जस्तै हो तर यो निदाएको बेलामा देख्ने सपना भन्दा फरक छ। यो बिउंझिएकै अवस्थामा खुल्ला दिमागले विद्यमान सत्य तत्थ्यका आधारमा गम्भीर सोच बिचारकासाथ देख्ने सपना हो । तलको चित्रमा प्रस्तुत गरे जस्तै यस परिवर्तन गाउँपालिकाको पांचबर्षको विकास र सम्बृद्धिको मार्गचित्र निर्माण गर्ने प्रयास भएको छ ।




यस योजनाको अन्तीम गन्तव्य कता हो र खास के देख्न खोजेको हो भन्ने सन्दर्भमा एउटा दुरदृष्टि निश्चित गरिएको छ जुन योजना अवधिभन्दा लामो समयसम्मको छ । त्यसैगरी योजनाको अवधि पांचबर्षमा प्राप्त गर्न सकिने खालको समग्र लक्ष निर्धारण गरिएको छ । समग्र लक्षको साथमा प्रत्येक बिषयगत बिर्षकका लक्षहरू निर्धारण गरिएकाछन् जसलाई यस दस्तावेजमा सहायक लक्षका रूपमा ग्रहण गरिएका छन् । सबै सहायक लक्षहरू सफलतापूर्बक प्राप्त भएमा समग्र लक्ष प्राप्त हुनेछ भन्ने मान्यता रहेको छ ।

त्यसैगरी हरेक बर्षमा सम्पन्न गर्न सकिने खालका अनुमानित बजेट सहितका योजनाहरू निर्माण गरिएका छन् जसलाई यो मार्गचित्रमा कोसेढङ्गाको रूपमा लिईएको छ । हरेक बर्षको अन्त्यमा गरिने अनुगमन तथा मूल्यांकनलाई निर्धारित कोशेढुङ्गामा पुगियो कि पुगिएन भनेर समिक्षा गर्ने साधनको रूपमा लिईएको छ । त्यस्तै प्रत्येक बिषयगत शिर्षकका लागि केही रणनीति तथा कार्यनीतिहरू तय गरिएकाछन् जसले समग्र मार्गचित्रमा अगाडि बढ्ने नीतिगत मार्ग प्रसस्त गर्दछन् ।

## ३.१ आवधिक योजनाको समग्र लक्ष तथा उद्देश्यहरू

परिवर्तन गाउँपालिकाको १५ बर्षको दुरदृष्टि अर्थात Vision:

**समृद्ध, सुरक्षित, सामाजिक न्याय र सुशासनयुक्त परिवर्तन गाउँपालिका**

**दुरदृष्टि अर्थात भिजनको व्याख्या:**

**सम्बृद्धः** परिवर्तन गाउपालिकाको समग्र भिजन सम्बृद्धि नै हो । हालको अवस्थामा आधाभन्दा बढी घरपरिवार राष्ट्रले निर्धारण गरेको गरिवीको रेखा मुनी छन् । उचित पौष्टिक आहाराको मापदण्ड अनुसार खान पाएका छैनन्, परिवारका सदस्यहरूलाई पाल्न मुश्किलको परिरहेको अवस्था छ । विद्यालय उमेरका वालवालिकाहरू कुपोषित छन् । यी सबै गरिवी र आम्दानीको स्रोतको कमी भएका कारणले हो । त्यसैले परिवर्तन गाउँपालिका आफ्ना जनताको यो अवस्थाबाट माथि उठेको जीवनयापन देख्न चाहन्छ ।

**सुरक्षितः** सम्पन्नता आउंनसक्तछ तर त्यसरी आएको सम्पन्नताले जीवनयापनलाई सुरक्षि बनाउन पनि आवस्यक छ । प्राकृतिक वा मानवीय कारणले आउंने विपदको सामना गर्न सक्ने क्षमता सहितको सम्बृद्धि आउंन आवश्यक छ । जस्तै व्यक्तिले राम्रो घर बनाउने मात्र नभएर भूकम्प प्रतिरोधि घर बनाउन सकोस् भन्ने भिजन हो । त्यस्तै जलवायु परिवर्तनले धेरै नकारात्मक प्रभावहरू पारेको छ र यो क्रम बढ्दो रूपमा जारी छ । जनताले सिंचाईको कुलो बनाउंन सक्तछन् तर पानीको स्रोत नै सुक्ने क्रम जारी छ । तसर्थ कुनै पनि विकास र निर्माणका काम यस्ता प्रकारका परिवर्तन अनुकुलनतामा आधारित हुन सकेको अवस्थालाई सुरक्षित भन्ने जनाउंदछ ।

**सामाजिक न्यायः** समाजमा धेरै वर्ग र आर्थिक अवस्थाका भएका व्यक्तिहरूको बसोबास रहेको छ । जेष्ट नागरिकदेखि बालबच्चासम्म र महिलादेखि भिन्न क्षमता भएका व्यक्तिहरू समेत छन् । लैंगिक विभेददेखि जातीय बिभेदसम्म विद्यमान छन् । यस्तो अवस्थामा सम्पन्न र सक्षम व्यक्तिहरूलाई क्रमश करको दायरामा ल्याउंदै विपन्न र कम सक्षम व्यक्तिहरूलाई सेवा र सुविधामा राहत पाउंने निश्चित गरिएको अवस्था देख्न खोजेको जनाउंदछ । सामाजिक न्याय भन्नाले नियम कानूनले बांधेर मात्र हैन सम्पन्न व्यक्ति वा समुदायमा विपन्नलाई थप सहयोग गर्ने सोचको समेत विकास भएको अवस्था देख्न खोजेको हो ।

**सुशासनयुक्तः** सार्वजनिक निकायहरूबाट गरिने सबै प्रकारका काम र सेवा प्रवाहलाई सहभागिमूलक, पारदर्सी, जिम्मेवारीपूर्ण, प्रभावकारीढंगले, चुस्त दुरुस्त, छिटो छरितो किसिमले संचालन गर्नुलाई सुशासनका आधारका रूपमा लिईन्छ । यस गाउँपालिकामा गाउँपालिकाले मात्र नभएर सबै सार्वजनिक निकाय तथा संगठीत गैर सरकारी तथा नीजि संघ संस्थाका काम र सेवा समेत सुशासनका निर्धारित मापदण्ड अनुरुप भएको देख्ने सपना रहेको छ ।

**परिवर्तन गाउँपालिकाको ५ बर्षको लक्ष (Goal):**

कृषि र पशुपालनको व्यवसायिकरण, सामाजिक क्षेत्रमा पहुंचको बृद्धि, आधारभुत एवम् आधुनिक संरचनाहरूको निर्माण, सार्वजनिक सेवा प्रवाहमा नविनतम् विकसित प्रविधिको प्रयोगद्वारा चुस्त दुरुस्त बनाउंदै परिवर्तन गाउँपालिका बासीको जीवनस्तर गुणात्मक र दीगो रूपमा सुधार गर्ने ।

**लक्षको थप वाख्या:**

**व्यवसायिकरण:** सम्बृद्धिको साधनको रूपमा कृषि र पशुपालनलाई लिईएको छ । परम्परागत निर्वाहको लागि गरिने खेती प्रणालीबाट माथि उठी नमूना ल्पटहरूको प्रदर्शन सहीत सम्भव भएका ठाउंमा चक्लाबन्दी प्रणाली र यान्त्रिकिकरण प्रविधि अपनाउंदै कृषि र पशुपालनलाई व्यवसायिकरण गर्ने सोच रहेको छ ।

**सामाजिक क्षेत्रमा पहुंचको बृद्धि:** सामाजिक क्षेत्र भन्नाले मुख्य रूपमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, आदि पर्दछन् । त्यसमा पनि शिक्षा र स्वास्थ्य प्रमुख रूपमा रहेका छन् । यी क्षेत्रमा सर्वसाधारणले सजिलैसित जान सक्ने र त्यस्ता संस्थाबाट पाउंनु पर्ने सेवा र सुविधाहरू सजिलैसंग पाउंन सक्ने अवस्था प्राप्त गर्ने ।

**आधारभुत र आधुनिक संरचनाहरूको निर्माण:** आधारभुत भन्नले साधारण जीवन यापनका लागि नभै नहुने संरचनाहरूलाई लिईएको छ । आवस्यकता पूर्ति एउटा पक्ष हो भने आधुनिक संरचना निर्माण अर्को पक्ष हो । जस्तै स्वास्थ्य चौकीको भवन छैन भने स्थानीय स्तरको भवन वनाउने एउटा पक्ष हो भने आधुनिक खालको भवन निर्माण अर्को पक्ष हो । तत्कालको आवस्यकता पूर्ति र दीर्घकालिन र सुरक्षित संरचनाको बिचमा तालमेलल्याई अन्त्यत: आधुनिक संरचना निर्माण गर्ने सोच रहेको जनाउंदछ ।

**नविनतम् प्रविधिको प्रयोग:** देश र समाजमा विकास भएका नयाँ भन्दा नयाँ प्रविधिहरूलाई क्रमश प्रयोगमा ल्याउंदै सार्बजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने लक्ष लिएको छ । उदाहरणका लागि ईमेल तथा ईन्टरनेट सेवा क्रमश सर्बसुलभ हुंदै गएका छन् । त्यस्तै कम्प्यूटरको प्रयोग द्वारा धेरै कामहरू छिटो छरितो र थोरै श्रमबाट गर्न सकिन्छ । यस्ता प्रविधिहरूलाई सकेसम्म धेरै अभ्यासमा ल्याउंने र काममा प्रभावकारीता प्रदर्शनगर्ने लक्ष रहेको छ ।

**गुणात्मक र दीगो:** कुनै पनि विकास र सुधार तत्कालका लागि सुविधाजनक हुन सक्तछ तर आयोजना वा सहयोग सकिनासाथ जनजीवन पहिलेको जस्तै रूपमा फर्कने प्रबृत्ति पनि नभएको हैन । जस्तै एउटा व्यक्तिले पेटभरी खान पाउंदछ तर सुख्खा रोटी वा भात मात्र खान पाउंदछ भने त्यो गुणत्मक भएन । यसको सट्टामा उसले सबै पौष्टिक तत्वहरू मिलेको खाना पेटभरी र निरन्तर रूपमा खान सकोस् । गाउँपालिकाले जे जस्तो विकास र निर्माण गर्दछ, त्यसले दीगो र गुणात्मक खालको जीवन यापन जिउंन सहयोग गरोस् भन्ने लक्ष हो ।

## बिषयगत शिर्षकका लक्षहरू

| आर्थिक विकास | सामाजिक विकास | पूर्बाधार विकास | वतावरण तथा विपद | संस्थागत विकास तथा सेवा प्रवाह |
|---|---|---|---|---|
| कृषि र पशुपालनमा व्यवसायीकरण, चक्लाबन्दी सहितका नमूना ल्पट प्रदर्शनीद्वारा उत्पादनमा विविधिकरण, पर्यटन र अन्य उद्योगहरूको सम्भावनाहरू उजागर गर्दै आर्थिक उन्नती गर्ने । | आधारभूत स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा, सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने । | भएका संरचनाहरूको स्तरोन्नती गर्दै जनचाहना अनुसारका सबै पूर्बाधारहरूलाई सुरक्षित र दीगो बनाउने । | वन, जैविक विविधता तथा वातावरणको सम्बर्द्धन, संरक्षण र दीगो उपयोग गर्दै विपद जोखिम सामना गर्ने क्षमता विकास गर्ने । | गाउँपालिका तथा वडा कार्यालयहरूलाई सशक्त स्थानीय सरकारका रूपमा स्थापित गरी सबै सरोकारवालाहरूको कार्यसम्पादनकोस्तर जनताले प्रत्यक्ष अनुभव गर्न सक्ने स्तरमा बृद्धि गर्ने । |

**आर्थिक विकासः** समग्र लक्षलाई योगदान पुग्ने गरी पांचैवटा विषयगत शिर्षक अन्तर्गत एक-एकवटा लक्ष निर्धारण गरिएका छन् । यी बिषयगत लक्षहरूलाई समग्र लक्षको सहायक लक्षहरूको रूपमा ग्रहण गरिएको छ । माथि उल्लेखित आर्थिक विकासको लक्षले कृषिमा पनि कुन-कुन खेतीमा व्यवसायिकरण हुन सक्तछ भन्ने किटान गरेको छ । कृषि तथा पशुपालनलाई समग्र सम्बृद्धिको साधनको रूपमा लिईएकोले एक-दुईजना कृषक व्यवसायी हुंदैमा यो लक्ष पुरा भएको मान्न सकिंदैन । यो लक्ष प्राप्तीका लागि यस गाउँपालिकाका आधाभन्दा बढी कृषक निर्वाहमुखी खेती तथा पशुपालनबाट माथिउठी व्यवसायिक उत्पादनमा लागेको अवस्था आउंन आवस्यक छ ।

**सामाजिक विकासः** यस शिर्षकको लक्षले सेवाको उपलब्धता र गुणस्तरलाई जोड दिएको छ । बिद्यमान संरचनाहरूलाई हेर्दा शिक्षा तथा स्वास्थ्यको उपलब्धतामा भन्दा पनि गुणस्तरमा सुधार हुन आवस्यक देखिन्छ । उदाहरणका लीग नयाँ विद्यालय वा स्वास्थ्यचौकी खोल्ने हैन भएका संस्थामा सेवाको गुणस्तर सुधार गर्ने लक्ष हो ।

**पूर्बाधार विकासः** पूर्बाधार विकासमा मुख्य चासोको विषय मोटरबाटो रहेको छ । वर्तमान अवस्थालाई हेर्दा धेरैभन्दा धेरै मोटरबाटोहरू बनी सकेकाछन् । यो योजना अवधिमा नयाँ बाटा खन्नुभन्दा पनि भएका बाटाहरूको स्तरोन्नती गर्ने र सेवा सुचारु गर्ने लक्ष लिएको छ । त्यसैगरी अन्य पूर्बाधारहरूमा पनि स्तरोन्नती र निर्माणलाई सन्तुलनमा ल्याउंने लक्ष राखेको छ ।

**वातावरण तथा विपदः** वातावरणतर्फ संरक्षण र दीगो उपयोगको लक्ष लिएको छ । वातावरणको संरक्षण तथा संबर्द्धनले वातावरण अनुकुलनता वनाउन सहयोग गर्दछ भन्ने मान्यता रहेको छ । विपदतर्फ कुनै पनि विपदबाट आउन सक्ने जोखिमहरूलाई सामना गर्नसक्ने क्षताको विकास गर्ने लक्ष छ ।

**संस्थागत विकास र सेवा प्रवाहः** स्थानीय सरकारको संरचना पहिलो पटक कार्यान्वयन भएको र यो पहिलो आवधिक योजना भएकाले यस योजनाको अवधिमा गाउँपालिकाले आफ्नै संस्थागत विकासलाई जोड दिईएको छ । यसका साथै सुशासनलाई मध्यनजरमा राखी सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष लिएको छ ।

**बिषयगत शिर्षकका उद्देश्यहरू**

| आर्थिक विकास | सामाजिक विकास | पूर्वाधार | वतावरण तथा विपद | संस्थागत विकास तथा सेवा प्रवाह |
|---|---|---|---|---|
| (१) कृषि उत्पादनमा ( सुन्तला, स्याउ, कागती, तरकारी, अदुवा, बेसार, माहुरीपालन, अनारखेती र आलु खेती) व्यवसायीकरण तथा विविधिकरण भएको हुनेछ।<br>(२) पशुपालनमा ( बाखा, बंगुर र कुखुरा) व्यवसायिक तथा उत्पादनमा विविधिकरण सहितको बृद्धि भएको हुनेछ ।<br>(३) कृषि-वनतर्फ सम्भाव्य उद्योगको विकास र व्यवसायको सिर्जना गरी व्यवसायिकतामा अभिबृद्धि र थप रोजगारीको स्रिजना भएको हुनेछ ।<br>(४) परम्परागत सिंचाई प्रणलीलाई प्रबर्धन गर्दै वैकल्पिक उपाएहरुको समेत खोजिगरी सिंचाई सुविधाको विस्तार भएको हुनेछ ।<br>(५) पर्यटकीय स्थलहरूको पहिचान, सम्भाव्य सेवा र पूर्वाधारहरूको विकास, सम्भाव्य ठाउंहरूमा होमस्टेको विकास र प्रवर्धन भएको हुनेछ ।<br>(६) वैंक तथा वित्तीय सुविधा तथा सेवा विस्तार तथा प्रवर्धन भएको हुनेछ । | (१) आधारभूत तथा विद्यालय शिक्षामा पहुँच र गुणस्तर तथा प्राविधिक एवं उच्च शिक्षामा लक्षित वर्ग र क्षेत्रको पहुँच बृद्धि भएको हुनेछ ।<br>(२) आधारभूत स्वास्थ्य सेवा तथा सुविधाको उपलब्धता तथा गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।<br>(३) खानेपानी तथा सरसफाई सेवा सुविधाको उपलब्धता र गुणस्तरमा वृद्धि भएको हुनेछ ।<br>(४) विपन्न तथा लक्षित वर्गको क्षमता, सहभागिता र आधारभूत सेवा तथा सुविधाको पहुँचमा वृद्धि भएको हुनेछ ।<br>(५) सु-संस्कृत, सिर्जनशील र व्यवसायिक यूवाशक्तिको विकास भएको हुनेछ ।<br>(६) स्थानीय कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्धन भएको हुनेछ । | (१) भएका पूर्वाधारहरूको विस्तार र गुणस्तर बृद्धिगरी गाउँपालिकाको सबै वडाहरूमा सडक यातायात सुचारु भएको हुनेछ ।<br>(२) आवास, वस्ती र सार्वजनिक भवनहरूको निर्माण एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ ।<br>(३) विद्युत तथा वैकल्पिक ऊर्जाको प्रवर्धन, उत्पादन र उपयोगमा बृद्धि भएको हुनेछ ।<br>(४) सूचना तथा संचार प्रविधि र सूचनाको उपलब्धता र गुणस्तरमा अभिबृद्धि भएको हुनेछ । | (१) सामुदायिक, नीजि तथा सरकारी वन कार्यक्रम मार्फत वन श्रोतको संरक्षण, संबर्द्धन गरी वैज्ञानिक व्यवस्थापन र संचितीमा वृद्धि भएको हुनेछ ।<br>(२) जलाधार संरक्षण तथा भूमिको एकीकृत तथा व्यवस्थित उपयोगमा बृद्धि भएको हुनेछ ।<br>(३) गाउँको सुन्दरता, पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलनतामा अभिबृद्धि भएको हुनेछ।<br>(४) विपद् जोखिमको सामना गर्ने क्षमताको बृद्धि तथा क्षती न्यूनीकरण भएको हुनेछ । | (१) स्थानीय कानून, नीति तर्जुमा चुस्त दुरुस्त र पालना अभिबृद्धी भएको हुनेछ ।<br>(२) गाउँपालिका तथा वडा कार्यालयहरुको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिबृद्धि भएको हुनेछ ।<br>(३) गाउँपालिका को आन्तरिक तथा वाह्य श्रोत परिचालनमा अभिबृद्धि भएको हुनेछ ।<br>(४) योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन नतिजामूलक तथा प्रभावकारी भएको हुनेछ । |

## बिषयगत शिर्षकका रणनीतिहरू

| आर्थिक विकास | सामाजिक विकास | पूर्वाधार | वतावरण तथा विपद | संस्थागत विकास तथा सेवा प्रवाह |
|---|---|---|---|---|
| (१) **उपलव्धीमूलक कामः** विगतको कार्यक्रम छनौट र बजेट विनियोजन प्रथामा व्यापक सुधार ल्याई उपलब्धिमूलक कामका लागि लगानी गर्ने र उपलब्धिको प्रभावकारी रूपमा अनुगमन र समिक्षा गर्ने नीति अवलम्वन गर्ने ।<br>(२) **युवा आकर्षित कृषिः** विगतको 'कनिका छर्ने खालको बजेट र कार्यक्रम' संस्कारबाट बाहिरआई शिक्षित र यूवा आकर्षित गर्ने खालको कृषि प्रणालीको विकास गर्ने ।<br>(३) **उत्पादनमा व्यवसायिकरणः** कृषि उत्पादन, फलफुल खेती तथा पशुपालनलाई व्यवसायिकरण गरी परम्परागत निर्वाहको लागि गरिने खेतीबाट कृषकहरूलाई क्रमश व्यवसायिकतातर्फ रुपान्तरण गर्ने ।<br>(४) **समय सापेक्ष यान्त्रिकिकरणः** समय सापेक्ष, दीगो हुनसक्ने, कृषकलाई थप बोझ नहुने खालको यान्त्रिकिकरणको विकास नीति लिने ।<br>(५) **पशुपालनतर्फ कामगर्नेलाई प्रयाप्त सहयोगः** नदेखिने कामका लागि बजेट छर्नुभन्दा प्रभावकारी र व्यवसायिक रूपमा पशुपालन गर्ने ईच्छा र सम्भावना भएका किसानलाई प्रभावकारी सहयोग गर्ने । | (१) **शिक्षक राजनीतिः** सामुदायिक विद्यालयका शिक्षकलाई कुनै पनि राजनितिक दलको कार्यकर्ताको रूपमा काम गर्न निरुत्साहित गर्ने ।<br>(२) **नीजिस्रोत शिक्षकः** विकासको लागि आएको बजेटबाट तलव खाने गरी स्थानीय स्रोतबाट शिक्षक भरना गर्ने विगतको परिपाटीलाई निरुत्साहित गर्ने ।<br>(३) **सामुदायिक र नीजि बिद्यालयः** सामुदायिक विद्यालयको गुणस्तर माथि उठाउने र नीजि विद्यालयहरूको आर्थिक अराजकता नियन्त्रण गर्ने नीति अवलम्बन गर्ने ।<br>(४) **सामुदायिक बिद्यालयको भौतिक अवस्थाः** विगतको पाटि-पौवाको स्तरबाट उन्नती गरी सुविधा सम्पन्न घर जस्तो बनाउने । | (१) **ठेक्का पट्टा र अमानतः** विद्यमान नियम कानूनको अधिनमा रही गाउँपालिकाको बजेटबाट गरिने विकास र निर्माणका काममा ठेक्का पट्टा भन्दा बढी मात्रामा उपभोक्ता समूह परिचालन गर्ने नीति अवलम्वन गर्ने ।<br>(२) **सार्वजनिक सुनुवाईः** गाउँपालिकाबाट गरिने १० लाख भन्दा बढी खर्च भएका कुनै पनि कामको सार्वजनिक सुनुवाईका लागि गाउँपालिका तयार र उदार रहने ।<br>(३) **अधुरो राख्ने संकारबाट बाहिर आउनेः** अधुरो संस्कारबाट बाहिरआई दीर्घकालिन, सुरक्षित र प्रत्यक्ष लाभ हुने खालका पूर्वाधारहरूको निर्माण र विकास गर्ने ।<br>(४) **अनावश्यक लाई हटाउनेः** विगतमा भए गरेका अधुरा पूर्वाधारहरूको मर्मत, संभार र स्थाईत्व सम्भव छैन भने त्यस्ता पूर्वाधारहरू बन्द गर्ने वा हटाउने । | (१) **आयोजनाको एक द्वार प्रणालिः** वन तथा वातावरणको विकासका लागि आएका र आउने बिभिन्न दातृसंस्थाले लगानि गरेका आयोजनाहरू पालिकाको नीति तथा प्राथमिकतामा ल्याउने ।<br>(२) **वातावरणीय प्रभावको अग्रीम आँकलनः** कुनै पनि आयोजना छनौट गर्नुभन्दा पहिले नै त्यसले वातावरणलाई के कति क्षति पुऱ्याउंछ भन्ने वारेमा राम्रो छलफल र बहस गर्ने ।<br>(३) **हरियालीको विकासः** 'हरियो वन परिवर्तन गाउँपालिकाको धन' लाई यस गाउँपालिकाले वन तथा वातावरणको मुल मन्त्र बनाउने । | (१) **बराबरी संस्कारबाट बाहिर आउनेः** विगतको बजेट भागबण्डाको संस्कारलाई निरुत्साहित गर्दै भागबण्डा र प्राथमिकतामा सन्तुलन ल्याउने ।<br>(२) **कामगर्ने तौर तरिकाः** नयाँ नेपालको कुरा भैरहेको सन्दर्भ छ तर काम गर्ने तरिका हेऱ्यो भने पुरानै छन् (कतिपय राणा कालिन तरिका पनि अभ्यासमा छन्) । यो संस्कारबाट बाहिर आउन आवश्यक छ । त्यसैले, विकसित प्रविधिको अत्यधिक प्रयोग गरी कामगर्ने तरीकामा व्यापक सुधार ल्याउने ।<br>(३) **के लिने के नलिने ?** पालिकामा पैसा (बजेट) आउँछ भन्दैमा जसले जे दिए पनि लिने संस्कारबाट मुक्त हुने । बहिरबाट थोपरिएको कार्यक्रम र सहयोग लिंदा कालान्तरमा स्थानीयले ठुलो मूल्य चुकाउनु पर्ने पक्षमा सुरुदेखि नै सचेत हुने । |

**बिषयगत शिर्षकका कार्यनीतिहरू**

| आर्थिक विकास | सामाजिक विकास | पूर्वाधार विकास | वतावरण तथा विपद | संस्थागत विकास तथा सेवा प्रवाह |
|---|---|---|---|---|
| (१) कृषि विकासका लागि सरोकार राख्ने सबै निकायहरूको बीचमा सक्रिय समन्वयमा उन्नत प्रविधि, प्रचार प्रसार, क्षमता र उपकरणहरू ब्लकमा आबद्ध कृषक समूह मार्फत हस्तान्तरण गरिनेछ ।<br>(२) ल्बकका आधारमा स्थापना गरिने व्यवसायिक फलफूल बगैचा तथा उत्पादनहरूमा एउटा क्षेत्रका सबै कृषकले व्यवसायिक उत्पादनमा भागलिन सक्ने गरी कार्यक्रमहरू संचालन गरिनेछ ।<br>(३) बाखा, बंगुर, कुखुरा र माउरी पालनलाई ब्यावसायीकरण गर्न प्राथमिकता दिई कार्यक्रम संचालन र लगानी गरिनेछ।<br>(४) उत्पादनको परिमाणलाई हेरी बजारको उपलब्धतालाई सहकारी मार्फत थप बिस्तार, व्यवस्थित र प्रभावकारी बनाउदै लगिने छ ।<br>(५) कृषि, पशुपालन तथा पर्यटन क्षेत्रमा भएको लगानी र खर्चलाई उपलब्धीको रूपमा नलिई त्येसबाट प्राप्त नतिजा वा प्रतिफललाई उपलब्धीको रूपमा गणना गर्नेगरी कार्यक्रम संचालन गरिने छ | (१) विद्यालयको सुधार र निर्माणको लागि विद्यालय व्यवस्थापन समिति शिक्षकहरुलाई नै जिम्मेवार वनाईने छ।<br>(२) शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रभावकारी रूपमा कामगर्ने र लामो समयसम्म यस गाउँपालिकामा सेवागर्ने व्यक्तिहरूलाई बार्षिक रूपमा पुरस्कारको व्यवस्था गरिने छ<br>(३) विद्यालय तथा स्वास्थ्य चौकिहरूको भवन निर्माण गर्दा सम्बन्धित व्यवस्थापन समितिहरूलाई नै बढी जिम्मेवार बनाईने छ । | (१) कुनै पनि निर्माणको काम ठेकेदारबाट वा उपभोक्ता समूह मध्ये जोसुकैबाट गरिएको भए पनि त्यस्ता कामबाट हुनसक्ने चुहावटको अवस्थालाई गाउँपालिकाले सून्य सहनसिलताको नीति लिने छ ।<br>(२) नयाँ निर्माणलाई भन्दा भएका पूर्बाधरहरूको स्तर उन्नती गरी व्यवहारिक र प्रत्यक्ष रूपमा जनताले सेवा र सुविधा पाउंने खालका पूर्बाधारहरूलाई प्राथमिकतामा राखिने छ<br>(३) सडक, भवन, र अन्य निर्माण सम्बन्धि काम गर्दा सम्भाव्यता अध्ययन, वाताबरणिय प्रभाव अध्ययन, बिस्तृत लागत डिजाईन, लगानीमा प्रतिफलको बिश्लेषण र भवन निर्माण अचार संहिता अनिवार्य रूपमा पालना गर्ने व्यवस्था गरी निर्माण कार्यहरू सबल र सुरक्षित बनाउने । | (१) अधिकतम स्थानीय स्रोत र साधनमा आधारित, कम खर्चिलो, स्थानीय जनसहभागिताबाट सम्पन्न गर्न सकिने प्रविधि अनुशरण गरिनेछ ।<br>(२) वन, वातावरण र विपदका लागि अलग्गै कार्यक्रम तथा बजेट राख्नुभन्दा सबै बिषय शिर्षक अन्तरगतका योजनाहरु संचालन गर्दा यो बिषयमा पनि उचित ध्यान दिईने छ<br>(३) हरेक कार्यक्रममा वन तथा वातावरणपक्षलाई समावेस गर्ने ।<br>(४) सबै सार्वजनिक विद्यालयहरुमा वातावरणसंग सम्वन्धित शैक्षिक कार्यक्रम राख्ने<br>(५) यस गाउँपालिकाले हरेक बर्ष व्यक्ति वा संघ संस्थालाई दिने गरी वातावरण संरक्षण पुरस्कारको स्थापना गर्ने । | (१) गाउँपालिकामा बेरुजु आउंने अवस्था सिर्जना नहुने गरी कार्यक्रमहरू संचालन गरिने छन् । कंहि कतैबाट सैद्धान्तीक बेरुजु आईहालेमा जसका कारणले बेरुजु आएको छ उसैलाई जिम्मेवार वनाई यथासिघ्र फर्छ्यौटको कदम चालिने छ ।<br>(२) गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूले गर्ने काममा कुनै पनि खालको ढिला सुस्ती हुन नपाउंने व्यवस्था गरिने छ ।<br>(३) कुनै व्यक्तिका कारणले जनताले दुखसास्ती भोग्नु परेमा त्यस्तो व्यक्तिबाट पिडकलाई क्षतिपुर्ति भराउने व्यवस्था सहितको नीयम बनाउने । |

यसरी कार्यनीति, रणनीति, उद्देश्यहरू र बिषयगत शिर्षकका लक्षहरूको सिधा सम्बन्ध समग्र लक्षसंग हुन्छ । सबै लक्ष तथा उद्देश्यहरू क्रमागत रूपमा पुरा हुंदै गएमा समग्र लक्ष प्राप्त गर्न सकिन्छ । भिजन प्राप्त गर्न सकिने अवस्था हुंदैन तर समग्र लक्ष प्राप्त भएको स्थान वा अवस्थाबाट हेर्दा भिजन नजिक देखिन्छ भन्ने मान्यता रहेको छ ।

## ३.२ स्रोतको आँकलन

विकास योजना निर्माणका लागि स्रोतको उपलब्धता र आँकलन अपरिहार्य हुन्छ । सम्भाव्य स्रोत र साधनका आधारमा लक्ष तथा उद्देश्यहरु निश्चित गरी योजना निर्माण प्रकृया अगाडि बढाउने भन्ने सबै जनप्रतिनिधि तथा विज्ञ समूहको सहमती अनुसार स्रोत आँकलनको छलफल गरियो । रोल्पा जिल्लाको पनि दुर्गम मध्येमा एक पर्ने परिवर्तन गाउँपालिकामा स्थानीय स्रोत र साधन ज्यादै न्यून रहेको पाईयो । यो योजना तर्जुमा गर्ने क्रममा स्थानीय जनप्रतिनिधिहरूले लगभग दुई आर्थिक बर्षको अनुभव गरीसकेका छन् । बितेका दुई बर्षको अनुभवको आधारमा आगामि तीन बर्षका लागि स्रोतको आँकलन गर्दा केन्द्र सरकार र प्रदेश सरकारको अनुदान नै यस गाउँपालिकाको मुख्य स्रोत रहेको देखिन्छ ।

यस गाउँपाललिकामा हालसम्ममा कुनै ठुलो गैर सरकारी संस्थाले काम गरेको पाईएन । नेपाल रेडक्रसले खानेपानी तथा सरसफाईसंग सम्बन्धित स-साना आयोजनाहरू संचालन गरिरहेको देखिन्छ र आगामि बर्षहरूमा पनि त्यही स्तरमा निरन्तरता दिने सम्भावना रहेको भनिन्छ । नव आगन्तुक संघ संस्थाहरूको सम्भाव्यताका दृष्टिकोणले भविश्यका लागि आँकलन गर्दा जाईका तथा युनिसेफ जस्ता संस्थाहरू आउंन सक्ने सम्भावना रहेको कुरामा सबै जनप्रतिनिधिहरू सहमत हुनुहुन्छ । जाईकालाई विद्यालय भवन तथा पुल निर्माणका लागि अनुरोध गर्ने र युनिसेफलाई स्वास्थ्य केन्द्रका पूर्बाधार तथा उपकरण जुटाउन सहयोग गर्न अनुरोध गर्ने भन्ने गाउँपालिकाको ठम्म्याई रहको छ । त्यसैगरी नेपालमा कार्यरत अन्य दातृ संस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारकारी संस्थाहरूलाई यस क्षेत्रमा आउंनका लागि अनुरोध गर्ने र आउंने भएमा गाउँपालिकाले निश्चित गरेको कार्यक्रम र प्राथमिकतामा काम गर्न अनुरोध गर्ने भन्ने सबैको सहमती रहेको छ । त्यसै अनुरूप स्रोतको आँकलन गरिएको छ ।

सडक यातायातको पहुंच छ भनिन्छ तर यो भन्न वा लेख्नका लागि मात्र छ । सडकको अवस्था ज्यादै नाजुक छ र यातायातका साधनहरू सजह र सरल रूपमा चल्न सक्ने अवस्था छैन र यो अवस्था तत्काल सुधार हुन्छ भन्न सकिने अवस्था पनि छैन । त्यसैले बजार तथा उद्योगको विकास गरी केही बर्ष भित्रैमा गाउँपालिकाको करको दायरा फराकिलो पार्ने अवस्था पनि देखिदैन । गाउँपालिकाको समग्र दुरदृष्टि तथा लक्ष आर्थिक सम्बृद्धमा केन्द्रित रहेको छ । यसको तात्पर्य आर्थिक उन्नती गरी गाउंवासीको जीवनस्तर उकास्नु नै यस गाउँपालिकाको यो पंचबर्षीय योजनाको लक्ष हो । यस लक्षतर्फ अगाडि बढ्नका लागि साधनको रूपमा कृषि र पशुपालनलाई लिएको छ । कृषि तथा पशुपालनलाई व्यवसायिकरण गरी आर्थिक उन्नती गर्ने सम्भावा रहेको सबैको ठहर छ तर यसबाट गाउँपालिकाको आम्दानीको स्रोत बढ्ने सम्भावना ज्यादै कम छ ।

कृषि, पशुपालन, वन्यपैदावार तथा खनिजहरूसंग सम्बन्धित उद्योग व्यवसायको विकास गर्न सकिने सम्भावना देखिन्छ तर आगामी तीनबर्षको अवधिमा सम्भाव्यता अध्ययन र पूर्बाधारको विकास मात्र सम्भावना रहेको देखिन्छ । त्यस्ता उद्योगहरू संचालन भएर गाउँपालिकाको स्रोत बृद्धि हुनका लागि कम्तिमा पनि अर्को दश बर्षको अवधि लाग्ने देखिन्छ । त्यसैगरी पर्यटन विकास अर्को सम्भावनाको क्षेत्र हो तर सडक यातायातको राम्रो विकास नभै पर्यटनबाट ठोस उपलव्धी हुन सक्ने अवस्था छैन । यो योजनाको अवधिमा सडक सुधारको साथै पर्यटन विकासका लागि आवश्यक अरु पूर्बाधारको विकास गर्न सकियो भने अर्को दश पन्द्रबर्षको अवधिमा पर्यटनको विकासले स्थानीय स्रोतमा योगदान गर्ने सम्भावना

देखिन्छ । त्यसैले यो पंचबर्षीय योजनाको स्रोतको आँकलन गर्दा यिनै वास्तविकता र विगत दुई बर्षको यथार्त अनुभवलाई आधार मानीएको छ ।

स्वाभावैले जनताका आकांक्षाहरू असिमित हुन्छन् र स्रोत सिमित हुन्छ । जुनसुकै स्तरमा योजना वनाउने भन्नासाथ यो पनि राखौं त्यो पनि राखौ भन्ने वातावरण बनिहाल्दछ । त्यसैले पंचबर्षे योजनाको प्रमुख गन्तव्यको रूपमा दुरदृष्टि तथा योजनाको अन्त्यसम्ममा प्राप्त गर्ने भनी निर्धारण गरिएका लक्ष तथा उद्देश्यहरू निश्चित भै सके पछि गाउँपालिकामा हुन सक्ने र बाहिरबाट आउंन सक्ने स्रोतको आँकलन गरिएको थियो । यो योजना तर्जुमा गोष्टिमा उपस्थीत गाउँपालिकाका आधिकारिक प्रतिनिधिहरूको संयुक्त छलफल यवम् वहसबाट आँकलन गरिएको आ व २०७४।७५ देखि आ व २०७८।७९ सम्मको स्रोत तलको टेवलमा उल्लेख गरिएको छ ।

**परिवर्तन गाउँपालिका आम्दानीका स्रोतहरू (रु लाखमा)**

| सिनं | आम्दानीका स्रोत | अनुमानित (रु लखमा) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०७४।७५ | ०७५।७६ | ०७६।७७ | ०७७।७८ | ०७८।८९ | |
| | **गा पा को कोषमा आउंन सक्ने स्रोत** | | | | | | |
| १ | केन्द्रीय अनुदान | १,७०० | ८०० | १,२०० | १,५०० | २,००० | ७,२०० |
| २ | प्रादेसिक अनुदान | ० | ३० | २०० | ३०० | ५०० | १,०३० |
| ३ | गा पा को आन्तरीक स्रोत | ३१ | १८ | २० | २० | २० | १०९ |
| ४ | अन्य स्रोत | | १०० | | | | १०० |
| | **गा पा को जम्मा स्रोत** | **७००** | **१,८००** | **१,६००** | **२,०००** | **२,५२०** | **८,४३९** |
| | **गा पा को पहलमा सशर्त आयोजनाको रूपमा आउन सम्भाव्य स्रोत** | | | | | | |
| **१** | केन्द्रीय आयोजना | ७०० | १,८०० | १,६०० | २,००० | २,५०० | ८,६०० |
| **२** | प्रादेसिक आयोजना | ० | १८० | ४०० | ६०० | ८०० | १,९८० |
| **३** | अन्य संघ संस्थाका आयोजना ( स्वादेसी, विदेसी) | ० | ३०० | ९०० | १,००० | १,००० | ३,२०० |
| | **जम्मा** | **७००** | **२,२८०** | **२,९००** | **३,६००** | **४,३००** | **१०,५८०** |
| | **कुल जम्मा** | **२,४३१** | **३,२२८** | **४,३२०** | **५,४२०** | **६,८२०** | **१९,०१९** |

आवधिक योजना वनाउने प्रयास गर्दा गर्दै आ व २०७४।७५ समाप्त भै सकेको र आ व २०७५।७६ पनि चालु अवस्थामा रहेको छ । त्यसैले आ व २०७४।७५ र आ व २०७५।७६ को स्रोतको आँकलन यथार्थको नजिकैको रहेको छ भने आ व २०७६।७७ देखि आ व २०७८।७९ सम्म अर्थात तीन बर्षको स्रोतको आँकलन यी दुई बर्षको यथार्थताको आधारमा गरिएको छ । त्यसैगरी अन्य संघ संस्थाहरूको आयोजनाको सन्दर्भमा स्रोतको आँकलनगर्दा हाल नेपाल रेडक्रसले खानेपानी तथा सरसफाईको क्षेत्रमा केही काम गरिरहेको र आगामि बर्षहरूमा जाईका तथा युनिसेफ जस्ता संस्थाहरूले बिषेशगरी पूर्वाधारमा लगानी गर्न सक्ने सम्भावना देखिएकोले सोही अनरुप स्रोतको आँकलन गरिएको छ ।

मालि उल्लेखित स्रोत नै यस गाउँपालिकाको योजना निर्माणको आधार हो भन्ने कुरा सबै पार्शदहरूले मनन् गरी पञ्चबर्षीय योजनको कार्यक्रम, प्राथमिकता र मोटामोटी बजेट आँकलनको अभ्यासमा छलफल गरिएको हो । यस क्रममा योजना निर्माण पाँचवटा बिषयगत शिर्षकमा तत् समन्धित शिषयगत समितिहरूको अगुवाईमा हुंने हुंदा प्रत्येक विषयगत समितिका लागि योजना निर्माणको सिमाको रूपमा बजेट सिलिङ निर्धारण गर्न अपरिहार्य हुन्छ । त्यसैले सबै पार्शदहरू बिचको छलफलबाट माथि उल्लेखित सम्भाव्य स्रोतलाई १०० मानी त्यसबाट कुन विषयगत समिति अन्तर्गतका विकास योजनामा कुन आर्थिक

बर्षमा मोटामोटी कति प्रतिशतका हिसावले स्रोत छुट्ट्याउने भन्ने अभ्यास गर्दा छलफलबाट आएको निश्कर्ष तलको टेबलमा प्रस्तुत गरिएको छ ।

| क्रसं | बिषयगत समिति | आ व २०७४।७५ | आ व २०७५।७६ | आ व २०७६।७७ | आ व २०७७।७८ | आ व २०७८।७९ |
|---|---|---|---|---|---|---|
| | **गाउँपालिकाको कोषमा आउन सम्भाव्य स्रोत** | | | | | |
| १ | आर्थिक विकास | १५ | २४ | २५ | २५ | २५ |
| २ | सामाजिक विकास | २० | २७ | २८ | २८ | २८ |
| ३ | पूर्वाधार | ५० | २७ | २७ | २७ | २७ |
| ४ | वतावरण तथा विपद | ५ | ११ | १० | १० | १० |
| ५ | संस्थाथत विकास र सेवा प्रवाह | १० | ११ | १० | १० | १० |
| | **जम्मा प्रतिशत** | **१००** | **१००** | **१००** | **१००** | **१००** |

माथि उल्लेखित प्रतिशतका आधारमा कार्यक्रम तथा अनुमानित बजेट आँकलन गर्नको लागि सिलिङ तयार गरी योजना तर्जुमाको काम अगाडि बढाईएको हो । यो मोटामोटी आँकलन हो । यसबाट गाउँपालिकाको प्राथमिकता पनि देखिन्छ । पहिलो आर्थिक बर्षमा गाउँपालिकाको आफ्नै पूर्बाधार राम्ररी बनी नसकेको, कर्मचारीहरूको पदपर्ति हुन नसकेको र विषयगत शाखाका कर्मचारीहरू आईनसकेको कारणले धेरैजसो स्रोत पूर्बाधारमा नै खर्च भएको देख्निछ । भौगोलिक विकटताको कारणले भौतिक पूर्बाधारको माग अझै पनि सबैभन्दा माथि रहेको कुरा पनि सबैले समिक्षा गरेको हो । यासे हुंदाहुंदै पनि आगामी बर्षदेखि सबै बिषयगत क्षेत्रहरू उत्तिकै महत्वपूर्ण भएकाले समानुपातिक रूपमा स्रोतको परिचालन गर्नुपर्ने कुरामा गाउँपालिका सचेत भएको देखिन्छ ।

यस गाउँपालिकामा आउंन सक्ने अन्य संघ संस्थाहरुको आँकलन गर्दा नेपाल रेडक्रसले वातावरीय क्षेत्रमा लगानीगर्ने सम्भावना व्यक्त गरेको, जाईकाले पुल तथा विद्यालय भवनमा लगानी गर्ने सम्भावना रहेको र युनिसेफले स्वास्थ्य संस्थाका भवन तथा अन्य पूर्बाधारमा लगानी गर्न सक्ने सम्भावना रहेकोले यिनिहरूको सम्भाव्य लगानीलाई त्यसै क्षेत्रमा केन्द्रित गर्ने गरी योजना तयारी गरिएको छ । यी आँकलन गरिएकाभन्दा अरु सरकारी तथा गैर सरकारी संघ संस्थाहरू आएमा पनि यस गाउँपालिकाले पहिचान गरेका कार्यक्रम र तोकेका प्राथमिकतामा लगानि गर्न उत्प्रेरित गर्ने समेत योजनामा उल्लेख गर्ने भन्ने गाउँपालिकाको ठहर रहेको छ ।

# परिच्छेद ४: बिषयगत योजना - आर्थिक विकास

## ४.१ आर्थिक विकास बिषय शिर्षक अन्तरगतको योजनाको पृष्टभूमि

राष्ट्रिय स्तरमा 'सम्बृद्ध नेपालको' नारा जल्दोबल्दो रूपमा अगाडि बढिरहेको सन्दर्भमा आवधिक योजना तर्जुमाको लागि आर्थिक विकासको क्षेत्र सबैभन्दा बढी महत्वपूर्ण मानिन्छ। हरेक व्यक्तिले प्रत्यक्ष रूपमा आम्दानी बढाउन सक्ने अवस्था नआएमा सम्बृद्धि प्राप्त हुँदैन। यस आवधिक योजना तर्जुमाका लागि भएका गाउँपालिकास्तरीय तथा वार्डस्तरीय गोष्ठिहरूबाट आएका बिचार र जानकारीहरू तथा बिषयगत विज्ञहरूको स्थलगत अवलोकनका आधारमा आर्थिकपक्ष अन्तर्गतपर्ने कृषि तथा सिंचाई, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, र वित्तिय क्षेत्रका संभावना तथा अवसरहरूको विश्लेषण यस प्रकार रहेको छः

### ४.१.१ कृषि तथा सिंचाई

लगभग ८० प्रतिशतभन्दा बढी कृषक भएको गाउँपालिकामा कृषिको सर्वाधिक महत्व रहनु स्वभाविकै हो। हालसम्म प्रयोग गरिएका कृषि प्रणालीलाई हेर्दा लगभग शतप्रतिशत किसानले निर्वाहमुखी कृषिको अभ्यास गरेको देखिन्छ। बढ्दो बाटोघाटो र स्वदेसी तथा बैदेशीक रोजगारीका कारणले निर्वाहमुखी कृषिबाट पनि तल झरेर कृषिमा परनिर्भरता देखिन थालेको छ। यो अवस्थालाई परिवर्तन गरी नाफामूलक कृषितर्फ अगाडि बढ्नकालागि उत्पादनमूलक कृषि प्रणालीको विकासको सम्भावनालाई स्थानीय तहवाटै विश्लेषण गर्नुपर्ने देखिन्छ। विगतका बर्षहरूमा पनि राज्यले कृषिको विकासका लागि ठूलो लगानी गरेको थियो तर आधुनिक कृषि प्रणालीको ज्ञान, दक्ष जनशक्ति, श्रोत तथा साधनको अभावले गर्दा यस गाउँपालिकाको कृषि उत्पादनमा उल्लेख्य रूपमा प्रगति भएको देखिदैन। कृषी क्षेत्रलाई आर्थिक मेरुदण्डको रूपमा विकास गरी देशलाई योगदान पुऱ्याउनकोलागि तल उल्लेखित बुँदाहरूको विस्तृत अध्ययन र अवलम्वन गर्न आवस्यक देखिन्छः

(क) **पकेटक्षेत्र केन्द्रित विकासः** सम्भावित क्षेत्रहरूको पहिचान गरी नगदे तथा तरकारी वालीको पकेट क्षेत्रहरूको घोषणा गर्न आवश्यक छ। घोषणा गर्दैमा उत्पादनमा बृद्धि हुंदैन भन्ने कुरा विगतको अभ्यासले देखाएको छ। त्यस्ता पकेट क्षेत्रहरूमा उल्लेख्य संख्याका कृषकहरूलाई छानीएको सम्भाव्य खेती गर्नका लागि आवस्यक पर्ने सबै प्रकारका सहयोग उपलव्ध गराई निरन्तर अनुगमन गर्ने नीति लिन आवस्यक देखिन्छ। सम्भव भएसम्म त्यस्ता पकेट क्षेत्रहरुमा चक्लावन्दीका आधारमा खेतीगर्न आवस्यक हुन्छ। केही बर्षको अन्तरालमा उल्लेख्य प्रतिफल प्राप्त भएको प्रमाणित गर्न सकेमा मात्र त्यस्ता पकेट क्षेत्रहरू सफल भएको मान्ने नीति लिन आवश्यक छ।

(ख) **कृषिमा आधुनिक प्रविधीको प्रयोगः** कृषिमा आधुनीक प्रविधिको प्रयोग एउटा फेशनको रूपमा आएको छ। बजारमा धेरै प्रविधिहरू उपयोगी खालका देखिन्छन् तर सबै प्रविधिहरू सबैठाउँमा कामलाग्ने खालका छैनन्। आधुनिक प्रविधिको प्रयोगको नाममा किसानलाई थप बोझ र अन्योल सिर्जना गर्ने खालका अभ्यासहरू धेरै ठाउँमा भएका छन्। त्यसैले भौगोलिक क्षेत्र, कृषकको लगानी गर्ने क्षमता, उत्पादन हुनसक्ने मात्रा, त्यस्तो प्रविधिको निरन्तरता हुने सम्भावना, त्यस्तो प्रविधि अपनाउंनका लागि आवस्यक पर्ने ज्ञान, सीप, आदि लाई बिचार गरी प्रविधिहरू ल्याउन आवश्यक छ।

(ग) **कृषि र पशुपालनको एकिकरणः** हाम्रो परम्परागत खेती प्रणलीबाट पनि स्पष्ट भएको छ कि कृषि र पशुपालन एउटै सिक्काका दुईटा पाटा हुन् । एउटाको विकासविना अर्काको अस्तित्व रहंदैन । कुनै किसानले एउटाको मात्र विकास गर्न खोजेमा त्यो अधुरो र धेरै खर्चिलो हुन जान्छ । जस्तै पशुपालन नगर्ने कृषकले तरकारी खेती गर्न खोज्यो भने के होला ? राम्रो कम्पोष्ट मल नभएमा तरकारी खेति हुंदैन र पशुपालन नगरेमा राम्रो कम्पोष्ट मल उत्पादन हुंदैन । त्यस्तो कृषि कार्यक्रमलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ जसले पशुपंक्षी पालन पनि साथ साथै लान सकोस् र यस यसबाट उत्पादन हुंने अण्डा, मासु, दुध, दधी, घिऊ, आदिबाट पनि कृषकले फाईदा लिन सकोस् ।

(घ) **कीटनाशक औषधीः** कृषि क्षेत्रमा रोग र किराको प्रकोप एकातिर छ भने रोग किरा रोकथामका लागि प्रयोग गरिने कीटनाशक औषधिहरूको प्रयोगबाट मानव स्वास्थ्यमा हुने हानी नोक्शानी अर्कोतर्फ छ । जलवायु परिवर्तनका कारणले तापक्रममा बृद्धि भै यस्ता प्रकारका रोग किराको प्रकोप बढ्दै गएको पनि भनिन्छ । हाम्रो बिगतको कृषि प्रणलिको स्मरण गर्ने हो भने यस्ता कीटनाशक औषधिको प्रयोग थिएन र सबै कृषि उत्पादनहरू जैबिक प्रणालीमा अधारित (अर्गानिक) थिय । हाल प्राय सबै उत्पादनहरू बिषादियूक्त भएपछि अर्गानिकतर्फको आकर्षण बढ्न थालेको छ । त्यसैले किसानको उत्पादन नघट्ने अन्य उपायहरूको खोजिगरी कीटनाशक औषधीको प्रयोगलाई क्रमशः घटाउने नीति लिन आवस्यक छ ।

(ङ) **उन्नत जातको विऊविजनः** कृषि क्षेत्रमा प्रसस्त अध्ययन र अनुसन्धनहरू भएका छन् । धेरै प्रकारका उन्नत विऊ विजनहरू बजारमा आएका छन् । त्यस्ता विऊ विजनहरूका बारेमा प्रचार प्रसार गरी वास्तविक किसानसम्म पुऱ्याउने माध्यमको रूपमा कामगर्ने कृषि प्राविधिकहरूको विगतमा पनि अभाव नै थियो र हालको संघीय संरचनामा अझै बढी अभाव हुने सम्भावनाहरू देखिन्छन् । जस्तै परिवर्तन गाउँपालिका केन्द्रमा रहने एकजना कृषि प्राविधिकले यस गाउँपालिकाको छवटा वार्डमा खासै प्रकावकारी सहयोग गर्न सक्ला जस्तो लाग्दैन । हालको परिवर्तन गाउँपालिकाको एउटा वार्ड भनेको विगतको एउटा गा वि स हो । त्यसैले गाउँपालिकाले सबै वार्डमा कृषि प्राविधिकको उपलब्धता र त्यस्ता प्राविधिक मार्फत उन्नत विऊविजनको प्रचार प्रसार, नमूना प्रदर्शन र कृषिकले चाहना गरेको बिऊविजन सजिलै उपलव्ध हुन सक्ने वातावरण बनाउनु पर्ने हुन्छ ।

(च) **बजारिकरणः** परिवर्तन गाउँपालिकाले आफ्नो भौगोलिक अवस्थितिलाई बिचार गरी कुन उत्पादन कहाँ र कति समयको अन्तरालमा बिक्रि गर्न सकिन्छ भन्ने आँकलन गरेर मात्र कृषि क्षेत्रमा लगानि गर्नु पर्ने हुन्छ । उदाहरणका लागि गोलभेडा उत्पादन गर्ने हो भने यसलाई छिटै बेच्न सकिने खालको बजारको आवश्यकता पर्दछ तर अदुवा उत्पादन गर्ने हो भने केही ढिलै बिक्री भएपनि फरक पर्दैन । बजारको व्यवस्थापनका लागि यस गाउँपालिकामा के कस्ता सुबिधाहरू छन् ? यातायात, हाटबजार, उत्पादन संकलन केन्द्रहरू, सहकारी, आदि । त्यसैगरी कुनै उत्पादन लामो समयसम्म चिसोमा राखेर बढी फाईदा लिन सकिन्छ भने त्यस्तो सिस्यान केन्द्र नजिकमा छ वा छैन ? यदि छैन भने विकास गर्न सकिन्छ कि सकिदैन ? यस्ता पक्षहरूलाई बेलैमा बिचार गर्नुपर्ने हुन्छ । अन्यथा उत्पादन बढ्दैमा पनि कृषकको जिवनयापन प्रणालीमा सुधार आउंदैन ।

(छ) **वन, कृषि र पशुपालनको अन्तरसम्बन्धः** वनलाई वनपैदावर उत्पादनका हिसावले अलग्गै राखेर हेर्ने चलन पनि छ तर परिवर्तन गाउँपालिका जस्तो मध्य पहाडको भित्री भागमा रहेको समाजमा वन,

पशुपालन र कृषिको अन्तरसम्बन्ध ज्यादै नजिकको हुन्छ । जस्तै परिवर्न गाउँपालिकाको धेरै वडाहरूमा बाखापालनको बढी सम्भावना छ भनिन्छ । यसका लागि वन तथा वनस्पतीको ठूलो आवस्यकता हुन्छ । वन भन्नाले काठपातको लागि प्रयोग गरिने जंगली रुखहरूलाई मात्र लिनु हुंदैन । डालेघांस लगायत गाउँ समाजमा हुंने सबै प्रकारका हरियाली वनभित्र पर्दछन् । वातावरण संरक्षण तथा जलवायु परिवर्तनलाई न्यूनीकरण गर्दै जाने दृष्टिकोणले हेर्दा हरियालीको विकास र संरक्षण स्थानीय सरकारको एउटा महत्वपूर्ण दायित्व भित्र पर्दछ । त्यसैले कृषि क्षेत्रको विकासको लागि लगानी गर्दा वन तथा वातावरणीय पक्षलाई पनि जोडर हेर्नु पर्ने हुन्छ ।

(ज) **सिंचाई:** कृषिजन्य वस्तुहरूको लागि उपयुक्त वातावरण तथा जमिन हुँदा हुँदै पनि सिंचाइको अभावले यस गाउँपालिकाको कृषि उत्पादनमा नकारत्मक प्रभाव परेको छ भनिन्छ । कुनै पनि गाउँमा गएर कृषिमा के समस्या छ भन्ने बित्तिकै कृषकहरू सिंचाई छैन भन्दछन् । सिंचाईको लागि पर्याप्त बजेट तर्जुमा गरी कृषि उत्पादन तथा बजारीकरण गर्न सकेको खण्डमा मात्र कृषिमा वर्षौं देखि रहेको परनिर्भरता न्यून हुँदै क्रमश अन्त्य गर्न सकिन्छ । यो बस्तुगत तत्थ्य हो तर सिंचाईका पनि आफ्नै समस्याहरू छन् । यस गाउँपालिकामा ठूला नदीहरू नभए तापनि स-सना खोलाहरू धेरै छन् तर प्राय सबै खोलाहरू गहिरो र पहाडको खोचबाट बगेका छन् । गाउँ बस्तीहरू प्राय पहाडको मध्य वा उच्च भागमा छन् । एउटा खोलाबाट पहाडको माथिल्लो भागमा सिंचाईको कुलो लैजान धेरै टाढाबाट लानु पर्ने, बिकट पहाडलाई काटेर कुलो बनाउनु पर्ने र यसका लागि ठूलो लगानी गर्नु पर्ने हुन्छ । यस्तो प्रकारको लगानीबाट कति प्रतिफल प्राप्त हुन्छ ? सारै न्यून प्रतिफल आउंछ भने त्यस्तो कामका लागि राज्यले लगानी गर्न सक्छ कि सक्तैन ? यी सिंचाईसंग जोडिएका महत्वपूर्ण प्रश्नहरू हन् ।

सिंचाई भन्नासाथ परम्परागत कुलोबाट गरिने सिंचाई भन्ने मानसीकताबाट बाहिर आउंन आवश्यक छ । परम्परागत कुलो बनाउन प्रतिफलको तुलनामा लागत धेरै बढी हुन्छ भने अरु कुनै तुलनात्मक रूपमा सस्तो विकल्प छ कि ? जस्तै परिवर्तन गाउँपालिकाको ९८ प्रतिशत क्षेत्रमा बिजुली बत्तिको सुविधा छ । बिजुली बत्तिको प्रयोग गरी तानेर सिंचाई गर्ने उपाय छ कि ? त्यस्तै सुख्खा क्षेत्रमा बर्षातको पानी संकलन गरेर पनि सिंचाई गर्न सकिन्छ भन्ने प्रविधिको विकास भएको छ । यसको सम्भावना हेर्ने हो कि ? त्यस्तै कुनै ठाउँमा सिंचाई पुऱ्याउनका लागि ज्यादै ठूलो लगानी लाग्छ भने त्यस्ता ठाउँमा सिंचाई नहुंदा पनि हुने खालको बाली प्रणलीको विकास गर्नु पर्छ कि ? यस्ता प्रकारका बैकल्पिक उपायहरूको खोजी र प्रयोग गर्नु पर्ने बेला आएको छ ।

## ४.१.२ उद्योग

देशको सम्वृद्धि र विकासको मेरुदण्डको रूपमा कृषि संगसंगै उद्योग पनि पर्दछ । यस गाउँपालिकामा ठूला उद्योग सञ्चालन गर्नको लागि उचित वातावरण तयार गर्न तत्काल सम्भव नभए पनि निम्न बुँदाहरूमा उचित नीति नियमका साथ तत्काल जनस्तरमा अनुभव गर्न सकिने कार्य गर्न सकिने सम्भावना देखिन्छ:

(क) **निश्चित क्षेत्रलाई ओद्योगिक क्षेत्रका रूपमा विकास:** गाउँपालिका एउटा अधिकार सम्पन्न स्थानीय सरकार भएको हुंदा यसले गाउँपालिकाको निश्चित क्षेत्र, जाहाँ सडक, बिजुली, सम्भावित लगानी गर्न सक्ने व्यक्तिहरू छन्, त्यस्तो ठाउँलाई औद्योगिक क्षेत्र धोषाण गरी त्यस्ता ठाउँमा उद्योग स्थापना गर्ने व्यक्ति वा समूहलाई सहयोग गर्ने नीति लिनु पर्ने हुन्छ । सम्भाव्यताका आधारमा यस्ता सम्भाव्य औद्योगिक क्षेत्रहरू गाउँपालिका क्षेत्र भित्र एउटा मात्र वा धेरै वा हरेक वार्डमा एउटा हुन सक्तछन् । आफैंले निर्णय गर्न नसकेको खण्डमा यस क्षेत्रका विज्ञबाट अध्यायन गराएर विज्ञको सिफारीसमा त्यस्ता क्षेत्रको किटान गर्न सकिन्छ । सम्भाव्य उद्यमीहरूलाई उद्यमशिलता सम्वन्धी सूचना तथा जानकारी निरन्तर रूपमा दिने व्यवस्था गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले सम्भाव्य उद्योगीहरूको पहिचान गरी उद्योग व्यवसाय स्थापना तथा संचालन सम्बन्धी प्रशिक्षणको पनि व्यवस्था गर्न सक्तछ । यस प्रकारको लगानीले कालान्तरमा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगधन्दाहरू व्यवस्थीत रूपमा स्थाना तथा संचालन हुने सम्भावना बढ्छ र थप रोजगारीको स्रिजना हुन सक्तछ ।

(ख) **घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन:** यस अन्तरगत फर्निचर उद्योग, वातावरण मैत्री कटानी पिसानी मिलहरू, तेल पेल्ने मिल, नदी किनारामा बालुवा तथा ढुङ्गा, घर छाउनी ढुंगाखानी, आदि पर्दछन् । यस्ता उद्योगका लागि यस गाउँपालिकामा प्रसस्त मात्रामा कच्चापदार्थको सम्भावना देखिन्छ । यस्ता उद्योगहरूबाट उत्पादित सामानहरू बिक्रिका लागि स्थानीय स्तरमा नै बजारको सम्भावना रहेको देखिन्छ । गाउँपालिकाले यस्ता उद्योगहरूलाई लगानी मैत्री वातावण बनाउंदै स्तर उन्नतीका लागि सहयोग गर्ने हो भने स्थानीय स्तरमा रोजगारी बढ्न सक्ने र स्थानीय करको दायरा समेत फराकिलो हुंने सम्भावना देखिन्छ ।

(ग) **प्रसोधनमा आधारित उद्योग:** यस गाउँपालिकामा जे जति उत्पादनहरू हाल बाहिर बेचिन्छ, कच्चा पदार्थका रूपमा नै बेच्ने चलन रहेको कुरा बिभिन्न छलफलबाट आएका छन् । जस्तै जडिबुटी संकलन गरी सुकाएर बाहिर बेचिन्छ । नेपाली कागज बनाउने लोकता नै बेचिन्छ । यस्ता चिजहरूलाई थोरै प्रसोधन गर्नसके यसको मूल्य बढ्न सक्तछ । उदाहरणका लागि नेपाली कागज बनाउने लोकता बेच्नु भन्दा त्यसलाई प्रसोधन गरी नेपाली कागज बनाएर बेच्न सके मूल्य बढी आउंने हुन्छ । त्यसैगरी अल्लोको पाट बेच्नुभन्दा त्यसलाई धागो बनाएर बेच्न सके मूल्य बढी आउंछ । यसैगरी स्याउ प्रशोधन, ग्रेडिङ्ग र प्याकिङ्ग गरी बेच्ने व्यवस्था गर्न सकिन्छ । त्यसैले त्यस्ता कृषि-वनमा आधारित कच्चा पदार्थहरूलाई प्रसोधन र गुण बृद्धि गर्ने खालका उद्योगहरूको विकासकालागि सम्भाव्य उद्योगीहरूलाई सहयोग गर्ने वातावरण बनाउन आवश्यक देखिन्छ ।

### ४.१.३ पर्यटन

प्राकृतिक सुन्दरता, खोलानालामा बग्ने स्वच्छ पानी, खोला किनारमा अवस्थीत सुन्दर बेसी टारहरू, अग्ला पहाडी टाकुरामा रहेका बस्तीहरू, आदि यस गाउँपालिकाका पर्यटकीय आकर्षणहरू हन् । यसको साथसाथै यो क्षेत्र १० बर्षे जनयुद्धको एउटा उद्गम स्थल भएको र यो गाउँपाललिकाको नाम समेत सोही युद्धमा साहदत प्राप्त सहिदको नामबाट राखिएकोले युद्ध पर्यटनको समेत प्रचुर सम्भावना देखिन्छ । त्यसैले यस गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरूको पहीचान तथा संरक्षण र विकास गर्न सके यसले सामाजिक

सम्बृद्धिलाई सहयोग पुऱ्यान सक्तछ भन्ने विश्वास गर्न सकिन्छ । यस सन्दर्भमा सबै गोष्ठिहरूमा भएका छलफलबाट आएका जानकारीको विश्लेषण गर्दा निम्न बुँदाहरू महत्वपूर्ण मानिन्छन्:

**(क) आधारभुत पूर्बाधारको व्यवस्था:** पर्यटक भनेको बाहिरबाट यस गाउँपालिकामा आउंने आफ्नै खर्चले खाने र बस्ने पाहुंनाहरू हुन् । यस्ता पाहुंनाहरू स्वदेसी, बिदेसी, नजिकबाट आउंने र टाढाबाट आउंने कुनै पनि हुन सक्तछन् । यस्ता पाउंनाहरू मुख्यगरी दुई कारणहरूले आउंदछन् । पहिलो कारण सुन्दर चिज देख्न र हेर्नका लागि र दोश्रो कारण राम्रो, मिठो, फरक खालको खान र आरामले बस्नका लागि । वाहिरबाट आउने यस्ता पाहुंनाले आरामसंग जान र आउन सकियोस् र यात्राका लागि कुनै खतरा उठाउंन नपरोस् भन्ने चाहन्छन् । अर्को शव्दमा पर्यटकको उल्लेखनीय विकासको लागि सुविधायूक्त सडक अति आवश्यक हो । यस्ता सडकको विकास गरी आउंने जाने खतरामूक्त यातायातको व्यवस्था गर्ने काम गाउँपालिकाको मात्र वशको कुरा नहोला तर अरु व्यवस्था गाउँपालिकाले गर्न सक्तछ । जस्तै हेर्नका लागि सुन्दरता धेरै मात्रामा प्रकृतिले दिएको छ । आरामसंग बस्नका लागि गाउँमा होटल, लज वा होमस्टेको विकास गर्न सकिन्छ । खानाको लागि सकेसम्म स्थानीय प्रजातीका खाना र परिकारहरूको व्यवस्था गर्न सकिन्छ । यस प्रकारको तयारी सबै गाउँ र समाजमा सम्भव नहोला । त्यससैले गाउँपालिकाले कुन ठाउँ र समाजमा यस्तो सम्भावना छ ? अध्ययन गरी व्यवसायिक रूपमा तयारीका काममा सम्भाव्य उद्योगीहरूलाई प्रोत्साहित गर्नुपर्ने आवस्यकता छ ।

**(ख) पर्यटकीय पूर्बाधारको विकास:** पर्यटन विकासका लागि जाने आउने मोटोरबाटोको साथसाथै अन्य केही पूर्बाधारको पनि आश्यकता पर्दछ । जस्तै प्राचिन सँस्कृतिको संरक्षण, त्यस्ता चिजहरू लोप हुने खतरा छ भने सँग्रहालयको विकास, पार्कहरूको निर्माण, भ्यू टावरहरूको निर्माण, नजिकबाट छोटो समयका लागि आउने पाहुंनाका लागि पिकनिक स्पोर्टको निर्माण, आदि । गाउँपालिकामा भएका धार्मिक तथा ऐतिहासिक क्षेत्रहरू जस्तै मन्दीर, गुम्वा, नदी, गुफा, आदि को संरक्षण र सम्बर्द्धन हुन आवस्यक हुन्छ । त्यस्तै परम्परागत संस्कृति - धामी नाच, हुर्केनाच, आदि को सम्बर्धन आवश्यक हुन्छ । यस्ता पूर्बाधारहरूले बाहिरबाट आउने आगन्तुकलाई आकर्षण गर्दछन् ।

**(ग) प्रचार प्रसार:** पर्यटन विकासका लागि प्रचार प्रसारको ठूलो भूमिका हुन्छ । हाम्रो गाउंमा के कस्ता सुबिधा र पूर्बाधार छन् भन्नेकुरा थाहा पाएर नै बाहिरबाट पाहुंनाहरू आउने ईच्छा गर्ने हुन् । यस प्रकारको जानकारी गराउंने दायित्व संचार जगतको हुन्छ । पर्यटकीय पूर्बाधारहरू राम्रो बनाउन सकियो भने संचारजगत आफैं आउंछ र हाम्रो तयारीको प्रचार प्रसार स्वत: भैहाल्दछ । अर्को तरिका भनेको आएका पाहुंनाहरू सन्तुष्ठ भएर फर्किएभने उनीहरूबाटै प्रचार प्रसार हुन्छ । घान्द्रुक, घलेगाउँ, आदि ठाउँहरूको प्रचास प्रसार यसरी नै भएका हन् ।

**(घ) पर्यटकीय विकासबाट हुने आर्थिक लाभ:** पर्यटन यस्तो क्षेत्र हो जुन क्षेत्रबाट प्रत्यक्ष देखिने खालको आर्थिक लाभ हुंदैन । हाम्रो गाउँमा सम्बृद्धि ल्याउनुछ भन्दैमा घुम्न आउंने पर्यटकले हामीलाई आवश्यक भएजति पैसा दिने हैनन् । न त हाम्रो गाउँको विकासको लागि चन्दा नै दिन्छन् । आफ्नै खर्चबाट खाने र बस्ने गरी आउंने पाहुंनाहरूको संख्या बढ्यो भने गाउँका होटल चल्दछन्, लज तथा होमस्टे चल्दछन्, गाउँको उत्पादन बिक्रि हुन्छ, यातायातका साधनहरू चल्छन् र यस्ता व्यवसायहरूमा कामगर्ने व्यक्तिहरूले पारिश्रमिक पाउंदछन् । यी सबै आर्थिक गतिविधि बढ्यो भने गाउँको विकासमा टेवा पुग्दछ भन्ने हो । पर्यटकीय विकासको लागि सेवा र सुविधाको मूल्य पनि

एउटा महत्वपूर्ण पक्ष हो । उदाहरणका लागि एक कप चियाको मूल्य साधारण होटलमा रु २० पर्दछ भने एउटा सुन्दर रिसोर्टमा रु २०० पर्न सक्तछ । चियाको मूल्य भन्दा पनि त्यो रिसोर्टको सुन्दरता, व्यवस्थापन, दृश्यावलोकन, शान्त वातावरण आदिका कारणले मूल्य बढी भएको हुन सक्तछ । त्यसैले न्यायोचित मूल्य कायम गर्नु पर्यटकीय विकासको आधारसिला हो । विना तयारी मूल्य मात्र बढी राख्यो भने पर्यटकीय विकास हुंदैन, एकपटक मानीसहरू आउलान् तर फेरी फर्केर आउंदैनन् ।

(ङ) **द्वन्द पर्यटनको बिशेष तयारीः** बिगतको जनयुद्धको सिलसिलामा भएका घटना र परिघटनाहरूलाई पर्यटन विकासमा जोड्ने हो भने यसको लागि थप बिशेष तयारीको आवस्यकता पर्दछ । द्वन्दको सिलसिलामा के भयो ? कसरी भयो ? यस्ता प्रकारका जिज्ञाशा लिएर आउंने पर्यटकलाई देखाउन र सुनाउंनका लागि द्वन्दको कारणले बिग्रीएका, भत्किएका, पूर्बाधार, घाईते भएका व्यक्ति, प्रत्यक्ष देख्ने व्यक्ति, तथा द्वन्दकालका लेख, आलेख आदिको संकलन र संरक्षण हुन आवस्यक हन्छ । द्वन्दकै कारणले राम्रो भएका केहि चिज वा व्यवस्था छन् भने त्यसलाई प्रस्तुतीकरण गर्ने व्यक्ति या समुदाय आदिको पनि तयारी गर्न सकिन्छ ।

## ४.२ आर्थिक विकास शिर्षकको ५ बर्षको लक्ष

| |
|---|
| कृषि र पशुपालनमा व्यवसायीकरण, चक्लाबन्दी सहितका नमूना ल्पट प्रदर्शनीद्वारा उत्पादनमा विविधिकरण, पर्यटन र अन्य उद्योगहरूको सम्भावनाहरू उजागर गर्दै आर्थिक उन्नती गर्ने । |

## ४.३ आर्थिक विकास शिर्षक अन्तरगतका उद्देश्यहरू

(१) कृषि उत्पादनमा (सुन्तला, स्याउ, कागती, तरकारी, अदुवा, बेसार, माहुरीपालन, अनारखेती र आलु खेती) मा व्यवसायीकरण, चक्लाबन्दी, नमूनाल्पट प्रदर्शनी तथा उत्पादनमा विविधिकरण भएको हुनेछ।
(२) पशुपालनमा (बाख्रा, बंगुर र कुखुरा) व्यवसायिक तथा विविधिकरण सहितको उत्पादकत्वमा बृद्धि भएको हुनेछ ।
(३) कृषि-वनतर्फ सम्भाव्य उद्योगको पहिचान, विकास र व्यवसायको सिर्जना गरी व्यवसायिकतामा अभिबृद्धि र थप रोजगारीको स्रिजना भएको हुनेछ ।
(४) परम्परागत सिंचाई प्रणलीलाई प्रबर्धन गर्दै वैकल्पिक उपाएहरूको समेत खोजिगरी सिंचाई सुविधाको विस्तार भएको हुनेछ ।
(५) पर्यटकीय स्थलहरूको पहिचान, सम्भाव्य सेवा र पूर्बाधारहरूको विकास, सम्भाव्य ठाउंहरुमा होमस्टेको विकास र प्रवर्धन भएको हुनेछ ।
(६) वैंक तथा वित्तीय सुविधा तथा सेवा विस्तार तथा प्रवर्धन भएको हुनेछ ।

## ४.४ आर्थिक विकास शिर्षक अन्तरगत पांच बर्षको विकास योजना र बजेट

### बर्ष - १ (आ व २०७४।७५)

| क सं | आँकलन गरिएको बजेट सिलिङ | | | २,६० | ० | ५६ | ० | ३,१६ |
|---|---|---|---|---|---|---|---|---|
| | योजना (गरिने काम) | वडा नं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **पशुपालनः** | | | | | | | |
| १ | बाखा खोर निर्माण | सबै | ६ खोर | १० | | | | १० |
| २ | बाखा वितरण | सबै | ३० बाखा | २ | | | | २ |
| ३ | बंगुर खोर निर्माण | सबै | ६ खोर | ६ | | | | ६ |
| ४ | बंगुर वितरण | सबै | ३० बंगुर | १ | | | | १ |
| ५ | कुखुरा खोर निर्माण | सबै | ६ खोर | ५ | | | | ५ |
| ६ | कुखुरा वितरण | सबै | ५०० च | १ | | | | १ |
| | **पशुपालनको जम्मा** | | | **२५** | **०** | **०** | | **२५** |
| | **सिंचाईः** | | | | | | | |
| ७ | सिंचाई कुलो - मर्मत | ३ | १ कुलो | | | १० | | १० |
| ८ | सिंचाई - पाछाबाङ | ४ | २ कुला | | | २७ | | २७ |
| ९ | सिंचाई कुला | २ | ६ कुला | | | ६० | | ६० |
| १० | सिंचाई - इरिबाङ | ६ | ६ कुला | | | ५० | | ५० |
| ११ | सिंचाई - राङकोट | ५ | १ कुलो | | | २५ | | २५ |
| | **सिंचाईको जम्मा** | | | **०** | **०** | **१,७२** | | **१,७२** |
| | **कुल जम्मा** | | | **२५** | **०** | **१,७२** | | **१,९७** |
| | **बजेट सिलिङ  र योजनाको अनुपात** | | | **२,३५** | **०** | **-१,१६** | **०** | **१,१९** |

### बर्ष - २ (आ व २०७५।७६)

| क सं | आँकलन गरिएको बजेट सिलिङ | | | २,२८ | १८ | १,८० | ० | ४,२६ |
|---|---|---|---|---|---|---|---|---|
| | योजना (गरिने काम) | वडा नं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **कृषिः** | | | | | | | |
| १ | सहकारी गठन ६ (वटै वडामा) | सबै | ६ सहकारी | ३ | | | | ३ |
| २ | उद्योग वाणिज्य संघ गठन | सबै | ६ वटा | ६ | | | | ६ |
| ३ | होमस्टे सञ्चालनको शुरुआत | १ | २० घर | १० | | | | १० |
| ४ | अल्लो उद्योगकोलागि जग्गा खरिद | १ | १ ल्पट | ५ | २० | | | २५ |
| | **कृषिको जम्मा** | | | **२४** | **२०** | **०** | | **४४** |
| | **सिंचाईः** | | | | | | | ० |
| ५ | मरकोटा तोरीबाङ खानीखोला सिंयो | ४ | १ आयोजना | २० | | | | २० |
| ६ | पातलेडाँडा सोलर पम्पिङ सिंचाई | ४ | १ आयोजना | १,०० | | ५० | | १,५० |
| ७ | रिउजाखोला लुबरीबाङ सिंचाई | ४ | १ आयोजना | १० | | | | १० |
| ८ | हिरिवन राल्वाङ सिंचाई योजना | २ | १ आयोजना | | २५ | | | २५ |
| ९ | भन्भने सिंर्चा योजना, राङ्सी | २ | १ आयोजना | | २५ | | | २५ |
| १० | भलाका पेराथाप्ला सिंचाई योजना | २ | १ आयोजना | २० | ३० | | | ५० |
| ११ | बबाङ माडिखोला वारिपारि सिं.यो. | ६ | १ आयोजना | २० | | ८० | | १,०० |
| १२ | चप्का वारिपारि सिंचाई योजना | ६ | १ आयोजना | ३४ | | ५० | | ८४ |
| | **सिंचाईको जम्मा** | | | **२,०४** | **८०** | **१,८०** | | **४,६४** |
| | **कुलजम्मा** | | | **२,२८** | **१,००** | **१,८०** | | **५,०८** |
| | **बजेट सिलिङ  र योजनाको अनुपात** | | | **०** | **-८२** | **०** | **०** | **-८२** |

## बर्ष - ३ (आ व २०७६।७७)

| | आँकलन गरिएको बजेट सिलिङ | | | ३,५५ | ८० | ३,२० | ० | ७,५५ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडा नं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **कृषिः** | | | | | | | |
| १ | कागती व्लक विस्तार | सबै | ६ ल्वक | २४ | | | | २४ |
| २ | सुन्तला पकेट विस्तार | सबै | ६ ल्वक | २४ | | | | २४ |
| ३ | स्याउ खेति विस्तार | सबै | ६ ल्वक | ३० | | | १२ | ४२ |
| ४ | आलु खेती विस्तार | सबै | २४ ल्वक | २४ | | | | २४ |
| ५ | माछापालन व्यवसाय प्रबर्द्धन | सबै | ६ कृषक | ६ | | | | ६ |
| ६ | मौरीपालन व्यवसाय प्रबर्द्धन | सबै | ६० कृषक | ३ | | | | ३ |
| ७ | भकारो सुधार कार्यक्रम | सबै | ६० परिवार | | | ३,०० | | ३,०० |
| ८ | कृषि सामग्री वितरण | सबै | १०० परि | | ५० | | | ५० |
| ९ | मकै तथा रायो बिऊ उत्पादन | सबै | ६ ल्वक | ६ | | | | ६ |
| १० | मसला बालि प्रबर्द्धन | सबै | ६ ल्वक | ६ | | | | ६ |
| ११ | कृषक क्षमता विकास तालिम | सबै | ६ वटा | १२ | | | | १२ |
| १२ | अगुवा कृषक भ्रमण कार्यक्रम | सबै | २ भ्रमण | ६ | | | | ६ |
| १३ | सोलार स्टोर स्थापना | सबै | २ वटा | १० | | | | १० |
| १४ | कृषक पाठशाला संचालन | सबै | ६ वटा | १२ | | | | १२ |
| १५ | बेमौसमी तरकरी उत्पादन | सबै | ६ ल्वक | १२ | | | | १२ |
| १६ | गाउंपालिका स्तरीय कृषि प्रोफाईल प्रकाशन | सबै | १ प्रकाशन | २ | | | | २ |
| | **कृषिको जम्मा** | | | **१,७७** | **५०** | **३,००** | **१२** | **५,३९** |
| | **पशुपालनः** | | | | | | | |
| १७ | व्यवसायिक बाख्रापलन | सबै | ६० परिवार | ३० | | | | ३० |
| १८ | पुशस्वास्थ्य शिविर आयोजना | सबै | ६ वटा | १२ | | | | १२ |
| १९ | कृतिम गर्वाधान कार्यक्रम | सबै | ६ | ३ | | | | ३ |
| २० | औषधि तथा खोप खरिद र वितरण | सबै | | ४ | | | | ४ |
| २१ | प्रयोगशाला संचालन | सबै | १ | ३ | | | | ३ |
| २२ | पशु व्यवसाय प्रबर्धन तालिम | सबै | ६ वटा | ६ | | | | ६ |
| | **पशुपालनको जम्मा** | | | **५८** | **०** | **०** | **०** | **५८** |
| | **सिंचाईः** | | | | | | | |
| २३ | लिफ्टीङ सिंचाई योजना निर्माण | ६ र ४ | २ योजना | १,१५ | | | | १,१५ |
| | **सिंचाईको जम्मा** | | | **१,१५** | **०** | **०** | **०** | **१,१५** |
| | **पर्यटनः** | | | | | | | |
| २४ | भ्यू टावर निर्माण | | ६ वटा | | | ६० | | ६० |
| २५ | मन्दीर मर्मत | | ६ वटा | ३० | | | | ३० |
| २६ | होमस्टे संचालन अनुदान | | ३० घर | ३० | | | | ३० |
| | **पर्यटनको जम्मा** | | | **६०** | **०** | **६०** | **०** | **१,२०** |
| | **उद्योगः** | | | | | | | |
| २७ | अल्लो धागो उद्योग | | ६ उद्योग | | ५० | | | ५० |
| २८ | आरन सुधार | | १२ परिवार | १२ | | | १२ | २४ |
| २९ | बाजामा आधारित व्यवसाय सुधार | | ६ समूह | १२ | | | | १२ |
| ३० | सिलाई कटाई तालिम (३ महिनाको) | | १० जना | १५ | | | १५ | ३० |
| | **उद्योगको जम्मा** | | | **३९** | **५०** | **०** | **२७** | **१,१६** |
| | **कुल जम्मा** | | | **४,४९** | **१,००** | **३,६०** | **३९** | **९,४८** |
| | **बजेट सिलिङ  र योजनाको अनुपात** | | | **-९४** | **-२०** | **-४०** | **-३९** | **-१९३** |

## बर्ष - ४ (आ व २०७७७८)

| | आँकलन गरिएको बजेट सिलिङ | | | ४,५५ | १,५० | ४,०० | ० | १०,०५ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडा नं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **कृषिः** | | | | | | | |
| १ | कागती ब्लक विस्तार - थप | सबै | ६ ब्लक | २४ | | | | २४ |
| २ | सुन्तला पकेट विस्तार - थप | सबै | ६ ब्लक | २४ | | | | २४ |
| ३ | स्याउ खेति विस्तार - थप | सबै | ६ ब्लक | ३० | | | | ३० |
| ४ | आलु खेती विस्तार - थप | सबै | २४ ब्लक | २४ | | | | २४ |
| ५ | माछापालन व्यवसाय - निरन्तर | सबै | ६ कृषक | ३ | | | | ३ |
| ६ | मौरीपालन व्यवसाय - निरन्तर | सबै | ६० कृषक | ६ | | | | ६ |
| ७ | भकारो सुधार कार्यक्रम थप | सबै | ५० प | २५ | | | | २५ |
| ८ | कृषि सामग्री वितरण तथा थप | सबै | ६० प | | | ३,०० | | ३,०० |
| ९ | मकै तथा रायो बिऊ उत्पादन थप | सबै | ६ ब्लक | ६ | | | | ६ |
| १० | मसला बालि प्रबर्द्धन थप | सबै | ६ ब्लक | ६ | | | | ६ |
| ११ | कृषक क्षमता विकास तालिम | सबै | ६ तालिम | १२ | | | | १२ |
| १२ | कृषि उपज संकलन केन्द्र स्थापना | सबै | १२ केन्द्र | | ६० | | | ६० |
| १३ | प्लास्टीक पोखरी निर्माण | सबै | १२ पोखरी | ३६ | | | | ३६ |
| १४ | वानस्पतिक विषादि निर्माण तालिम | सबै | ९० जना | १८ | | | | १८ |
| | **कृषिको जम्मा** | | | **२,१४** | **६०** | **३,००** | **०** | **५,७४** |
| | **पशुपालनः** | | | | | | | |
| १५ | पशु प्रजनन् कार्यक्रम | सबै | | ६ | | | | ६ |
| १६ | पशुपालन व्यवस्थापन | | | ६ | | | | ६ |
| १७ | पुशपालन प्रयोगशाला निर्माण | | ६ | ३ | | | | ३ |
| १८ | उन्नत घांस विकास कार्यक्रम | | | ६ | | | | ६ |
| १९ | पशु वधशाला निर्माण | | ६ वटा | १२ | | | | १२ |
| २० | घुम्ती तालिम | | ६ वटा | ६ | | | | ६ |
| २१ | डिपिङ्ग टयाङकी निर्माण | | ६ वटा | ६ | | | | ६ |
| २२ | बिभिन्न पशुपालन अनुदान | | | ३० | | | | ३० |
| २३ | डेरी उद्योग स्थापना अनुदान | पालकिास्तर | १ उद्योग | ५ | | | | ५ |
| | **पुशपालनको जम्मा** | | | **८०** | **०** | **०** | **०** | **८०** |
| | **सिंचाईः** | | | | | | | |
| २४ | लिफ्टीङ सिंचाई योजना | २ र ३ | २ योजना | ५० | ५० | ५० | ५० | २,०० |
| | **सिंचाईको जम्मा** | | | **५०** | **५०** | **५०** | **५०** | **२,००** |
| | **पर्यटनः** | | | | | | | ० |
| २५ | होमस्टे संचालन गर्ने घरलाई अनुदान | सबै | ५० घर | ५० | | | | ५० |
| २६ | पार्क निर्माण | | ६ वटा | | | ६० | | ६० |
| २७ | मन्दीरहरु पुन निर्माण तथा मर्मत | | २० वटा | ४० | | | | ४० |
| २८ | भ्यूटावर मर्मत तथा सुधार | | ६ वटा | १२ | | | | १२ |
| | **पर्यटनको जम्मा** | | | **१,०२** | **०** | **६०** | **०** | **१,६२** |
| | **उद्योगः** | | | | | | | ० |
| २९ | ग्रिल उद्योग स्थापना | सबै | ५० वटा | ५० | | | | ५० |
| ३० | अल्लो धागो उद्योगको स्तरोन्नती | | १ उद्योग | | ५० | | २० | ७० |
| | **उद्योगको जम्मा** | | | **५०** | **५०** | **०** | **२०** | **१,२०** |
| | **कुल जम्मा** | | | **४,९६** | **१,६०** | **४,१०** | **७०** | **११,३६** |
| | **बजेट सिलिङ  र योजनाको अनुपात** | | | **-४१** | **-१०** | **-१०** | **-७०** | **-१,३१** |

## बर्ष - ५ (आ व २०७८।७९)

| | आँकलन गरिएको बजेट सिलिङ | | | ६,३० | २,०० | ५,०० | ० | १३,३० |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडा नं | एकाई | बजेट (हजारमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **कृषिः** | | | | | | | |
| १ | कागती व्लक विस्तार - निरन्तर | सबै | ६ व्लक | १२ | | | | १२ |
| २ | सुन्तला पकेट विस्तार - निरन्तर | सबै | ६ व्लक | १२ | | | | १२ |
| ३ | स्याउ खेति विस्तार - निरन्तर | सबै | ६ व्लक | १२ | | | | १२ |
| ४ | आलु खेती विस्तार - निरन्तर | सबै | २४ व्लक | १२ | | | | १२ |
| ५ | मौरी पालन व्यवसाय - थप ६ प | सबै | ९० घार | ९ | | | | ९ |
| ६ | माछा व्यवसाय स्थापना - थप १० प | सबै | १० उद्योग | ५० | | | | ५० |
| ७ | भकारो सुधार कार्यक्रम थप | सबै | १०० प | २५ | | | | २५ |
| ८ | तरकारी खेती व्यवसाय स्थापना | सबै | ५० धुरी | ५० | | | | ५० |
| ९ | अनार खेती व्यवसाय स्थापना | सबै | ३०० धुरी | ३० | १,०० | | | १,३० |
| १० | कृषि सामग्री वितरण थप | सबै | १५० प | ५० | | १,०० | | १,५० |
| ११ | मकै तथा रायो बिऊ - निरन्तर | सबै | ६ व्लक | १२ | | | | १२ |
| १२ | मसला बालि प्रबर्द्धन निरन्तर | सबै | ६ व्लक | १२ | | | | १२ |
| १३ | कृषक क्षमता विकास तालिम | सबै | ६ तालिम | १५ | | | | १५ |
| १४ | कृषि उपज संकलन केन्द सहयोग | सबै | १२ केन्द्र | १५ | | | | १५ |
| १५ | ल्पास्टीक पोखरी निर्माण थप | सबै | १८ पोख | ५४ | | | | ५४ |
| | **कृषिको जम्मा** | | | **३,७०** | **१,००** | **१,००** | **०** | **५,७०** |
| | **पशुपालनः** | | | | | | | |
| १६ | पशु प्रजनन् कार्यक्रम | सबै | | १२ | | | | १२ |
| १७ | पशुपालन व्यवस्थापन | सबै | | ८ | | | | ८ |
| १८ | पशुपालन प्रयोगशाला सुधार | सबै | ६ | % | | | | % |
| १९ | उन्नत घांस विकास कार्यक्रम थप | सबै | | १२ | | | | १२ |
| २० | पशु वधशाला थप सहयोग | सबै | ६ वटा | १५ | | | | १५ |
| २१ | घुम्ती तालिम | सबै | ६ वटा | ८ | | | | ८ |
| २२ | डिपिङ्ग टयाङकी स्तरोन्नती | सबै | ६ वटा | ६ | | | | ६ |
| २३ | बिभिन्न पशुपालन अनुदान | सबै | | ४४ | | | | ४४ |
| २४ | डेरी उद्योग स्तरोन्नती | पालकिास्तर | १ उद्योग | २० | | | | २० |
| | **पुशपालनको जम्मा** | | | **१,३०** | **०** | **०** | **०** | **१,३०** |
| | **सिंचाईः** | | | | | | | |
| २५ | चप्का माडिखोलादेखि भन्भने डाँडागाउँ कोइबाङ लिप्ट सिं यो | २ | १ योजना | ३० | ६० | | | ९० |
| २६ | स्थालासिमा सिंचाई योजना, राङ्सी | २ | १ योजना | | ४० | | | ४० |
| | **सिंचाईको जम्मा** | | | **३०** | **१,००** | **०** | **०** | **१,३०** |
| | **उद्योगः** | | | | | | | |
| २७ | ग्रिल उद्योग स्तरोन्नती | सबै | ५० वटा | ५० | | | | **५०** |
| २८ | संचालित अल्लो धागो उद्योगको स्तरोन्नती | | १ उद्योग | ५० | | | | **५०** |
| २९ | थप अल्लो धागो उद्योग स्थापना | पालिकास्तर | ४ उद्योग | | | ४,०० | | **४,००** |
| | **उद्योगको जम्मा** | | | **१,००** | **०** | **४,००** | **०** | **५,००** |
| | **कुल जम्मा** | | | **६,३०** | **२,००** | **५,००** | **०** | **१३,३०** |
| | **बजेट सिलिङ  र योजनाको अनुपात** | | | **०** | **०** | **०** | **०** | **०** |

**आर्थिक विकास शिर्षक अन्तरगतका कार्यक्रमहरूको ५ बर्षको बजेट सिलिङ**

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | २,६० | ० | ५६ | ० | ३,१६ |
| २ | आ व २०७५।७६ मा | २,२७ | १८ | १,८० | ० | ४,२५ |
| ३ | आ व २०७६।७७ मा | ३,५५ | ८० | ३,२० | ० | ७,५५ |
| ४ | आ व २०७७।७८ मा | ४,५५ | १,५० | ४,०० | ० | १०,०५ |
| ५ | आ व २०७८।७९ मा | ६,३० | २,०० | ५,०० | ० | १३,३० |
| | **जम्मा** | **१९,२७** | **४,४८** | **१४,५६** | ० | **३८,३१** |
| | प्रतिशत | ५०.३ | ११.७ | ३८.० | ०.० | १०० |

**आर्थिक विकास शिर्षक अन्तरगतका कार्यक्रमहरूको ५ बर्षको बजेट**

| बर्ष | आर्थिक बर्ष | बजेट (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | २५ | ० | १,७२ | | १,९७ |
| २ | आ व २०७५।७६ मा | २,२८ | १,०० | १,८० | | ५,०८ |
| ३ | आ व २०७६।७७ मा | ४,४९ | १,०० | ३,६० | ३९ | ९,४८ |
| ४ | आ व २०७७।७८ मा | ४,९६ | १,६० | ४,१० | ७० | ११,३६ |
| ५ | आ व २०७८।७९ मा | ६,३० | २,०० | ५,०० | ० | १३,३० |
| | **जम्मा** | **१८,२८** | **५,६०** | **१६,२२** | **१,०९** | **४१,१९** |
| | प्रतिशत | ४४.४ | १३.६ | ३९.४ | २.६ | १०० |

**बिभिन्न उप-शिर्षक अन्तरगतको बजेट**

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कृषि | पशुपालन | सिंचाई | पर्यटन | उद्योग | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | ० | २५ | १,७२ | | | | १,९७ |
| २ | आ व २०७५।७६ मा | ४४ | | ४,६४ | | | | ५,०८ |
| ३ | आ व २०७६।७७ मा | ५,३९ | ५८ | १,१५ | १,२० | १,१६ | | ९,४८ |
| ४ | आ व २०७७।७८ मा | ५,७४ | ८० | २,०० | १,६२ | १,२० | | ११,३६ |
| ५ | आ व २०७८।७९ मा | ५,७० | १,३० | १,३० | | ५,०० | | १३,३० |
| | **जम्मा** | **१७,२७** | **२,९३** | **१०,८१** | **२,८२** | **७,३६** | **०** | **४१,१९** |
| | प्रतिशत | ४१.९ | ७.१ | २६.२ | ६.८ | १७.९ | ०.० | १०० |

## ४.५ आर्थिक विकास शिर्षक अन्तर्गतका कार्यक्रमहरू संचालनको लागि रणनीतिहरू

(१) **उपलव्धीमूलक काम:** विगतको कार्यक्रम छनौट र बजेट विनियोजन प्रथामा व्यापक सुधारल्याई उपलव्धिमूलक कामका लागि लगानी गर्ने र उपलव्धिको प्रभावकारी रूपमा अनुगमन र समिक्षा गर्ने नीति अवलम्वन गर्ने ।

(२) **युवा आकर्षित कृषि:** विगतको 'कनिका छर्ने खालको बजेट र कार्यक्रम' संस्कारबाट बाहिरआई शिक्षित र यूवा आकर्षित गर्ने खालको कृषि प्रणालीको विकास गर्ने ।

(३) **उत्पादनमा व्यवसायिकरण:** कृषि उत्पादन, फलफुल खेती तथा पशुपालनलाई व्यवसायिकरण गरी परम्परागत निर्वाहको लागि गरिने खेतीबाट कृषकहरूलाई क्रमश व्यवसायिकतातर्फ रूपान्तरण गर्ने।

(४) **समय सापेक्ष यान्त्रिकिकरण:** समय सापेक्ष, दीगो हुनसक्ने र कृषकलाई थप बोझ नहुने खालको यान्त्रिकिकरणको विकास र अभ्यासका लागि कार्यक्रम बनाउने ।

(५) **पशुपालनतर्फ कामगर्नेलाई प्रयाप्त सहयोग:** नदेखिने कामका लागि बजेट छर्नुभन्दा प्रभावकारी र व्यवसायिक रूपमा पशुपालन गर्ने ईच्छा र सम्भावना भएका किसानहरूलाई प्रभावकारी सहयोग गर्ने।

## ४.६ आर्थिक विकास शिर्षक अन्तर्गतका कार्यक्रमहरू संचालनको लागि कार्यनीतिहरू

(१) कृषि विकासका लागि सरोकार राख्ने सबै निकायहरूको बीचमा सक्रिय समन्वयमा उन्नत प्रविधि, प्रचार प्रसार, क्षमता र उपकरणहरू ब्लकमा आबद्ध कृषक समूह मार्फत हस्तान्तरण गरिनेछ ।

(२) ल्बकका आधारमा स्थापना गरिने ब्यवसायिक फलफूल बगैचा तथा उत्पादनहरूमा एउटा क्षेत्रका सबै कृषकले व्यवसायिक उत्पादनमा भागलिन सक्ने गरी कार्यक्रमहरू संचालन गरिनेछ ।

(३) बाखा, बंगुर, कुखुरा र माउरी पालनलाई ब्यावसायीकरण गर्न प्राथमिकता दिई कार्यक्रम संचालन र लगानी गरिनेछ ।

(४) उत्पादनको परिमाणलाई हेरी बजारको उपलब्धतालाई सहकारी मार्फत थप बिस्तार, व्यवस्थित र प्रभावकारी बनाउंदै लगिने छ ।

(५) कृषि, पशुपालन तथा पर्यटन क्षेत्रमा भएको लगानी र खर्चलाई उपलब्धीको रूपमा नलिई त्येसबाट प्राप्त नतिजा वा प्रतिफललाई उपलब्धीको रूपमा गणना गर्नेगरी कार्यक्रम संचालन गरिने छ ।

**पुनश्च:** आर्थिक विकासका लागि मुख्यगरी कृषि र पशुपालनमा धेरै योजना र बजेट रहेको छ तर यसमा कामगर्ने विषयगत शाखाका कर्मचारीहरूको मनोबृत्ति पुरानै छ । परम्परागत रूपमा चलन चल्तीमा आईहरेका कार्यक्रमहरूबाट उनीहरूलाई बाहिर ल्याउन मुश्किल छ । गाउँपालिकाले परम्परागत ढंगको योजना निर्माण र बजेट बांडफांड गर्ने तरिकामा परिवर्तन ल्याउंने भन्ने रणनीति तय गरेको छ तर यो कसरी ? भन्ने ठुलो प्रश्न छ । उदाहरणका लागि एउटा वडामा एउटाका हिसावले हाते ट्र्याक्टर बाड्दैमा कृषिमा यान्त्रीकिकरण हुंदैन । त्यस्तै एउटा वडामा एउटा उन्नत बोको दिंदैमा पशुपालनमा व्यवसायिकरण हुंदैन । त्यस्तै बिरुवा मात्र उपलव्ध गराएर सुन्तला, स्याउ, तथा कागती व्लक विकास हुंदैनन् । आजको आवश्यकता भनेको परम्परागत रूपमा कार्यक्रम संचालन गर्ने र बजेट खर्चगर्ने मात्र नभएर उत्पादनमा फड्को मार्ने हो ।

त्यसैले यो आवधिक योजनाले यसरी हुंदैन भन्ने संकेत गरेको छ । यस संकेतलाई व्यवहारिक रूपमा कार्यान्वयनमा ल्याउनका लागि बार्षिक योजना वनाउने समयमा कृषि तथा पशुपालनका गाउँपालिकामा भएका प्राविधिक मात्र हैन विज्ञ प्राविधिकहरूलाई स्थलगत भ्रमण गराई सम्भाव्यता र कृषकको चाहना अनुसार ठोस रूपमा बार्षिक योजनामा कार्यक्रम र बजेट राख्न र सोहि अनुसार सशक्त मनुगमनको व्यवस्था सहित कार्यान्वन गर्न आवश्यक छ ।

# परिच्छेद ५: बिषयगत योजना - सामाजिक विकास

स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र सामाजिक समावेसीकरण सामाजिक विकास अन्तर्गत पर्दछन् । माथि उल्लेखित बिषय क्षेत्रका सेवा र सुविधाको गुणस्तर र पहुँचले सामाजिक विकासको अवस्थालाई चित्रण गर्दछ । छरिएर रहेको पाहाडी बस्ती, गुणस्तरीय सडकको पहुँच तथा स्रोतको व्यवस्थापनमा कम्जोर हुँदा शिक्षाको गुणस्तर, प्राथमिक स्वस्थ्य सेवामा पहुँच तथा स्वच्छ खानेपानीको उपलब्धता जनअपेक्षा भन्दा कम रहेको छ तर वार्ड सर्वेक्षण २०७४ को तत्थ्यांक अनुसार यस गाँउपालिकाको साक्षरता औषत ९५ प्रतिशत हुनु राम्रो हो । यो अवस्था राष्ट्रिय औषत र यस्तै पाहाडि क्षेत्रका अरु गाउँपालिकाको औषतभन्दा माथि हो । यति हुंदाहुंदै पनि स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई सेवालाई सर्वसुलभ, परिणाममूखी, प्रभावकारी र जनमूखी बनाई लक्षित तथा सिमान्तकृत वर्गलाई समेत मुलप्रवाहमा ल्याउनकोलागी प्रमुख माध्यमको रूपमा रहेको सामाजिक विकाससँग सम्वन्धित कार्यक्रमलाई प्राथमिकतामा राख्न आवश्यक छ । तसर्थ यस गाउँपालिकाको योजनामा शिक्षा, स्वास्थ्य, कला, संस्कृति, लक्षित वर्ग, लैंगिकता, खानेपानी, सरसफाई जस्ता सामाजिक विषय शिर्षकहरूमा आएका बिचार, संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिम बिश्लेषण गरिएको छ।

## ५.१ शिक्षा

वर्तमान युगमा शिक्षा मानव विकासको अभिन्न अंग हो जसले मानव जीवनलाई एउटा निश्चित उचाईसम्म पुऱ्याउनलाई मद्यत पुऱ्याउँदछ । शिक्षाको महत्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र भविश्यमा गाउँको मुहार फेर्न सकिन्छ । बर्तमान समयमा शिक्षाका शैलिहरू परिवर्तन हुँदै गइरहेका छन् । हिजोका दिनमा जस्तो प्रारम्पारिक रूपले आजको समाज अगाडी वढ्न सक्तैन । यसका लागि शिक्षा क्षेत्रको उचित विकासमा ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । गाउँपालिकामा हाल रहेका शैक्षिक संस्थाहरूको विवरणलाई केलाउँदा यो गाउँपालिकामा प्रयाप्त मात्रामा शैक्षिक संस्थाहरू रहेको पाईन्छ । गाउँपालिका क्षेत्रमा ४२ वटा शिक्षण संस्था हुनु र ती मध्ये २ वटामा बाह्र कक्षा सम्म पढाईहुने र एउटा प्राविधिक विद्यालय हुनु भनेको तुलनात्मक रूपमा राम्रो अवस्था मान्न सकिन्छ । साक्षरताको हिसावले पनि यो गाउँपालिका नेपालको औषत साक्षरताभन्दा पनि माथि रहेको छ । यस गाउँपालिका अन्तर्गतका बिभिन्न बिद्यालयहरू स्थानीय श्रोतबाट संचालित भएका र सरकारी दरबन्दी सिमित मात्रामा भएको कारणले नेपाल सरकारले प्राथमिक शिक्षालाई मौलिकहकको रूपमा निःशुल्क प्रदान गर्ने भनिएको भए पनि अभिभावकहरूले मासिक वा अन्य शुल्क तिर्न बाध्यता भएको अवस्था सबै वार्ड स्तरिय छलफलमा आएको छ ।

यति हुंदाहुंदै पनि शिक्षाको गुणस्तरमा ठुलो अन्तरछ भन्ने कुरा यो योजना तर्जुमाको सिलसलामा भएका सबै छलफलहरूमा गाउँपालिका सभासदहरूबाट टड्कारो रूपमा आएको छ । स्थानीय सरकार संचालन ऐन अनुसार आफ्नो गाउँपालिका भित्र रहेका सार्वजनिक विद्यालयको व्यवस्थापन लगायतको अधिकार र जिम्मेवारी स्थानीय सरकारमा नै आएको छ । तदनुसार जिल्ला शिक्षा कार्यालय विघटन भै अधिकार, जिम्मेवारी र कर्मचारी समेत गाउँपालिकामा हस्तान्तरण भै सकेको अवस्था छ । यो अवस्थामा यस

गाउँपालिकाले आफ्ना क्षेत्रमा रहेका शिक्षण संस्थाहरुको संस्थागत विकास गरी जनताले चाहना गरे अनुरूपको गुणस्तरयूक्त शिक्षा दिक्षाको व्यवस्था मिलाउनु पर्ने अवस्था छ ।

## ५.२ स्वास्थ्य

यस गाउँपालिकाको सम्पूर्ण वडाहरूमा स्वास्थ्य चौकिहरू रहेका छन् । केही वडाहरूमा थप स्वास्थ्य एकाईहरू पनि रहेका छन् । स्विकृति प्राप्त संस्थाका रूपमा यो संख्यालाई तुलनात्मक रूपमा सारै अपुग हो भन्न मिल्दैन । तर भएका स्वास्थ्य चौकीहरूको स्तरउन्नती गर्नुपर्ने र गुणस्तरीय सेवाको सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिन्छ भन्ने गाउँपालिकाको आम धारणा रहेको पाईन्छ । स्वास्थ्य संस्थाहरूको वर्तमान अवस्थालाई हेर्दा सबै स्वास्थ्य केन्द्रहरूमा बर्थिङ्ग सेन्टर प्रयाप्त नभएको, सम्पुर्ण स्वास्थ्य केन्द्रमा स्वच्छ खानेपानीको अभाव, शौचालयको कमी, निःशुल्क वितरण गर्नुपर्ने औषधीको प्रायः अभाव, विशेषज्ञ स्वास्थ्य सेवाको कमी, स्वास्थ्यकर्मीहरूको उपस्थितीमा नियमितता नभएको, स्वास्थ्या संस्थामा आपतकालिन सेवा नभएको र स्वास्थ्य सेवामा सुधार गरी संचालन गर्न श्रोत र साधनको कमी रहेको भन्ने गाउँपालिका र आम जनसमुदायको ठहर छ ।

शिक्षा जस्तै स्वास्थ्य पनि स्थानीय सरकारको जिम्मामा आएको छ । स्वास्थ्य संस्थामा नियमित आउंने अनुदान र कर्मचारीहरू समेत गाउँपालिकामा हस्तान्तरण भै सकेको अवस्था छ । त्यसैले भएका स्वास्थ्य केन्द्रहरूको भौतिक पूर्वाधारहरूको सुधार गरी सेवाका क्षेत्रहरू थप गर्दै जानुपर्ने एउटा पाटो छ भने दक्ष प्राविधिकहरूको निरन्तर उपस्थितिलाई सुनिस्चित गर्नुपर्ने अर्को पाटो रहेको छ ।

## ५.३ खानेपानी तथा सरसफाई

यसपालिका अन्तरगत लगभग सबै घरघुरीको लागि शुद्ध खाने पानीको व्यवस्था छ भन्ने कुरा तत्थ्यांकले देखाउंछ । यो गाउँपालिका सम्पूर्णरूपमा खुल्ला दिसामुक्त गाउँपालिका हो । एक घर एक शौचालयको नीति तथा चेतनाको फलस्वरुप २०७४ को सर्वेक्षण अनुसार  सतप्रतिशत घरपरिवारमा शौचालयको व्यवस्था छ । प्रायः सबै बिद्यालयहरूमा सौचालयको ब्यवस्था भएको भएपनि अपाङ्गमैत्री तथा छात्रामैत्री शौचालय कुनै पनि विद्यालयमा रहेको देखिदैन । बिद्यालयहरूका सौचालय र खानेपानीका धाराहरू बालमैत्री पनि नरहेको कुरा वडागत अवलोकनको बेला जानकारीमा आएको थियो । त्यसैले गाउँपालिकाले आगामि बर्षहरूमा खानेपानी र सरसफाईको बिषयलाई ब्यवस्थित गर्दै लैजान आश्यक देखिन्छ ।

## ५.४ सामाजिक समावेशीकरण तथा सुरक्षा

गाउँपालिका क्षेत्रमा बसोवास गर्ने सबै जात, जाती, लिंग, धर्म र सम्प्रदायका व्यक्तिहरूको सार्वजनिक जिवनमा समानुपातिक सहभागितालाई सुनिश्चित गर्ने र समाजमा शान्ति, सुरक्षा र अमन चैन कायम गर्ने बिषय सामाजिक समावेशीकरण र सुरक्षा अन्तर्गत पर्दछन् ।  यस सन्दर्भमा यो आवधिक योजना तर्जुमागर्ने सिलसिलामा भएका गोष्टिहरूमा छलफल हुंदा यस गाउँपालिकामा महिलाहरूलाई सार्वजनिक काममा अगाडि ल्याउंनकालागि बिभिन्न महिला समूहहरू गठन भएका, विद्यालयमा छात्राहरूको संख्या क्रमशः बृद्धि हुंदै गएको, उपभोक्ता समूहहरूमा महिला तथा दलितहरूको सहभागिता प्रभावकारी भएको,

महिला हिंसामा क्रमशः कमी आएको, सम्पत्तिमा महिलाको हक बढ्दै गएको र महिलाको नेतृत्व गर्ने क्षमतामा बृद्धि भएको कुरा आएको छ ।

धेरै राम्रा कुराहरू हुंदाहुंदै पनि अझै गर्नु पर्ने धेरै बांकि छ भन्ने धारण राख्दै गाउँपालिकाका सभासदहरूले सामाजिक समावेशीकरणको क्षेत्रमा प्रर्याप्त बजेट तथा कार्यक्रमहरू जान नसकेको, महिला समूहहरूको सकृयतामा कमी रहेको, सामाजिक विभेद निर्मुल हुन नसकेको, छुवाछुत केही मात्रमा कायमै रहेको, पैत्रिक सम्पत्तिमा महिला र पुरुषको समान अधिकार कायम हुन नसकेको र महिलाहरूको आर्थिक कारोवारको पहुँचमा कमी रहेको कुरा व्यक्त गरेका छन् । गाउँपालिका भित्र रहेका बिभिन्न खालका अपांगता भएका ब्यक्तिहरूको ज्ञान, सिप र क्षमताको विकास गरी स्वरोजगार तथा रोजारीका अवसरहरू सृजना गर्न केही प्रयास भएको भए पनि प्रयाप्त हुन नसकेको अबस्था छ ।

स्थानीय स्तरमा सामाजिक समावेशीकरण सुनिश्चत गर्ने बिषय स्थानीय सरकारको दायित्व भित्र पर्दछ । यो एउटा अलग्गै काम भन्दा पनि सबै खालका काममा बिचार गर्नुपर्ने अन्तरविषयिक कुरा हो । यो पूर्वाधार निर्माण जस्तो देखिने बिषय हैन तर वर्तमान विकासको सन्दर्भमा ज्यादै महत्वपूर्ण छ । त्यसैले तर्जुमा हुंदै गरेको आवधिक योजनाले यो पक्षलाई पनि उचित प्राथमिकता सहितका कार्यक्रम र बजेटको व्यवस्था गर्न आवश्यक छ भन्ने गाउँपालिकाको धारणा रहेको पाईन्छ ।

## ५.५ खेलकुद

बिगत लामो समयदेखि नेपालमा खेलजगत स्वस्फुर्त रूपमा विकास हुंदै आएको हो । विगतको व्यवस्थामा जिल्ला खेलकुद समिति थियो तर गाउँस्तरसम्म त्यसको खासै प्रभाव थियन । आजको युगको विश्व मानचित्रमा खेलको माध्यमबाट राज्यहरू एकआपसमा नजिकिनुका साथै आफ्नो वर्चश्व प्रदर्शन गर्ने समेत अभ्यास भै रहेको पाइन्छ । हाम्रो देशमा पनि राज्यले हरेका गाउँपालिकामा कम्तिमा एउटा राष्ट्रिय स्तरको खेल मैदान निर्माण गर्ने लक्ष्य राखेको छ । परिवर्तन गाउँपालिकाको हाल ८ स्थानमा साना ठुला खेल मैदान रहेका छन् भन्ने कुरा तत्थ्यांकले देखाउंदछ । यी खेल मैदानहरूको अवस्था सामान्य रहेको छ । यस गाउँपालिकामा एउटा राष्ट्रिय स्तरको खेल मैदान बनाउने लक्ष्य राखिएको भए तापनि हालसम्म सो कार्यले गति लिन सकेको छैन । भएका खेल मैदानहरू पनि स्तरोन्नती गर्नुपर्ने अवस्थामा छन् ।

अधिकांस खेल मैदानहरू पाहाडि क्षेत्रमा भएकाले यस गाउँपालिकामा मुख्य गरी भलिबलमा यूवाहरूको आकर्षण रहेको पाईन्छ । खेल मैदानकै अभावमा फुटबलको खासै प्रभाव छैन । पछिल्ला दिनहरूमा केही यूवाहरू क्रिकेटतर्फ आकर्षित भएको पाईन्छ । यस गाउँपालिकामा रहेका ४२ वटै विद्यालयहरूमा सामान्य खेलकुद मैदानहरू छन् । खेलकुदको विकासको लागि स्वस्फुर्त रूपमा गठन भएका यूवा ल्कवहरू पनि प्राय सबै वडाहरूमा छन् । यूवा क्लव गठन तथा सकृयतामा सहयोग गर्ने खासै अरु नीकायहरू छैनन् । स्थानीय सरकारको रूपमा गाउँपालिका गठन भएपछि खेलकुदमा कियासिल यूवाहरूले गाउँपालिकाबाट सहयोगको अपेक्षा गर्नु स्वभाविकै हो ।

भोलिका दिनहरूमा खेलकुदले गाउँपालिकाको पहिचान राख्न सक्ने अवस्था पनि आउंन सक्तछ । स्थानीय सरकार बलियो हुंदै जाने क्रममा अन्तर गाउँपालिका खेलकुद पनि आयोजना हुन सक्तछ । त्यसैगरी खेलकुद शारिरिक सुगठनका लागि पनि यूवाहरुको लागि अति आवस्यक हो । त्यसैले यस गाउँपालिकाले

भविष्यमा एक वडा एक खेल मैदानको नीति अवलम्वन गर्नुपर्ने कुरामा सबै सभासदहरू एकमत देखिन्छन् । खेल मैदान हुंदैमा खेलकुदको विकास हुन नसक्ने कुरा विगतको अभ्यसले पनि स्पष्ट पारेको छ । त्यसैले गाउँपालिकाले कम्तीमा पनि एउटा वडामा एउटा खेलको विकासका लागि योजनाबद्ध ढंगले सहयोग गर्ने नीति अवलम्बल गर्नु पर्ने कुरामा कसैको पनि दुईमत छैन । यसको अलावा गाउँपालिका भरी कंहि कतै पनि खेल शिक्षकको व्यवस्था भएको पाईएन । गाउँपालिकाले खेल प्रशिक्षकको पनि ब्यवस्था गनुपर्ने आश्यकता वार्ड स्तरिय छलफलमा उठेका थिए ।

## ५.६ सामाजिक विकास शिर्षकको ५ बर्षको लक्ष

आधारभूत स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।

## ५.७ सामाजिक विकास शिर्षक अन्तर्गतका उद्देश्यहरू

(१) प्रारम्भिक, आधारभूत तथा विद्यालय शिक्षामा पहुँच र गुणस्तर तथा प्राविधिक एवं उच्च शिक्षामा लक्षित वर्ग र क्षेत्रको पहुँच बृद्धि भएको हुनेछ ।
(२) आधारभूत स्वास्थ्य सेवा तथा सुविधाको उपलब्धता तथा गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।
(३) खानेपानी तथा सरसफाई सेवा सुविधाको उपलब्धता र गुणस्तरमा वृद्धि भएको हुनेछ ।
(४) विपन्न तथा लक्षित वर्गको क्षमता, सहभागिता र आधारभूत सेवा तथा सुविधाको पहुँचमा वृद्धि भएको हुनेछ ।
(५) सु-संस्कृत, सिर्जनशील र व्यवसायिक यूवाशक्तिको विकास भएको हुनेछ ।
(६) स्थानीय कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्धन भएको हुनेछ ।

## ५.८ सामाजिक विकास शिर्षक अन्तर्गत ५ बर्षको योजना र बजेट

**बर्ष - १ (आ व २०७४।७५)**

| | आँकलन गरिएको बजेट सिलिङ | | | ३,४६ | ० | ८४ | ० | ४,३० |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **शिक्षाः** | | | | | | | |
| १ | भौतिक पूर्वाधार व्यवस्थापन | सबै | सबै बिद्यालय | १० | | | | १० |
| २ | विद्यालय भवन निर्माण तथा मर्मत | सबै | ९ बिद्यालय | २० | | | | २० |
| ३ | शैक्षिक सामग्री खरिद | सबै | सबै बिद्यालय | ५ | | | | ५ |
| ४ | खेलकुद विकास | सबै | सबै बिद्यालय | २ | | | | २ |
| ५ | शिक्षा गुरुयोजना निर्माण | सबै | १ योजना | १ | | | | १ |
| ६ | बाल विकास केन्द्र व्यवस्थापन | सबै | ५ बिद्यालय | १ | | | | १ |
| | **शिक्षाको जम्मा** | | | **३९** | **०** | **०** | **०** | **३९** |
| | **स्वास्थ्यः** | | | | | | | |
| ७ | औषधि खरिद | सबै | ६ स्वा.के | ३ | | | | ३ |
| ८ | पोषण कार्यक्रम | सबै | ६ स्वा.के | २ | | | | २ |
| ९ | स्वास्थ्य चौकी व्यवस्थापन | सबै | ६ स्वा.के | १ | | | | १ |

| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १० | तालिम तथा गोष्ठी | सबै | ६ स्वा.के | १ | | | | १ |
| ११ | प्रोत्साहन भत्ता | सबै | ६ स्वा.के | ५ | | | | ५ |
| | **स्वास्थ्यको जम्मा** | | | **१२** | **०** | **०** | **०** | **१२** |
| | **अन्यः** | | | | | | | |
| १२ | खेलकुद विकास | सबै | सबै विद्यालय | ३ | | | | ३ |
| १३ | पर्यटन तथा संस्कृतिको विकास | सबै | ७ वटा गाउं | ५ | | | | ५ |
| १४ | खानेपानी तथा सरसफाई सजगता कार्यक्रम | सबै | सबै गाउं | १० | | | | १० |
| १५ | लक्षित समुदाय कार्यक्रम | सबै | ६ वटा गाउं | ४ | | | | ४ |
| | **अन्यको जम्मा** | | | **२२** | **०** | **०** | **०** | **२२** |
| | **कुल जम्मा** | | | **७३** | **०** | **०** | **०** | **७३** |
| | **बजेट सिलिङ  र योजनाको अनुपात** | | | **२,७३** | **०** | **८४** | **०** | **३,५७** |

## बर्ष - २ (आ व २०७५।७६)

| | आँकलन गरिएको बजेट सिलिङ | | | २,५६ | २० | १,९८ | ९० | ५,६४ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **शिक्षाः** | | | | | | | |
| १ | विद्यालय भवन तथा अन्य निर्माण, मर्मत | सबै | ९ विद्यालय | २० | २० | २० | | ६० |
| २ | शैक्षिक सामग्री खरिद | सबै | १४ विद्यालय | १० | | | | १० |
| ३ | विद्यालयको खेलकुद विकास | सबै | ३४ विद्यालय | ५ | ५ | | | १० |
| ४ | शिक्षक दरबन्दी सृजना | सबै | ३ विद्यालय | | | २५ | | २५ |
| ५ | शिक्षक क्षमता विकास प्रशिक्षण | सबै | ५० शिक्षक | ५ | | | | ५ |
| | **शिक्षाको जम्मा** | | | **४०** | **२५** | **४५** | **०** | **१,१०** |
| | **स्वास्थ्यः** | | | | | | | |
| ७ | बर्थिङ सेन्टर स्थापना | सबै | ६ स्वा.के | ५ | ३ | २ | | १० |
| ८ | भवन निर्माण तथा मर्मत | सबै | ६ स्वा.के | ५० | | ५० | १,०० | २,०० |
| ९ | औषधि खरिद | सबै | ६ स्वा.के | ३ | | | | ३ |
| १० | स्वास्थ्य चौकी व्यवस्थापन | सबै | ६ स्वा.के | २ | | | | २ |
| ११ | तालिम तथा गोष्ठी | सबै | ६ स्वा.के | ३ | | | | ३ |
| | **स्वास्थ्यको जम्मा** | | | **६३** | **३** | **५२** | **१,००** | **२,१८** |
| | **अन्यः** | | | | | | | |
| १२ | खेलकुद विकास | सबै | सबै विद्यालय | ५ | ३ | ५ | ७ | २० |
| १३ | पर्यटन तथा संस्कृतिको विकास | सबै | ७ वटा गाउं | १० | १० | १० | | ३० |
| १४ | खानेपानी तथा सरसफाई सजगता कार्यक्रम | सबै | सबै गाउं | १० | २० | २० | | ५० |
| १५ | लक्षित समुदाय कार्यक्रम | सबै | ६ वटा गाउं | १० | ५ | ५ | | २० |
| | **अन्यको जम्मा** | | | **३५** | **३८** | **४०** | **७** | **१,२०** |
| | **कुल जम्मा** | | | **१,३८** | **६६** | **१,३७** | **१,०७** | **४,४८** |
| | **बजेट सिलिङ  र योजनाको अनुपात** | | | **१,१८** | **-४६** | **६१** | **-१७** | **१,१६** |

## बर्ष - ३ (आ व २०७६।७७)

| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आँकलन गरिएको बजेट सिलिङ | | | ३,९८ | ८० | ३,२० | २,७० | १०,६८ |
| | | | | बजेट (लाखमा) | | | | |
| | **शिक्षाः** | | | | | | | |
| १ | विद्यालय भवन मर्मत तथा निर्माण | सबै | ५ विद्यालय | ६० | १,०० | १,५० | ३० | ३,४० |
| २ | शैक्षिक सामग्री खरिद | सबै | ९ विद्यालय | ३० | | | | ३० |
| ३ | विद्यालयको खेलकुद विकास | सबै | ८ विद्यालय | १६ | | | | १६ |
| ४ | शिक्षक दरबन्दी सृजना | सबै | ३४ विद्यालय | ० | | ५० | | ५० |
| ५ | शिक्षक क्षमता विकास प्रशिक्षण | सबै | ५० शिक्षक | १० | | | | १० |
| ६ | विद्यार्थी छात्रबृत्ति कार्यक्रम | सबै | १०० विद्यार्थी | १५ | | | | १५ |
| | **शिक्षाको जम्मा** | | | **१,३१** | **१,००** | **२,००** | **३०** | **४,६१** |
| | **स्वास्थ्यः** | | | | | | | |
| ७ | सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण | २ | १ भवन | १७ | | ५० | ४० | १,०७ |
| ८ | स्वास्थ्य चौकि भवन निर्माण | पालि | २ स्वा.के | ४० | | ६० | ५० | १,५० |
| ९ | औषधि खरिद | सबै | सबै स्वा.के | ३० | | | | ३० |
| १० | स्वास्थ्य चौकी व्यवस्थापन | सबै | सबै स्वा.के | १५ | | | | १५ |
| ११ | तालिम तथा गोष्ठी | सबै | सबै स्वा.के | १५ | | | | १५ |
| १२ | सुधारीएको गाउंघर क्लिनिक निर्माण | पालि | १ क्लिनिक | २० | ५० | | ५० | १,२० |
| | **स्वास्थ्यको जम्मा** | | | **१,३७** | **५०** | **१,१०** | **१,४०** | **४,३७** |
| | **अन्यः** | | | | | | | |
| १३ | खेलकुद विकास | पालि | सबै विद्यालय | १० | | २० | | ३० |
| १४ | लक्षित वर्गको विकास | पालि | आ अ | ३० | ४० | | ३० | १,०० |
| १५ | पर्यटन विकास | पालि | आ अ | ४० | | १० | ५० | १,०० |
| १६ | खानेपानी योजना निर्माण तथा सरसफाई | पालि | आ अ | ५० | | ४० | ३० | १,२० |
| | **अन्यको जम्मा** | | | **१,३०** | **४०** | **७०** | **१,१०** | **३,५०** |
| | **कुल जम्मा** | | | **३,९८** | **१,९०** | **३,८०** | **२,८०** | **१२,४८** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **०** | **-१,१०** | **-६०** | **-१०** | **-१,८०** |

आ अ = आवस्यकता अनुसार, पालि = पालिकास्तरीय योजना

## बर्ष - ४ (आ व २०७७।७८)

| क्रसं | गरिने काम | वडानं | एकाई | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आँकलन गरिएको बजेट सिलिङ | | | ५,१० | १,३२ | ४,०० | ३,०० | १३,४२ |
| | | | | बजेट (लाखमा) | | | | |
| | **शिक्षाः** | | | | | | | |
| १ | विद्यालय भवन मर्मत तथा निर्माण | सबै | ५ विद्यालय | ६० | ९० | १,५० | १,०० | ४,०० |
| २ | शैक्षिक सामग्री खरिद | सबै | सबै विद्यालय | ४० | | | | ४० |
| ३ | विद्यालयको खेलकुद विकास | सबै | सबै विद्यालय | १५ | | | | १५ |
| ४ | शिक्षक दरबन्दी सृजना | सबै | सबै विद्यालय | | ५० | २५ | | ७५ |
| ५ | शिक्षक क्षमता विकास प्रशिक्षण | सबै | ५० शिक्षक | २५ | | | | २५ |
| ६ | विद्यार्थी छात्रबृत्ति कार्यक्रम | सबै | १०० विद्यार्थी | २० | | | | २० |
| | **शिक्षाको जम्मा** | | | **१,६०** | **१,४०** | **१,७५** | **१,००** | **५,७५** |
| | **स्वास्थ्यः** | | | | | | | |
| ७ | सामुदायिक स्वास्थ्य भवन निर्माण | पालि | २ स्वा.के | ३० | | | १,०० | १,३० |
| ८ | स्वास्थ्य चौकि भवन निर्माण | पालि | १ स्वा.के | ५० | | १,५० | ५० | २,५० |
| ९ | औषधि खरिद | पालि | सबै स्वा.के | ४० | | | | ४० |

| क्रसं | गरिने काम | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | स्वास्थ्य चौकी व्यवस्थापन | पालि | सबै स्वा.के | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| ११ | तालिम तथा गोष्टी | पालि | सबै स्वा.के | २५ | | | | २५ |
| | **स्वास्थ्यको जम्मा** | | | **१,६५** | **०** | **१,५०** | **१,५०** | **४,६५** |
| | **अन्यः** | | | | | | | |
| १२ | खेलकुद विकास | सबै | सबै विद्यालय | २० | ७० | | | ९० |
| १३ | लक्षित वर्गको विकास | पालि | आ अ | ७० | २० | | ६० | १,५० |
| १४ | पर्यटन तथा संस्कृतिको विकास | पालि | आ अ | ५० | ५० | | | १,०० |
| १५ | खानेपानी तथा सरसफाई | पालि | आ अ | ४५ | | ७५ | ६० | १,८० |
| | **अन्यको जम्मा** | | | **१,८५** | **१,४०** | **७५** | **१,२०** | **५,२०** |
| | **कुल जम्मा** | | | **५,१०** | **२,८०** | **४,००** | **३,७०** | **१५,६०** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **०** | **-१,४८** | **०** | **-७०** | **-२१८** |

## बर्ष - ५ (आ व २०७८।७९)

| | आँकलन गरिएको बजेट सिलिङ | | | ७,०६ | १,७६ | ५,०० | ३,०० | १६,८२ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | गरिने काम | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **शिक्षाः** | | | | | | | |
| १ | विद्यालय भवन तथा अन्य निर्माण | पालि | सबै विद्यालय | १,०० | | १,०० | १,०० | ३,०० |
| २ | शैक्षिक सामग्री खरिद | सबै | सबै विद्यालय | ४० | | | | ४० |
| ३ | विद्यालयको खेलकुद विकास | सबै | सबै विद्यालय | २० | २० | | | ४० |
| ४ | शिक्षक दरबन्दी सृजना | सबै | सबै विद्यालय | | ६० | ४० | | १,०० |
| ५ | शिक्षक क्षमता विकास प्रशिक्षण | सबै | १०० शिक्षक | ४० | ३५ | | | ७५ |
| ६ | विद्यार्थी छात्रबृत्ति कार्यक्रम | सबै | १०० विद्यार्थी | २० | | | | २० |
| | **शिक्षाको जम्मा** | | | **२,२०** | **१,१५** | **१,४०** | **१,००** | **५,७५** |
| | **स्वास्थ्यः** | | | | | | | |
| ७ | सामुदायिक स्वास्थ्य भवन निर्माण | पालि | २ स्वा.के | १,०० | २० | | १,०० | २,२० |
| ८ | स्वास्थ्य चौकि भवन निर्माण | पालि | १ स्वा.के | | | २,०० | ५० | २,५० |
| ९ | औषधि खरिद | पालि | सबै स्वा.के | ४० | | | | ४० |
| १० | स्वास्थ्य चौकी व्यवस्थापन | पालि | सबै स्वा.के | २० | | | | २० |
| ११ | तालिम तथा गोष्ठी | पालि | सबै स्वा.के | २० | | | | २० |
| १२ | सुधारिएको गाउंघर ल्कीनिक निर्माण | पालि | ५ ल्कीनिक | १५ | १५ | | | ३० |
| | **स्वास्थ्यको जम्मा** | | | **१,९५** | **३५** | **२,००** | **१,५०** | **५,८०** |
| | **अन्यः** | | | | | | | |
| १२ | खेलकुद विकास | पालि | आ अ | ४० | | ६० | | १,०० |
| १३ | पर्यटन तथा संस्कृतिको विकास | पालि | आ अ | ५० | | ५० | ५० | १,५० |
| १४ | खानेपानी तथा सरसफाई | पालि | आ अ | १,०० | ३० | ६० | ५० | २,४० |
| १५ | लक्षित समुदाय कार्यक्रम | पालि | आ अ | १,०० | | | ८५ | १,८५ |
| | **अन्यको जम्मा** | | | **२,९०** | **३०** | **१,७०** | **१,८५** | **६,७५** |
| | **कुल जम्मा** | | | **७,०५** | **१,८०** | **५,१०** | **४,३५** | **१८,३०** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **१** | **-४** | **-१०** | **-१,३५** | **-१,४८** |

### सामाजिक विकास शिर्षक अन्तरगतका कार्यक्रमहरूको ५ बर्षको बजेट सिलिङ

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | ३,४६ | ० | ८४ | ० | ४,३० |
| २ | आ व २०७५।७६ मा | २,५६ | २० | १,९८ | ९० | ५,६४ |
| ३ | आ व २०७६।७७ मा | ३,९७ | ८० | ३,२० | २,७० | १०,६८ |
| ४ | आ व २०७७।७८ मा | ५,१० | १,३२ | ४,०० | ३,०० | १३,४२ |
| ५ | आ व २०७८।७९ मा | ७,०६ | १,७६ | ५,०० | ३,०० | १६,८२ |
| | **जम्मा** | **२२,१५** | **४,०८** | **१५,०२** | **९,६०** | **५०,८५** |
| | प्रतिशत | ४३.६ | ८.० | २९.५ | १८.८ | १०० |

### सामाजिक विकास शिर्षक अन्तरगतका कार्यक्रमहरूको ५ बर्षको बजेट

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | ७३ | ० | ० | ० | ७३ |
| २ | आ व २०७५।७६ मा | १,३८ | ६६ | १,३७ | १,०७ | ४,४८ |
| ३ | आ व २०७६।७७ मा | ३,९८ | १,९० | ३,८० | २,८० | १२,४८ |
| ४ | आ व २०७७।७८ मा | ५,१० | २,८० | ४,०० | ३,७० | १५,६० |
| ५ | आ व २०७८।७९ मा | ७,०५ | १,८० | ५,१० | ४,३५ | १८,३० |
| | **जम्मा** | **१८,२४** | **७,१६** | **१४,२७** | **११,९२** | **५१,५९** |
| | प्रतिशत | ३५.४ | १३.९ | २७.७ | २३.१ | १०० |

### बिभिन्न उप-शिर्षक अन्तर्गतको बजेट

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | शिक्षा | स्वास्थ्य | अन्य | | जम्मा |
| १ | आ व २०७४।७५ मा | ३९ | १२ | २२ | | ७३ |
| २ | आ व २०७५।७६ मा | १,१० | २,१८ | १,२० | | ४,४८ |
| ३ | आ व २०७६।७७ मा | ४,६१ | ४,३७ | ३,५० | | १२,४८ |
| ४ | आ व २०७७।७८ मा | ५,७५ | ४,६५ | ५,२० | | १५,६० |
| ५ | आ व २०७८।७९ मा | ५,७५ | ५,८० | ६,७५ | | १८,३० |
| | **जम्मा** | **१७,६०** | **१७,१२** | **१६,८७** | **०** | **५१,५९** |
| | प्रतिशत | ३४.१ | ३३.२ | ३२.७ | ०.० | १०० |

## ५.९ सामाजिक विकास शिर्षक अन्तर्गतका कार्यक्रमहरू संचालनको लागि रणनीतिहरू

(१) **शिक्षक राजनीतिः** सामुदायिक विद्यालयका शिक्षकलाई कुनै पनि राजनितिक दलको कार्यकर्ताको रूपमा काम गर्न निरुत्साहित गर्ने ।

(२) **नीजिस्रोत शिक्षकः** विकासको लागि आएको बजेटबाट तलव खानेगरी स्थानीय स्रोतबाट शिक्षक भरना गर्ने विगतको परिपाटीलाई निरुत्साहित गर्ने ।

(३) **सामुदायिक र नीजि बिद्यालयः** सामुदायिक विद्यालयको गुणस्तर माथि उठाउंने र नीजि विद्यालयहरूको आर्थिक अराजकता नियन्त्रण गर्ने नीति अवलम्बन गर्ने ।

(४) **सामुदायिक बिद्यालयको भौतिक अवस्थाः** विगतको पाटि-पौवाको स्तरबाट उन्नती गरी सुविधा सम्पन्न घर जस्तो बनाउंने ।

## ५.१० सामाजिक विकास शिर्षक अन्तर्गतका कार्यक्रमहरू संचालनको लागि कार्यनीतिहरू

(१) **जिम्मेवारी:** विद्यालयको सुधार र निर्माणको लागि विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुलाई नै जिम्मेवार वनाईने छ ।

(२) **पुरस्कारको व्यवस्था:** शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रभावकारी रूपमा कामगर्ने र लामो समयसम्म यस गाउँपालिकामा सेवागर्ने व्यक्तिहरूलाई बार्षिक रूपमा पुरस्कारको व्यवस्था गरिने छ ।

(३) **भौतिक पूर्वाधरको निर्माण:** विद्यालय तथा स्वास्थ्य चौकिहरूको भवन निर्माण गर्दा सम्बन्धित व्यवस्थापन समितिहरूलाई नै बढी जिम्मेवार बनाईने छ ।

**थप टिप्पणी:** सामाजिक विकासको क्षेत्रमा पनि परम्परालाई चालुराख्ने भन्दा पनि सेवा र सुविधामा फड्को मार्ने आवश्यकता हो । कार्यक्रम र बजेट पहिलेको जस्तै भयो भने काममा फड्को मारिदैन । यस योजनामा राखिएका कार्यक्रमहरू मध्ये कतिपय परम्परालाई धान्ने खालका नै छन् । यसको कारण शाखागत कर्मचारीहरूको पुरानै मनोबृत्ति हुंनु र निर्वाचित जनप्रतिनिधिहरूलाई तत् सम्बन्धि जानकारीको कमी हुनुले हो । कतिपय कार्यक्रमहरू मोटामोटीरूपमा राखिएका छन् । जस्तै लक्षित समुदाय कार्यक्रम । यो भनेको के हो ? के कार्यक्रम गर्ने ? भन्ने प्रश्न यथावत छ । यो योजना तर्जुमाको सिलसिलामा भएका छलफलहरूबाट पनि यस्ता कार्यक्रमहरूलाई बिशिष्ट बनाउन सकिएन किनभने लक्षित समुदायका लागि कामगर्ने कर्मचारीहरू गाउँपालिकामा छैनन् ।

त्यस्तै शिक्षा र स्वास्थ्यमा पनि धेरै यस्ता मोटामोटी रूपमा राखिएका कार्यक्रमहरू छन् । त्यसैले यो योजनाको दस्तावेजलाई सांकेतिक मानी बार्षिक कार्यक्रम बनाउदा के, कहां, कति र कसरी गर्ने र यसबाट के उपलब्धि हुन्छ भन्ने किटानीका साथ बनाउने प्रयास हुंनेछ भन्ने यस दस्तावेजको सदासयता रहेको छ ।

# परिच्छेद ६: बिषयगत योजना - पूर्वाधार विकास

कुनै पनि गाउँपालिकाको समग्र विकासका लागि भौतिक तथा सार्वजनिक पूर्बाधारहरूको आवश्यकता निर्विकल्प रूपमा रहेको हुन्छ । यसमा मूलतः सडक तथा पुल, झोलुंगे पुल, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा तथा सञ्चारसंग सम्बन्धित पूर्बाधारहरू पर्दछन् । यस गाउँपालिका भएर राष्ट्रीय सडक सहिदमार्गले रुकुमको चुनवाङ र रोल्पा जिल्लाकै थवाङ जोडने राजमार्ग निर्माणधिन अवस्थामा छ । यस गाउँपालिकामा गाउँपालिका केन्द्रदेखि सबै वडा कार्यालय भएको ठाउंसम्म जाने कच्चि सडक खन्ने काम भएको छ । यी सबै सडकहरूको लम्वाई लगभग २५० कि मि जति होला । यसरी हेर्दा यो गाउँपालिका सडक संजालमा जोडिएको छ तर हालसम्म कुनै पनि सडक कालोपत्रे हुन सकेका छैनन् । यस गाउँपालिका क्षेत्र भित्र १७ वटा साना ठुला झोलुङ्गे पुलहरू छन् । त्यस्तै यस गाउँपालिकाका ९८ प्रतिशत घरधुरी साना विद्युत ऊर्जाबाट लाभान्वित भएका छन् ।

वर्तमान अवस्थामा केही बाटोघाटोको निर्माण, सिंचाइ तथा नदी नियन्त्रण एवं सञ्चारका पूर्वाधारहरू विकसित हुँदैछन् । सवै वडाहरूमा सडक खन्ने काम भएको छ तर यातायातको पहुँच हालसम्म हुन नसकेको कारण गाउंबासीहरूले सडकबाट खासै भाल लिन सकेका छैनन् । सडक पुगिनसकेका स्थानहरूमा घोडेटो तथा गोरेटो बाटो प्रयोग हुने गरेकोछ । त्यसैले यस गाउँपालिकाको सडक तथा पुल, झोलुंगे पुल, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार सम्बन्धी शिर्षकहरूमा विश्लेषण गरि संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजि विश्लेषण गरिएको छः

## ६.१ सडक

सडक पूर्बाधार विकासको मेरुदण्ड हो । सडकको विकासविना अन्य विकासका आधारहरू स्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ । गाउँको आर्थिक विकासका लागि पनि सडक संजाल अन्यन्त जरुरी हुन्छ । यस गाउँपालिकामा सडक संञ्जालको विकासका लागि योजना तथा कार्यक्रमहरू स्थानीय सरकारको गठन हुनु भन्दा पहिलेदेखि नै संचालन भइरहेका छन् । स्थानीय सरकार गठन भएपछि पनि सकडलाई पहिलो प्राथमिकतामा राखी सडक बनाउने योजनाहरू संचालन भै रहेका छन् । यस क्रममा आ व २०७४।७५ को बजेटको लगभग ७५ प्रतिशत सडकमा नै खर्च भएको देखिन्छ । त्यस्तै आ व २०७५।७६ मा पनि विकास अनुदानको लगभग ६० प्रतिशत सकडमा नै खर्चगर्ने योजना सहित कामहरू भै रहेका छन् । हालसम्ममा यस गाउँपालिका ५८ वटा सडक र जम्मा लम्बाई लगभग २५० किमि छ ।

यसरी सबै वडाहरू सडक संजालमा आवद्ध भइसकेका छन् तर प्राय सबै सडक हिउंदको महिनामा मात्र सवारी चल्ने धुले सडकको रूपमा छन् । भएका सडकको स्तरोन्नती गर्ने कार्य प्राथमिकतामा राखेको पाईन्छ तर ज्यादै खर्चिलो छ । यस गाउँपालिका भित्र निर्माणाधिन वा निर्माण भएका बिभिन्न ग्रामिण सडकहरू प्रयाप्त सम्भाब्यता अध्ययन, वाताबरणीय प्रभाव अध्ययन, बिस्तृत लागत डिजाईन र लागतमा प्रतिफको बिश्लेषण बिना नै बनाईएको पाईएकोछ । जसका कारणले सडकहरूले जनताको पहुँच बृद्धिको सकरात्मक सपना देखाउनुको साथै पहिरो, भूक्षय, जैबिक बिबिधताको ह्रास र खेतीयोग्य जमिनको क्षती पनि उल्लेख्य मात्रामा भएको देख्न र सुन्न पाईएको छ । त्यसकारण सडक निर्माण गर्दा निर्धारण गरिएका न्यूनतम मापदण्डहरूको पालना गर्नु नितान्त आवश्यक देखिन्छ ।

## ६.२ विद्युत तथा वैकल्पिक ऊर्जा

प्रकास ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत ऊर्जालाई लिने गरिन्छ । यस गाउँपालिकामा जम्मा ११ वटा साना जलबिद्युत योजनाहरू संचालनमा छन् र ४०० कि वा भन्दा बढी विद्युत उत्पादान भैरहेको छ जसबाट हालसम्ममा २,२०० भन्दा बढी घरघुरी लाभान्भित भएको अवस्था छ । प्राय सबै वडाहरूमा कम्तीमा पनि एउटा साना जलबिद्युत योजना रहेको छ । सबैभन्दा बढी वडा नं ४ मा ४ वटा साना जलबिद्युत आयोजनाहरू छन् । यस गाउँपालिकाका गलभग सबै गाउंहरूमा विद्युत लाइनको विस्तार गरिएको छ । विविध कारणवश केही घरधुरीमा मात्र विद्युत लाइनको विस्तार हुन सकेको छैन । विद्युत विस्तार कार्यमा विद्युत प्राधिकरणले सरकारको साथमा मिलेर लागि परेको छ र केही बर्ष भित्रमा नै सवै घरपरिवार समक्ष विद्युतको पहुँच पुऱ्याउने लक्ष्य राखिएको छ । यस्तो लक्ष अनुरुप हालसम्ममा यस गाउँपालिकाका ९८ प्रतिशत घरधुरी विद्युत ऊर्जावाट लाभान्वित भएको पाईन्छ ।

## ६.३ सूचना, संचार र प्रविधि

जिल्लागत तथ्यांकको आधारमा यस गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा टेलिफोन सेवा पुगेको भनिए पनि यथार्थमा त्यो देखिंदैन । यस गाउँपालिकाका केही क्षेत्र अत्यन्त भौगोलिक विकट भएको कारणले नेटवर्क पुग्न नसकेको भनिन्छ । टेलिफोन वाहेक यस गाउँपालिकामा ५ वटा परम्परागत हुलाक कार्यालयहरू रहेका छन् । आजको सूचनाका प्रविधिको युगमा गाउँपालिकाको सबै गाउँ बस्तीसम्म टेलेफोन सुबिधा पुगोस् भन्ने व्यापक जन चाहना रहेको छ । यसलाई पुरा गर्नका लागि सम्बन्धित नीकायहरूसंग समन्वय गरी संचार प्रविधिसंग सम्बन्धित उपकरणहरू थप गर्दै कम्तिमा पनि सबै गाउँ बस्तीमा टेलिफोन र सार्वजनीक नीकायहरूमा ईन्टरनेट सुबिधा पुऱ्याउंन गाउँपालिकाले योजनाबद्ध रूपमा पहल गर्न आवश्यक देखिन्छ ।

## ६.४ आवास, वस्ती विकास तथा भवन

यस गाउँपालिकाको आफ्नै भवन छैन । वडाहरू मध्ये वडा नं १ र ५ को एक-एकवटा पक्की भवन वाहेक अरु कुनै पनि वडाको आफ्नो पक्की भवन छैन । यस गाउँपालिकामा जम्म ५ वटा सामुदायिक कच्ची भवनहरू छन् । यी भवनहरू प्राय स्थानिय क्लवहरूले प्रायेग गरेको देखिन्छ । गाउँपालिका भरीमा जम्मा ८ वटा स्वास्थ्य केन्द्रहरू छन् तर राङकोट बाहेक अन्य स्थानहरूमा स्वास्थ्य केद्रका पक्की भवन छैनन् । भवनको दृष्टिकोणबाट हेर्दा यो गाउँपालिकाको दयनीय अवस्था छ । पक्की भवन निर्माणको काम प्रत्यक्ष रूपमा सडकसंग पनि जोडिएको छ किनभने बाहिरबाट निर्माण सामग्री नल्याई पक्की भवन बन्न सक्तैन । त्यसैले आफ्नै भवनबाट सुरुगरी योजनाबद्ध र प्राथमिकताक्रम तोकी जनतालाई प्रत्यक्ष सेवा दिने नीकायहरूका भवनहरू बनाउदै जानु पर्ने अवस्था देखिन्छ ।

### ६.५ पूर्बाधार विकास शिर्षकको ५ बर्षको लक्ष

विगतमा भएका पूर्वाधारहरूको संरक्षण, संबर्द्धन र सुधार गर्दै स्थानीय जनचाहना अनुसारका नयाँ पूर्वाधार तथा संरचना व्यवस्थित ढंगले निर्माण गरी पालिका भित्रका सबै पूर्वाधारहरूलाई सुरक्षित र दीगो बनाउने ।

### ६.६ पूर्बाधार विकास शिर्षक अन्तर्गतका उद्देश्यहरू

(१) बजार, सडक, भवन, खेलकुद मैदान एवं सहयोगी पूर्वाधारहरूको विस्तार र गुणस्तर बृद्धि गरी गाउँपालिकाको सबै वडाहरूमा सडक यातायात सुचारु भएको हुनेछ ।

(२) आवास, वस्ती र सार्वजनिक भवनहरूको निर्माण एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ ।

(३) विद्युत तथा वैकल्पिक ऊर्जाको प्रवर्धन, उत्पादन र उपयोगमा बृद्धि भएको हुनेछ ।

(४) सूचना तथा संचार प्रविधि र सूचनाको उपलब्धता र गुणस्तरमा अभिबृद्धि भएको हुनेछ ।

### ६.७ पूर्बाधार विकास शिर्षक अन्तर्गत ५ बर्षको योजना तथा बजेट

**बर्ष - १ (आ व २०७४।७५)**

| | आँकलन गरिएको बजेट सिलिङ | | | ८,६६ | ० | ५,३२ | ० | १३,९८ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **मोटर बाटोः** | | | | | | | |
| १ | कुरेली मोटरबाटो-जुगिडाँडा दाड बा. सा. देखि राङसी जोड्ने | १-६ | ४ कि मि | ३० | | | | ३० |
| २ | राङ्सी मोटरबाटो निर्माण | २ | ७-२० कि मि | १५ | | | | १५ |
| ३ | मोटरबाटो निर्माण | ३ | ३० कि मि | ४३ | | | | ४३ |
| ४ | मोटरबाटो निर्माण | ६ | ३-१५ कि मि | ८० | | | | ८० |
| ५ | पाछाबाङ मोटरबाटो निर्माण | ४ | ९ कि मि | ७२ | | | | ७२ |
| ६ | राङकोट मोटरबाटो निर्माण | ५ | ३५ कि मि | ८९ | | | | ८९ |
| | **मोटरबाटोको जम्मा** | | | **३,२९** | **०** | **०** | **०** | **३,२९** |
| | **बिद्युतः** | | | | | | | |
| ७ | बगाउने खोला लघु जलविद्युात, कुरेली | १ | २ आयोजना | १५ | | | | १५ |
| ८ | लघु जलविद्युत, राङ्सी | २ | १ आयोजना | १० | | | | १० |
| ९ | लघु जलविद्युत, राङ्कोट | ५ | १ आयोजना | ४५ | | | | ४५ |
| | **विद्युतको जम्मा** | | | **७०** | **०** | **०** | **०** | **७०** |
| | **भवनः** | | | | | | | |
| १० | भवन निर्माण | १ | १ भवन | २० | | | | २० |
| ११ | भवन मर्मत - पाछाबाङ विद्यालय | ४ | १ भवन | ४ | | | | ४ |
| १२ | भवन निर्माण - विद्यालय | ६ | १ भवन | १६ | | | | १६ |
| १३ | भवन निर्माण - राङकोट मौलाबोट | ५ | १ भवन | ६८ | | | | ६८ |
| १४ | भवन निर्माण - राङ्सी | ५ | १ भवन | १५ | | | | १५ |
| १५ | शहीद स्मृति भवन | ५ | १ भवन | ३ | | | | ३ |
| | **भवनको जम्मा** | | | **१२६** | **०** | **०** | **०** | **१२६** |
| | **फिल्ड - खेलकुद गाउण्ड** | | | | | | | |
| १६ | फिल्ड निर्माण - राङ्सी | २ | ३ वटा फिल्ड | १२ | | | | १२ |
| १७ | फिल्ड निर्माण - विद्यालय | ३ | १ फिल्ड | २९ | | | | २९ |
| १८ | फिल्ड निर्माण - क्लव पाछाबाङ | ४ | १ फिल्ड | १० | | | | १० |

| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १९ | फिल्ड निर्माण - विद्यालय | ४ | १ फिल्ड | १ | | | | १ |
| २० | फिल्ड निर्माण - राङकोट | ५ | १ फिल्ड | ५ | | | | ५ |
| | **फिल्डको जम्मा** | | | **५७** | **०** | **०** | **०** | **५७** |
| | **अन्यः** | | | | | | | |
| २१ | मन्दिर निर्माण - राङ्सी | २ | ३ मन्दीर | १६ | | | | १६ |
| २२ | पुल निर्माण - पक्की कल्वट | ६ | १ कल्भट | ५ | | | | ५ |
| २३ | गुरिल्ला ट्रेक - गौरीचौर छकेछरी गल्सुका कुरेली | ५ | १ ट्रेक बाटो | | | ८० | | ८० |
| | **अन्य जम्मा** | | | **२१** | **०** | **८०** | **०** | **१,०१** |
| | **कुलजम्मा** | | | **६,०३** | **०** | **८०** | **०** | **६,८३** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **२,६३** | **०** | **४,५२** | **०** | **७,१५** |

## बर्ष - २ (आ व २०७५।७६)

| | आँकलन गरिएको बजेट सिलिङ | | | २,५६ | ८६ | ८,६४ | १,२० | १३,२६ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **मोटरबाटोः** | | | | | | | |
| १ | कुङ्ग्री दमैखोला राक्सेबाङ कालापोखरा मोटरबाटो निर्माण | ४ | ९.५ कि मि | ५० | | ५० | | १०० |
| २ | रालेखोला बाछेओखर पातलेडाँडा हलहले मोटरबाटो निर्माण | ४ | ५ कि मि | ४५ | | | | ४५ |
| ३ | कुङ्ग्री खोलागाउँ जरेनी मोटरबाटो | ४ | २ कि मि | १५ | | | | १५ |
| ४ | कुङ्ग्री दमैखोला मोटरबाटो ग्राविल | ४ | ४ कि मि | १५ | | १० | | २५ |
| ५ | बागमारा आग्रा खानिखोला कालापोखरा मोटरबाटो स्तरउन्नति | ४ | १० कि मि | १५ | | | | १५ |
| ६ | बागमारा थुनिकोट कालापोखारा रातागरीर मोटरबाटो निर्माण | ३ | ३ कि मि | १५ | | | | १५ |
| ७ | दुईखोलाी केउरी गुरासे मोटरबाटो निर्माण | ३ | ४ कि मि | २५ | | | | २५ |
| ८ | चप्का करतम हुँदै चाबाङ गुरासे मो बा | ६ | ३ कि मि | २५ | | | | २५ |
| ९ | लाकुरीचौर हुँदै सुकिदह जोड्ने मोटरबाटो | ६ | ३ कि मि | १५ | | | | १५ |
| १० | पुतलाचौर डाँडागाउँहुँदै राङ्सी पोखरा जोड्ने मोटरबाटो | २ | ६ कि मि | | | ३० | | ३० |
| ११ | गोरीचौर भालकोटहुँदै भेरिडाँडा जोड्ने मोटरबाटो | ५ | ५ कि मि | २५ | | | | २५ |
| १२ | शहीद मार्ग प्रामजिमदेखि कोरल भाल्कोट गोरीचौर मोटरबाटो | ५ | ५ कि मि | २५ | | | | २५ |
| १३ | जैपा गोरीचौर जोड्ने मोटरबाटो | ५ | ३ कि मि | १० | | | | १० |
| १४ | रानीकोट पिपलबोट हुँदै सानाखेत गोरी चौर मोटरबाटो | ५ | ३ कि मि | ७ | | | | ७ |
| १५ | मौलाबोट धनढाना निन्बाङ पुतलाचौर मोटरबाटो निर्माण | ५ | २ कि मि | ५ | | | | ५ |
| १६ | बागमारा राकसेबाङ मोटरबाटो निर्माण | ७ | ७ कि मि | २० | | | | २० |
| १७ | रालेखोला पिपलबोट ओखरेनी बजेनी मोटरबाटो निर्माण | ५ | २ कि मि | १० | | | | १० |
| १८ | उपबाङ मदत झाँक्री खोला मोटरबाटो | १ | ४ कि मि | २० | | | | २० |
| १९ | उपबाङ ससुवारी चुन्बाङ मोटरबाटो | १ | ५ कि मि | | २५ | | | २५ |

| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| २० | जुगीडाँडा दाङबासा हुँदै राङ्सी जोड्ने मोटरबाटो | १ | ३ कि मि | १५ | | | | १५ |
| २१ | खरीबोट दरपन हुँदै राङ्कोट मोटरबाटो | १ | २ कि मि | | १५ | | | १५ |
| २२ | डालिम हुँदै कुरेली झावाङ मरधारा मोटरबाटो | १ | ३ कि मि | १५ | | | | १५ |
| २३ | रानीकोट झाक्री खोला रोकाडांडा मोटरबाटो निर्माण | ४ | १ कि मि | ५ | | | | ५ |
| २४ | राङ्सी पोखरा हुँदै पाखाबाङ अंगलेखे मोटरबाटो निर्माण | २ | ३ कि मि | | ५० | | | ५० |
| | **मोटर बाटोको जम्मा** | | | **३,७७** | **९०** | **९०** | **०** | **५,५७** |
| | **बिद्युत:** | | | | | | | |
| २५ | पिपलबोट लाघुजलविद्युत पावर थप | ४ | १ आयोजना | २० | | | | २० |
| २६ | भालुखोरे लघुजलविद्युत विस्तार | ४ | १ आयोजना | ३० | | | | ३० |
| | **विद्युतको जम्मा** | | | **५०** | **०** | **०** | **०** | **५०** |
| | **भवन:** | | | | | | | |
| २७ | वडा कार्यालय भवन निर्माण | ४ | १ भवन | ४० | | | | ४० |
| २८ | राङ्सी वडा कार्यालय भवन निर्माण | २ | १ भवन | ४० | | | | ४० |
| २९ | वडा कार्यालय भवन निर्माण | ३ | १ भवन | ४० | | | | ४० |
| ३० | वडा कार्यलय भवन निर्माण | ६ | १ भवन | ४० | | | | ४० |
| ३१ | स्वास्थ्य चौकी भवन, गोरीचौर | ५ | १ भवन | | ५० | | | ५० |
| ३२ | गाउँघर क्लिनिक भवन निर्माण (टेयम त्रिवेणी, लामिडार, मौलाबोट) | ५ | ३ भवन | ३० | | | | ३० |
| ३३ | राङ्सी स्वास्थ्य चौकी भवन निर्माण | २ | १५ सैया | | २० | | | २० |
| ३४ | सामुदायिक स्वास्थ्य इकाई केन्द्र निर्माण, राङ्सी भलाका | २ | १ भवन | | १० | | | १० |
| ३५ | सामुदायिक स्वास्थ्य इकाई केन्द्र भवन | २ | १ भवन | | १० | | | १० |
| | **भवनको जम्मा** | | | **१,९०** | **९०** | **०** | **०** | **२,८०** |
| | **पुल:** | | | | | | | |
| ३६ | उपबाङ बेलीब्रिज निर्माण (कल्पट) | १ | १ पुल | १० | | | | १० |
| ३७ | भारजा लाम्छारा झो.पु. निर्माण | ५ | १ पुल | | ५० | | | ५० |
| ३८ | मरकोटा बगरबस्ने पक्की पुल निर्माण | ४ | १ पुल | १५ | | | | १५ |
| ३९ | भेरीखर्क झो.पु. निर्माण | ४ | १ पुल | २५ | | | | २५ |
| ४० | गा.पा. जोड्ने पक्की पुल निर्माण | ५ | १ पुल | | | २० | | २० |
| ४१ | सिस्ने पक्की पुल निर्माण | ३ | १ पुल | | | १० | | १० |
| ४२ | बगाउंने खोला पक्की पुल निर्माण | १ | १ पुल | | | १० | | १० |
| ४३ | कुरेली खोला पक्की पुल निर्माण | १ | १ पुल | | | १० | | १० |
| ४४ | सिस्ने माडिखोला पक्की पुल | २ | १ पुल | | | ३५ | | ३५ |
| ४५ | ओबाङ माडिखोला पक्की पुल | ६ | १ पुल | | | ३० | | ३० |
| | **पुलको जम्मा** | | | **५०** | **५०** | **१,१५** | **०** | **२,१५** |
| | **अन्य:** | | | | | | | |
| ४६ | मन्दिर निर्माण - मारिपारी जोगिदह,राङ्सी | २ | १ मन्दीर | | १० | | | १० |
| ४७ | शिव पार्वति मन्दिर संरक्षण राङ्सी | २ | १ मन्दीर | | ५० | | | ५० |
| ४८ | गुरिल्ला ट्रेक - गोरीचौर छछकेछरी गलसुका फूलबारी | ४ | १ ट्रेक बाटो | ९० | | | | ९० |
| | **अन्य जम्मा** | | | **९०** | **६०** | **०** | **०** | **१,५०** |
| | **कुलजम्मा** | | | **७,५७** | **२,९०** | **२,०५** | **०** | **१२,५२** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **-५,०१** | **-२,०४** | **६,५९** | **१,२०** | **७४** |

## बर्ष - ३ (आ व २०७६।७७)

| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आँकलन गरिएको बजेट सिलिङ | | | ३,८३ | १,२० | ८,०० | ३,६० | १६,६३ |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | मोटरबाटो स्तरोन्नती | पालि | १२ सडक | २,५० | १,२० | | | ३,७० |
| | **मोटरबाटोको जम्मा** | | | **२,५०** | **१,२०** | **०** | **०** | **३,७०** |
| २ | लघुबिद्युत | पालि | ९ जलविद्युत | १८ | | ८,०० | | ८,१८ |
| | **बिद्युतको जम्मा** | | | **१८** | **०** | **८,००** | **०** | **८,१८** |
| ३ | कलभर्ट पुल तथा झोलङ्गे पुल | पालि | १२ पुल | ३,४० | | | ६० | ४,०० |
| | **पुलको जम्मा** | | | **३,४०** | **०** | **०** | **६०** | **४,००** |
| ४ | पालिका तथा वडा कार्यालय भवन | पालि | ३ भवन | | | ३,०० | ३,०० | ६,०० |
| | **भवनको जम्मा** | | | **०** | **०** | **३,००** | **३,००** | **६,००** |
| ५ | खेलकुद मैदान निर्माण | पालि | २ मैदान | १५ | | | | १५ |
| | **मैदानको जम्मा** | | | **१५** | **०** | **०** | **०** | **१५** |
| | **कुलजम्मा** | | | **६,२३** | **१,२०** | **११,००** | **३,६०** | **२२,०३** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **-२,४०** | **०** | **-३,००** | **०** | **-५,४०** |

## बर्ष - ४ (आ व २०७७७८)

| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आँकलन गरिएको बजेट सिलिङ | | | ४,९१ | १,८० | १०,०० | ४,०० | २०,७१ |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | मोटरबाटो स्तरोन्नती | पालि | १२ सडक | २,८० | १,८० | ५,०० | १,०० | १०,६० |
| | **मोटर बाटोको जम्मा** | | | **२,८०** | **१,८०** | **५,००** | **१,००** | **१०,६०** |
| २ | लघुविद्युत मर्मत तथा निर्माण | पालि | ९ जलविद्युत | ६,०० | | | | **६,००** |
| | **लघुविद्युतको जम्मा** | | | **६,००** | **०** | **०** | **०** | **६,००** |
| ३ | भवन निर्माण | पालि | ३ भवन | १,०० | २,०० | ५,०० | २,०० | **१०,००** |
| | **भवनको जम्मा** | | | **१,००** | **२,००** | **५,००** | **२,००** | **१०,००** |
| ४ | कलभर्ट पुल तथा झोलङ्गे पुल | पालि | ७ पुल | १५ | २,०० | | २,०० | ४,१५ |
| | **पुलको जम्मा** | | | **१५** | **२,००** | **०** | **२,००** | **४,१५** |
| ५ | खेलकुद मैदान निर्माण | पालि | १ मैदान | २० | | | | २० |
| | **खेलकुद मैदानको जम्मा** | | | **२०** | **०** | **०** | **०** | **२०** |
| ६ | मठ-मन्दीर मर्मत तथा निर्माण | पालि | २ मन्दीर | १० | | | | १० |
| | **मठ-मन्दीरको जम्मा** | | | **१०** | **०** | **०** | **०** | **१०** |
| | **कुलजम्मा** | | | **१०,२५** | **५,८०** | **१०,००** | **५,००** | **३१,०५** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **-५,३४** | **-४,००** | **०** | **-१,००** | **-१०,३४** |

**बर्ष - ५ (आ व २०७८।७९)**

| | आँकलन गरिएको बजेट सिलिङ | | | ६,८० | २,४० | १२,५० | ४,०० | २५,७० |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | मोटरबाटो स्तरोन्नती | | | ४,६५ | | १२,५० | | १७,१५ |
| | **मेटरबाटोको जम्मा** | | | **४,६५** | **०** | **१२,५०** | **०** | **१७,१५** |
| २ | लघुविद्युत मर्मत तथा निर्माण | | | ६,०० | | | | ६,०० |
| | **लघुविद्युतको जम्मा** | | | **६,००** | **०** | **०** | **०** | **६,००** |
| ३ | भवन निर्माण | | | १५ | | | २,०० | २,१५ |
| | **भवनको जम्मा** | | | **१५** | **०** | **०** | **२,००** | **२,१५** |
| ४ | कलभर्ट पुल तथा झोलङ्गे पुल | | | ५० | २,४० | | ४,०० | ६,९० |
| | **पुलको जम्मा** | | | **५०** | **२,४०** | **०** | **४,००** | **६,९०** |
| ५ | खेलकुद मैदान निर्माण | | | ५० | | | | ५० |
| | **खेलकुद मैदानको जम्मा** | | | **५०** | **०** | **०** | **०** | **५०** |
| ६ | मठ मन्दीर मर्मत तथा निर्माण | | | १२ | | | | १२ |
| | **मठ मन्दीरको जम्मा** | | | **१२** | **०** | **०** | **०** | **१२** |
| | **कुलजम्मा** | | | **११,९२** | **२,४०** | **१२,५०** | **६,००** | **३२,८२** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **-५,१२** | **०** | **०** | **-२,००** | **-७,१२** |

**पुनश्चः**

यस गाउँपाालिकामा हालसम्ममा ५८ वटा मोटरबाटाहरू छन् (सबै मोटरबाटाहरूको सूची यस दस्तावेजको परिशिष्ट ३ मा राखिएकोछ) । यी सबै बाटाहरूको लम्बाई अनुमानगर्दा लगभग २०० कि मि जति हुन्छ । यी सबै बाटाहरू पहिलो वा दोश्रो कटिङ्गका रूपमा स्काभेटर मेसिनद्वारा खनिएका हन् । यी सबै बाटाहरूको मर्मत संभार र स्तरोन्नती गर्न आवश्यक छ र जनचाहना पनि यहि हो । तर गाउँपालिकामा प्राप्त हुंने स्रोत र गाउँपालिकाको पहलमा केन्द्र तथा प्रदेश सरकारबाट आउंन सक्ने थप स्रोतको आँकलन गर्दा यी सबै बाटाहरूको यो आवधिक योजना अवधिमा स्तरोन्नती गर्ने सम्भावना देखिदैन । यो आवधिक योजनाको सबै बजेट बाटोमा नै लगाउंदा पनि यी बाटाहरू ग्राभेलसम्म गर्न सक्ने अवस्था पनि छैन ।

त्यसैले सबै बाटाहरूको उत्तिकै आवश्यकता हुंदाहुंदै पनि गाउँपालिकाले बढी भन्दा बढी जनतालाई फाईदा हुने र रणनीतिक महत्व राख्ने ६ देखि १० वटा सम्म बाटाहरू प्रत्येक बर्ष छनौट गरी सबै ग्राभेल वा त्यस्तै स्तरोन्नती गर्न नसके पनि अप्ठ्यारा ठाउंहरूमा ग्राभेल, नाला, कल्भर्ट आदि बनाउंदै सकेसम्म बाह्रै महिना यातायातका साधन चल्न सक्ने बनाउंन आवश्यक छ ।

यस सन्दर्भमा यो आवधिक योजना तर्जुमा गोष्टिमा छलफल हुंदा तत्कालै त्यस्ता बाटाहरूको छनौट गर्न नसकिने र यसका लागि वडास्तरमा थप छलफल र थप गृहकार्य गर्नुपर्ने हुंदा हालको लागि बाटाहरूका लागि एकमुष्ट बजेटको आँकलन गरी गाउँपालिका स्तरको योजनामा राख्ने र पछि कुन बाटो कति बजेटमा र कुन स्तरमा स्तरोन्नती गर्ने भन्ने कुरा पूर्बाधार समितिको सिफारिसमा गाउँकार्यपालिकाले निश्चित गर्ने भन्ने सहमती भएकाले सोही अनुसार आ व २०७६।७७ देखि आ व २०७८।७९ सम्म अर्थात तीन आर्थिक बर्षहरूमा मोटरबाटोको लागि एमुष्ट बजेट राखीएको छ ।

त्यसैगरी यस गाउँपालिकामा ११ वटा लघु जलविद्युत योजनाहरू छन् (सबै योजनाको सूची यस दस्तावेजको परिशिष्ट ३ मा राखीएको छ) । सबै योजनाहरूको स्तरोन्नती, मर्मत र संभार गरी

गाउँबासीलाई बिजुलिको उज्यालो उपलब्ध गराउंने पक्षमा गाउँपालिका प्रतिबद्ध देखिन्छ । तर कुन जलविद्युत योजनाको के आवश्यकता हो र कति रकमको खाँचो हुन्छ भन्ने कुरा यो योजना निर्माणको क्रममा निश्चित गर्न नसकिएको अवस्था छ । यसका लागि सम्बन्धित वडामा थप छलफल गर्नुपर्ने र उक्त आयोजनाहरूको स्थलगत अवलोकन समेत गर्नुपर्ने भएकाले योजनामा कुन बर्ष कुन जलविद्युत योजनाको मर्मत गर्ने भन्ने निश्चित गर्न सकिएन भन्ने पूर्वाधार विकास समितिले ठहर गरेको छ ।

त्यस्तै भवन, कल्भर्ट, पक्की पुल र भोलङ्गे पुलमा पनि त्यस्तै अवस्था आएको छ । कुन योजना कुन बर्ष र कुन वार्डमा भन्ने कुरा थप छलफल गरी गाउँकार्यपालिकाले तोकी बार्षिक योजनामा राख्ने गरी यो आवधिक योजनामा एकमुष्ट बजेट मात्र राखिएको छ ।

### पूर्बाधार विकास शिर्षक अन्तरगतका कार्यक्रमहरूको ५ बर्षको बजेट सिलिङ

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | ८,६५ | ० | ५,३२ | ० | १३,९७ |
| २ | आ व २०७५।७६ मा | २,५६ | ८६ | ८,६४ | १,२० | १३,२६ |
| ३ | आ व २०७६।७७ मा | ३,८३ | १,२० | ८,०० | २,७० | १५,७३ |
| ४ | आ व २०७७।७८ मा | ४,९१ | १,८० | १०,०० | ४,०० | २०,७१ |
| ५ | आ व २०७८।७९ मा | ६,८० | २,४० | १२,५० | ४,०० | २५,७० |
| | **जम्मा** | **२६,७७** | **६,२६** | **४४,४६** | **११,९०** | **८९,३९** |
| | **प्रतिशत** | **२९.९** | **७.०** | **४९.७** | **१३.३** | **१००** |

### पूर्बाधार विकास शिर्षक अन्तरगतका कार्यक्रमहरूको ५ बर्षको बजेट

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | ६,०३ | ० | ८० | ० | ६,८३ |
| २ | आ व २०७५।७६ मा | ७,५७ | २,९० | २,०५ | ० | १२,५२ |
| ३ | आ व २०७६।७७ मा | ६,२३ | १,२० | ११,०० | ३,६० | २२,०३ |
| ४ | आ व २०७७।७८ मा | १०,२५ | ५,८० | १०,०० | ५,०० | ३१,०५ |
| ५ | आ व २०७८।७९ मा | ११,९२ | २,४० | १२,५० | ६,०० | ३२,८२ |
| | **जम्मा** | **४२,००** | **१२,३०** | **३६,३५** | **१४,६०** | **१,०५,२५** |
| | **प्रतिशत** | **३९.९** | **११.७** | **३४.५** | **१३.९** | **१००** |

### बिभिन्न उप-शिर्षक अन्तरगतको बजेट

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बाटो | बिद्युत | भवन | पुल | मैदान | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | ३,२९ | ७० | १,२६ | | ५७ | १,०१ | ६,८३ |
| २ | आ व २०७५।७६ मा | ५,५७ | ५० | २,८० | २,१५ | | १,५० | १२,५२ |
| ३ | आ व २०७६।७७ मा | ३,७० | ८,१८ | ६,०० | ४,०० | १५ | | २२,०३ |
| ४ | आ व २०७७।७८ मा | १०,६० | ६,०० | १०,०० | ४,१५ | २० | १० | ३१,०५ |
| ५ | आ व २०७८।७९ मा | १७,१५ | ६,०० | २,१५ | ६,९० | ५० | १२ | ३२,८२ |
| | **जम्मा** | **४०,३१** | **२१,३८** | **२२,२१** | **१७,२०** | **१,४२** | **२,७३** | **१,०५,२५** |
| | प्रतिशत | ३८.३ | २०.३ | २१.१ | १६.६ | १.३ | २.६ | १०० |

## ६.८ पूर्बाधार विकास शिर्षक अन्तरगतका कार्यक्रमहरू संचालनको लागि रणनीतिहरू

(१) **ठेक्का पट्टा र अमानत:** विद्यमान नियम कानूनको अधिनमा रही गाउँपालिकाको बजेटबाट गरिने विकास र निर्माणका काममा ठेक्का पट्टा भन्दा बढी मात्रामा उपभोक्ता समूह परिचालन गर्ने नीति अवलम्वन गर्ने ।

(२) **सार्वजनिक सुनुवाईः** गाउँपालिकाबाट गरिने १० लाख भन्दा बढी खर्च भएका कुनै पनि कामको सार्वजनिक सुनुवाईका लागि गाउँपालिका तयार र उदार रहने ।

(३) **अधुरो राख्ने संकारबाट बाहिर आउने:** अधुरो संस्कारबाट बाहिरआई दीर्घकालिन, सुरक्षित र प्रत्यक्ष लाभ हुने खालका पूर्वाधारहरूको निर्माण र विकास गर्ने ।

(४) **अनावश्यकलाई हटाउने:** विगतमा भए गरेका अधुरा पूर्वाधारहरूको मर्मत, संभार र स्थाईत्व सम्भव छैन भने त्यस्ता पूर्वाधारहरू बन्द गर्ने वा हटाउने ।

## ६.९ पूर्बाधार विकास शिर्षक अन्तरगतका कार्यक्रमहरू संचालनको लागि कार्यनीतिहरू

(१) **ठेकेदारभन्दा उपभोक्ता समूहलाई प्राथमिकता:** कुनै पनि निर्माणको काम ठेकेदारबाट वा उपभोक्ता समूह मध्ये जोसुकैबाट गरिएको भए पनि त्यस्ता कामबाट हुनसक्ने चुहावटको अवस्थालाई गाउँपालिकाले सून्य सहनसिलताको नीति लिने छ ।

(२) **स्तरोन्नतीलाई प्राथमिकता:** नयाँ निर्माणलाई भन्दा भएका पूर्बाधरहरूको स्तरउन्नती गरी व्यवहारिक र प्रत्यक्ष रूपमा जनताले सेवा र सुविधा पाउंने खालका पूर्बाधारहरूलाई प्राथमिकतामा राखिने छ ।

(३) **निर्माण सम्बन्धि कामहरू गर्दा न्युनतम मापदण्डहरूको पालना:** सडक, भवन, र अन्य निर्माण सम्बन्धि काम गर्दा सम्भाब्यता अध्ययन, वाताबरणीय प्रभाव अध्ययन, बिस्तृत लागत डिजाईन, लगानीमा प्रतिफलको बिश्लेषण र निर्माण अचार संहिता अनिवार्य रूपमा पालना गर्ने ब्यवस्था गरी निर्माण कार्यहरू सबल र सुरक्षित बनाउने ।

# परिच्छेद ७: बिषयगत योजना - वातावरण तथा विपद

वातवरण तथा विपद अन्तर्गत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण तथा विपद् व्यवस्थापन सम्बन्धी बिषयहरू पर्दछन् । यस गाउँपालिका क्षेत्रमा विपद जोखिम तथा व्यवस्थापनका दृष्टिकोणले हेर्दा जोखिमपूर्ण अवस्था रहेको पाइन्छ । यहाँ जलजन्य प्रकोप कमै होला किनभने यस गाउँपालिकामा कुनै ठुला नदीहरू छैनन् तर साना ठुला पहिरोको जोखिम उच्च देखिन्छ । मेसिनको प्रयोग गरी भिरालो जमिनमा जतातत्तै मोटरबाटो खन्नाले यस प्रकारको जोखिम अझै बढाएको छ । यस गाउँपालिकामा निर्माण भएका बिभिन्न पूर्बाधारहरू निर्माण गर्नु पुर्व वातारणीय प्रभाव अध्ययन बिना गरिएको पाईएकोले यसबाट वाताबरणीय लगायत अन्य जोखिका सम्भावना बढी देखिन्छन् । साधारणतय मध्यपहाडी क्षेत्रमा जलवायु उत्पन्न विपदहरूमा प्रमुख रूपमा खडेरी, बाढी, पहिरो, रोग किटाणु, हुरी बतास, डढेलो, असिना आदी रहेका छन् । यस मध्ये परिवर्तन गाउँपालिका क्षेत्रमा खडेरीको प्रभाव सवैभन्दा बढी हुने अनुमान गर्न सकिन्छ । त्यसैगरी पहिरो अर्को सम्भाव्य विपद हुन सक्तछ भने वनमा लाग्ने डढेलो पनि विनासकारी विपद हुन सक्तछ ।

यध्यपि समग्रमा वन व्यवस्थापन तथा जलाधार संरक्षणको कार्यक्रमबाट वनको हैसियतमा सुधार गर्न सकिने धेरै सम्भावनाहरू देखिन्छन् । वन पैदावारको आपूर्तिमा सहज हुन सक्नु भनेको महिलाहरूको काममा सजहता आउंनु हो किनभने घाँस, दाउरा, सोत्तर, आदि को व्यवथापनमा महिलाहरूनै बढी संलग्न देखिन्छन् । दीगो वन व्यवस्थापनबाट वनपैदावारमा आधारित उद्योगहरूको लागि कच्चा पदार्थ उपलब्धभई वन उद्यमको विकासमार्फत स्थानीय रोजगारी तथा जिविकोपार्जनमा सुधार गर्नसकिने संभावनाहरू पनि छन् । त्यसैगरी भू-क्षय कमगर्नसके गाउँपालिकाले सिमित स्रोत र साधन खर्च गरेर बनाएका पूर्वाधारहरूको संरक्षण हुन्छ र भूमिको उत्पादकत्व क्षमता समेत संरक्षण हुन्छ । फलस्वरुप कृषि उत्पादनमा बृद्धि गर्न सकिने संभावनाहरू रहन्छन् । यस्तै भूसंरक्षण कार्यक्रमबाट विपद न्यूनिकरणमा समेत टेवापुग्ने संभावना रहेको हुन्छ । साथै वन व्यवस्थापनबाट वातावरणीय लाभ समेत हासिलगर्न सकिने संभावना देखिएका छन् ।

## ७.१ वन र जैविक विविधता

वनले ढाकेको क्षेत्रफल ८,००० हेक्टर अर्थात यस गाउँपालिकाको जम्मा क्षेत्रफलको ४६ प्रतिशत रहेको छ । यो राष्ट्रिय औषत भन्दा माथि हो । यस गाउँपालिका क्षेत्रमा सरकारी वन, सामुदायीक वन, कवुलियती वन र केही धार्मिक वन समेत रहेका छन् । त्यस्तै कुल जमिनको २४ प्रतिशत क्षेत्र झाडी, बुट्यान, भिर-पाखा, चरन, पर्ति ऐलानी, नदिनाला, वगर आदिले ओगटेको छ । यस गाउँपालिकाको हावापानी शितोष्ण खालको भएको हुनाले सल्ला प्रजातिका कोणधारी वनस्पतिहरू वढि पाईन्छन् । उचाई अनुसार यस गाउँपालिकामा पाइने मुख्य वनस्पतीमा उत्तीस, पैयुं, ओखर, सुईया, गुराँस, सल्ला, अंगेरु, वाँझ, खर्सु, लहरे पिपल आदी छन् । यस गाउँपालिकाको वनमा करिव ४० प्रकारका विभिन्न जडिवुटीहरु पाईन्छन् । ती मध्ये तेजपात, टिमुर, काउलो, अल्लो, सुगन्धवाल, चिराईतो, कुट्की जस्ता जडिवुटीहरू यस क्षेत्रवाट निर्यात हुने गरेका छन् । त्यसवाहेक पिठो जोर्नी, तारे, हताजोर, विलाजोर, तितेपाती, महझरी, ढुंगेफूल, सिस्नो जस्ता जडिवुटीहरू पनि पाईन्छन् । तर कुन जडिबटी कुन वनमा हुन्छ ? उत्पादन र संकलनको अवस्था कस्तो छ ? प्रसोधनको सम्भावना छ कि छैन ? आदि बिषयमा हालसम्म कुनै अध्यन अनुसन्धान भएको छैन ।

यस गाउँपालिकामा पालिने पाल्तु जनावरहरुमा बाखा, गाई, भैंसी, वंगुर, भेडा आदि हुन् भने पंक्षीमा परेवा, कुखुरा र हाँस हुन् । तर कुनै पनि पशुपालन व्यवसायीक रूपमा हुन नसकेको र व्यक्तिगत रूपमा गरिने पशुपालनमा पनि हिउंदमा घाँसको समस्या रहेको पाईन्छ । त्यसैले पशुपालनलाई क्रमश व्यवसायीकतातर्फ अगाडि बढाउंदै खुल्ला चरिचरन रोकी सबैखाले वनको हैसियतमा सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । यस प्रकारको योजनाबद्ध विकास गर्न सकेमा कबुलियती बन तथा सामुदायीक वनमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादनलाई प्रोत्साहित गरी वन स्रोतलाई आय आर्जनमा उपयोग गर्न सकिने सम्भावनाहरू देखिन्छन् ।

## ७.२ विपद

गाउँपालिकामा हाल सम्ममा विपद व्यवस्थापनको लागि कुनै प्रयास भएको देखिदैन किनभने बिगत धेरै बर्षदेखि यस क्षेत्रमा कुनै ठुलो विपद आईपरेको छैन । हामी सबैको सदासयता छ कि त्यस्तो विपद आगामि दिनमा पनि नआओस् । तर आईहाल्यो भने के गर्ने भन्ने सन्दर्भमा नेपाल सरकारले जारी गरेको विपदको तयारी र व्यवस्थापनमा स्थानी सरकारको भूमिकामा स्पष्ट पारेको छ । बि सं २०७२ मा आएको गोर्खा केन्द्रित भूकम्पले पनि नेपालीहरूलाई ठुलो पाठ सिकाएको छ । यो सिकाई र नेपाल सरकारको ऐन अनुसार कम्तीमा पनि प्रत्येक वडामा एक विपद व्यवस्थापन गाउँ समिति स्थापना गर्न आवश्यक देखिन्छ । सकिन्छ भने त यस्ता समितिहरू प्रत्येक गाउँ बस्ती स्तरमा खडा गर्न आवस्यक छ । यस्ता समितिहरूलाई प्राकृतिक प्रकोप, आकस्मिक समस्या वा आपतकालिन अवस्था आइपरेको अवस्थामा उद्धार, राहत तथा पुनःस्थापना जस्ता कार्यमा क्रियासिल गराउनु पर्ने हुन्छ । साथै यस्ता समितिहरूले भैपरि आउने समस्याहरूको सरल निकासको लागि पुर्वानुमान तथा योजना निर्माण र पुर्वतयारीका लागि गाउँपालिकालाई सहयोग र सहजिकरण गर्नु पर्ने हुन्छ ।

विपदको पूर्वतयारीको सिलसिलामा प्रत्येक गाउँका लागि विपद आईहालेको खण्डमा बस्नका लागि सुरक्षित स्थान समेत तोक्नु आवश्यक छ । त्यसै गरी गाउँपालिकाले भूकम्प रहित भवन निर्माण सम्वन्धी आचार संहित लागु गर्नुका साथै यस्ता भवनहरूको निर्माणमा आवश्यक परामर्श समेत उपलव्ध गराउने संयन्त्रको विकास गर्नुपर्ने हुन्छ । यस्ता प्रकारका सबै समितिहरूमा विपदको तयारी र व्यवस्थापनका लागि आवश्यक खर्चको लागि एक विपद व्यवस्थापन कोष समेत निर्माण गर्नु पर्दछ ।

## ७.३ वातावरण

गाउँपालिकाको वातावरणीय सरसफाई तथा पूर्वाधार विकासको वर्तमान अवस्थालाई हेर्दा यस गाउँपालिकामा वातावरण संरक्षण संवर्द्धन तथा प्रवर्द्धन लगायतका सचेतनामूलक कार्यक्रमहरू बेलाबखतमा संचालन गर्ने गरिएको पाईयो । यसैगरि वृक्षारोपण, हरित पर्यटन जस्ता कार्यहरू गरी वातावरण संरक्षणमा विशेष जोड दिनुपर्नेमा सबैको एकमत देखिन्छ । यस गाउँपालिकामा भएका सामुदायिक वनको अवस्थालाई हेर्दा जनताले सामुदायिक वनको अवधारणालाई आत्मसाथ गरेको पुष्टि हुन्छ ।

प्राय सबै वडाहरूमा राष्ट्रिय पर्व तथा उत्सवहरूको समयमा स्वास्थ्य तथा सरसफाईका कार्यक्रमहरूको संचालन गर्ने, जनचेतना फैलाउने, शौचालय निर्माणको लागि अनुदान उपलव्ध गराउने साथै घरायसी सफाई सम्वन्धि जनचेतनामूलक कार्यक्रम गर्ने गरेको पाईन्छ । विपन्न वर्गलाई वातावरणीय सफाईको लागि आवश्यक सहायता उपलव्ध गराउने गाउँपालिकाको नीति रहेको छ । बेलाबखत विद्यालय स्तरमा आयोजना गरिने सरसफाई कार्यक्रमहरूले निरन्तरता पाइरहेका छन् । साथै यस्ता कार्यहरूमा यस क्षेत्रका सामुदायिक संघ संस्थाहरूको समेत सक्रिय योगदान रहेको छ । यस गाउँपालिकामा पाँच वटा सार्वजनिक शौचालयहरू रहेका छन् ।

आगामि दिनहरूमा गाउँपालिकाले हरियाली क्षेत्र विस्तार तथा प्रबर्द्धन गर्नुपर्ने, सुधारीएको चुल्हो कार्यक्रमलाई व्यापकता दिनुपर्ने, व्यक्तिगत तथा सबार्वजनिक चर्पि निमार्ण बढाउदै लानुपर्ने, गाउँबस्तीहरूमा फोहरमैला ब्यवस्थापन व्यवस्थित गर्नुपर्ने, गोठ सुधार अनुदानको व्यवस्था हुनुपर्ने र पोखरी संरक्षण तथा निर्माणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ । समग्रमा गाउँपालिकाले सबै विकासका काममा वातावरणमैत्री सोचकासाथ अगाडि बढ्नु आवश्यक छ ।

### ७.४ वातावरण तथा विपद शिर्षकको ५ बर्षको लक्ष

| |
|---|
| वन, जैविक विविधता तथा वातावरणको सम्बर्द्धन, संरक्षण र दीगो उपयोग गर्दै विपद जोखिम सामना गर्ने क्षमता विकास गर्ने । |

### ७.५ वातावरण तथा विपद शिर्षक अन्तरगतका उद्देश्यहरू

(१) सामुदायिक, नीजि तथा सरकारी वन कार्यक्रम मार्फत वन श्रोतको संरक्षण। सम्बर्द्धन तथा वैज्ञानिक व्यवस्थापन र संचितीमा वृद्धि भएको हुनेछ ।
(२) जलाधार संरक्षण तथा भूमिको एकीकृत तथा व्यवस्थित उपयोगमा बृद्धि भएको हुनेछ ।
(३) गाउँको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलनतामा अभिबृद्धि भएको हुनेछ ।
(४) विपद् जोखिमको सामना गर्ने क्षमताको बृद्धि तथा क्षती न्यूनीकरण भएको हुनेछ ।

## ७.६ वातावरण तथा विपद शिर्षक अन्तरगत ५ बर्षे योजना तथा बजेट

### बर्ष - १ (आ व २०७४।७५)

| | आँकलन गरिएको बजेट सिलिङ | | | ८७ | ० | १४ | ० | १,०१ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **वतावरण तथा जलवायु परिवर्तनः** | | | | | | | |
| १ | चप्का तटवन्धन् | ६ | १ तब | १५ | | | | १५ |
| २ | राङकोत पुतलिाचौर तटवन्धन् | ५ | १ तब | १५ | | | | १५ |
| ३ | लेल्मा तटबन्धन् | ६ | १ तब | १० | | | | १० |
| ४ | सिस्ने तटबन्धन् | २ | १ तब | १५ | | | | १५ |
| ५ | हाङता तटबन्धन् | २ | १ तब | १५ | | | | १५ |
| ६ | वागमाारा तटबन्धन् | ३ | १ तब | १५ | | | | १५ |
| | **कुल जम्मा** | | | **८५** | **०** | **०** | **०** | **८५** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **२** | **०** | **१४** | **०** | **१६** |

तब = तटवन्धन्

### बर्ष - २ (आ व २०७५।७६)

| | आँकलन गरिएको बजेट सिलिङ | | | १,०४ | ३२ | ३,२४ | ९० | ५,५१ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **वतावरण तथा जलवायु परिवर्तनः** | | | | | | | |
| १ | दुईखोली तटबन्धन् | ३,५,६ | | १० | १० | ३,०० | | ३,२० |
| २ | धलम्पु धारी ओवाङ रिपिवि छहरा तटबन्धन् | २,६ | | १५ | २० | | | ३५ |
| ३ | सिलुङखोला जम्फेखोला तटबन्धन् | ३ | | १० | १० | | | २० |
| ४ | गुहेखोला तटबन्धन् | ६ | | १० | १० | | | २० |
| ५ | आग्रखोला तटबन्धन् | ४ | | १० | १० | | | २० |
| | **वतावरण तथा जलवायु परिवर्तनबो जम्मा** | | | **५५** | **६०** | **३,००** | **०** | **४,१५** |
| | **विपदः** | | | | | | | |
| ६ | प्रात्येक वडामा हेलिकप्टर ग्राउण्ड निर्माण | सबै | | ४० | २० | | | ६० |
| ७ | विपत व्यावस्थापनको लागि भवन निर्माण | सबै | | २० | २० | | | ४० |
| ८ | विपद व्यावस्थापन कोष निर्माण | गा पा | | ५० | ५० | | | १,०० |
| ९ | आ.वि. माश्च्यान संरक्षण | ४ | | ५ | | | | ५ |
| | **विपदको जम्मा** | | | **१,१५** | **९०** | **०** | **०** | **२,०५** |
| | **कुल जम्मा** | | | **१,७०** | **१,५०** | **३,००** | **०** | **६,२०** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **-६६** | **-११८** | **२४** | **९०** | **-६९** |

## बर्ष - ३ (आ व २०७६।७७)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आँकलन गरिएको बजेट सिलिङ | | | १,४२ | ६० | ८० | २,७० | ५,५२ |
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **वन:** | | | | | | | |
| १ | वन उपभोक्ता सचेतना र क्षमता विकास | सबै | ६ गोष्टि | १२ | | | | १२ |
| २ | सामुदायिक वन उपभोक्ता समिति गठन र सचेतना | सबै | १२ समिति | १८ | | | | १८ |
| ३ | वन तथा फलफुल नर्सरी व्यवस्थापन | सबै | ६ नर्सरी | २४ | | | ३० | ५४ |
| ४ | सामदुायिक वन कांटछाट तथा व्यवस्थापन | सबै | १४ वन | १४ | | | | १४ |
| ५ | जडिबुटि उत्पादन क्षमता विकास र सहयोग | सबै | १२ समुदाय | १२ | | | | १२ |
| | **वनको जम्मा** | | | **८०** | **०** | **०** | **३०** | **१,१०** |
| | **वतावरण तथा जलवायु परिवर्तन:** | | | | | | | |
| ६ | खरिवोट बजार संरक्षण तटबन्धन् | १ | | १० | १० | | | २० |
| ७ | राङसी हाङता तटबन्धन् (पहिरो रोकथाम) | २ | | २० | १० | | | ३० |
| ८ | पानिवोट ओह तटबन्धन् | ६ | | | २५ | | | २५ |
| ९ | उपबााङ विद्यालय संरक्षण तटबन्धन् | १ | | | २५ | | | २५ |
| १० | मिउजेखोला दमैखोला तटबन्धन् | ४ | | २० | ३० | | | ५० |
| ११ | अन्य तटबन्धहरु | पालि | | १० | | ६० | ७० | १,४० |
| १२ | बृक्षारोपण कार्यक्रम | पालि | | १० | ३० | | | ४० |
| | **वतावरण तथा जलवायु परिवर्तन जम्मा** | | | **७०** | **१,३०** | **६०** | **७०** | **३,३०** |
| | **विपद:** | | | | | | | |
| १३ | वडा तथा गाउंमा पहिरो नियन्त्रण | सबै | आ अ | १२ | | | १,०० | १,१२ |
| १४ | विपद पूर्वतयारी सचेतना गोष्टि | सबै | ६ गोष्टि | १२ | | | | १२ |
| १५ | विपद कार्यदल क्षमता विकास तालिम | सबै | १२ तालिम | २४ | | | | २४ |
| १६ | हेलिकोप्टर ग्राउण सुधार, स्तरोन्नती | सबै | ६ हेलिप्याट | २४ | १० | | | ३४ |
| १७ | सबै वडामा विपद व्यवस्थापन कोष निर्माण तथा रकम थप | सबै | ६ कोष | १२ | | २० | ७२ | १,०४ |
| | **विपदको जम्मा** | | | **८४** | **१०** | **२०** | **१,७२** | **२८** |
| | **कुल जम्मा** | | | **२,३४** | **१,४०** | **८०** | **२,७२** | **६७,२६** |
| | **बजेट सिलिङ  र योजनाको अनुपात** | | | **-९२** | **-८०** | **०** | **-२** | **-१,७४** |

## बर्ष - ४ (आ व २०७७७८)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आँकलन गरिएको बजेट सिलिङ | | | १,८२ | ९० | १,०० | ३,०० | ६,७२ |
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **वन:** | | | | | | | |
| १ | वन उपभोक्ता सचेतना र क्षमता विकास | सबै | ४ गोष्टि | ८ | | | | ८ |
| २ | वन तथा फलफुल नर्सरी व्यवस्थापन | सबै | २ नर्सरी | २० | | | १० | ३० |
| ३ | जडिबुटि उत्पादन तथा प्रसोधन निरन्तर | सबै | २० समूह | १० | | | ३० | ४० |
| ४ | वन डडेलो नियन्त्रण रेखा निर्माण | सबै | ६ कि मि | १२ | | | | १२ |
| | **वनको जम्मा** | | | **५०** | **०** | **०** | **४०** | **९०** |
| | **वतावरण तथा जलवायु परिवर्तन:** | | | | | | | |
| ५ | रालेखोला वागमारा तटबन्धन् | ३,४ | | १० | १० | | ५० | ७० |
| ६ | झर्माखोला तटबन्धन् | २ | | २० | २० | | | ४० |
| ७ | पारपानी गहिरोको पहिरो नियन्त्रण | ४ | | २० | २० | | | ४० |
| | **वतावरण तथा जलवायु परिवर्तनको जम्मा** | | | **५०** | **५०** | **०** | **५०** | **१,५०** |
| | **विपद:** | | | | | | | |
| ८ | गरमजिम वजार संरक्षण | ५ | | | १० | १,०० | | १,१० |
| ९ | रानीखोला ओह ओवाङ संरक्षण | ६ | | २० | १५ | | | ३५ |
| १० | निजिवाङधारी वस्ती संरक्षण | २ | | | | | १,५० | १,५० |
| ११ | मा. वि. धानावारा विद्यालय संरक्षण | १ | | ३० | २० | | | ५० |
| १२ | फोहोर मैला व्यावस्थापन | सबै | | ४० | | | | ४० |
| १३ | जलवायू परिवर्तन चेतनामुलक कार्यक्रम | सबै | | ६० | | | | ६० |
| १४ | विपद व्यवस्थापन कोष सुदृढिकरण | पालि | | | | | ६० | ६० |
| | **विपदको जम्मा** | | | **१,५०** | **४५** | **१,००** | **२,१०** | **५,०५** |
| | **कुल जम्मा** | | | **२,५०** | **९५** | **१,००** | **३,००** | **७,४५** |
| | **बजेट सिलिङ  र योजनाको अनुपात** | | | **-६८** | **-५** | **०** | **०** | **-७३** |

## बर्ष - ५ (आ व २०७८।७९)

| | आँकलन गरिएको बजेट सिलिङ | | | २,५२ | १,२० | १,२५ | ३,०० | ७,९७ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **वन:** | | | | | | | |
| १ | सामुदायिक तथा राष्ट्रीय वनको टिमुर संकलन गरी रस निकाल्ने उद्योग स्थापना | पालि | १ उद्योग | १० | | | ५० | ६० |
| २ | कृषि वन कार्यक्रमको सम्भावना अध्ययन | पालि | १ अध्ययन | ५ | | | | ५ |
| ३ | डडेलो नियन्त्रण सचेतना गोष्टि | पालि | २ गोष्टि | १० | | | १० | २० |
| ४ | बृक्षा रोपण (रुद्राक्ष) | पालि | ६०० वोट | | | ५० | | ५० |
| | **वनको जम्मा** | | | **२५** | **०** | **५०** | **६०** | **१,३५** |
| | **वतावरण तथा जलवायु परिवर्तन:** | | | | | | | |
| ५ | पुहे काहाखोला तटवन्धन् | ३ | १ त ब | २० | १० | | | ३० |
| ६ | नुनथलानखोला- चेम्दरी खोला तटवन्धन् | ३ | १ त ब | २० | १० | | | ३० |
| ७ | नाफेखोला तटवन्धन् | ६ | १ त ब | २५ | १० | | | ३५ |
| ८ | हाकलङखोला राखुरिचौर तटवन्धन् | ६ | १ त ब | ३० | २० | | | ५० |
| ९ | खानिखोला तटवनन्धन् | ४ | १ त ब | | | | ३० | ३० |
| १० | रिङजाखोला तटवन्धन् | ४ | १ त ब | २० | १० | | | ३० |
| ११ | जुगेखोला तटवन्धन् | ४ | १ त ब | २० | १० | | | ३० |
| १२ | पांचमनी तटबन्धन् | २ | १ त ब | | | | ५० | ५० |
| १३ | साबरा खोला तटबन्धन् | ५ | १ त ब | १० | २० | | | ३० |
| १४ | लिखिवाङ खोला तटबन्धन् | ५ | १ त ब | १० | १० | | | २० |
| १५ | तसारने खोला तटबन्धन् | ६ | १ त ब | १० | १५ | | | २५ |
| १६ | लिक्याङ विद्यालय संरक्षण | १ | १ त ब | | | ३५ | | ३५ |
| १७ | वागमारा विद्यालया संरक्षण | ३ | १ त ब | | | ४० | | ४० |
| १८ | केवरी विद्यालय संरक्षण | ३ | १ त ब | | | | ३० | ३० |
| १९ | दिपज्योती प्रा.वि. संरक्षण | ६ | १ त ब | ३० | ५ | | | ३५ |
| | **वतावरण तथा जलवायु परिवर्तनको जम्मा** | | | **१,९५** | **१,२०** | **७५** | **१,१०** | **५,००** |
| २० | वडा तथा गाउंमा पहिरो नियन्त्रण | पालि | आ अ | १० | | | | १० |
| २१ | विपद पूर्वतयारी सचेतना गोष्टि | सबै | ६ गोष्टि | १८ | | | १८ | ३६ |
| २२ | फुसको छानालाई टीन वा ढलानमा परिणत गर्न अनुदान | पालि | २०० परि | २० | | | १,०० | १,२० |
| २३ | विपत व्यावस्थापन समिति गठन तथा शसक्तिकरण | सबै | ६ समिति | ६ | | | १२ | १८ |
| | **विपदको जम्मा जम्मा** | | | **५४** | **०** | **०** | **१,३०** | **१,८४** |
| | **कुल जम्मा** | | | **२,७४** | **१,२०** | **१,२५** | **३,००** | **८,१९** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **-२२** | **०** | **०** | **०** | **-२२** |

**वातावरण तथा विपद शिर्षक अन्तर्गतका कार्यक्रमहरूको ५ बर्षको बजेट सिलिङ**

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | ८७ | ० | १४ | ० | १,०१ |
| २ | आ व २०७५।७६ मा | १,०४ | ३२ | ३,२४ | ९० | ५,५० |
| ३ | आ व २०७६।७७ मा | १,४२ | ६० | ८० | २,७० | ५,५२ |
| ४ | आ व २०७७।७८ मा | १,८२ | ९० | १,०० | ३,०० | ६,७२ |
| ५ | आ व २०७८।७९ मा | २,५२ | १,२० | १,२५ | ३,०० | ७,९७ |
| | **जम्मा** | **७,६७** | **३,०२** | **६,४३** | **९,६०** | **२६,७२** |
| | **प्रतिशत** | **२८.८** | **११.३** | **२४.१** | **३५.९** | **१००** |

**वातावरण तथा विपद शिर्षक अन्तर्गतका कार्यक्रमहरूको ५ बर्षको बजेट**

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | ८५ | ० | ० | ० | ८५ |
| २ | आ व २०७५।७६ मा | १,७० | १,५० | ३,०० | ० | ६,२० |
| ३ | आ व २०७६।७७ मा | २,३४ | १,४० | ८० | २,७२ | ७,२६ |
| ४ | आ व २०७७।७८ मा | २,५० | ९५ | १,०० | ३,०० | ७,४५ |
| ५ | आ व २०७८।७९ मा | २,७४ | १,२० | १,२५ | ३,०० | ८,१९ |
| | **जम्मा** | **१०,१३** | **५,०५** | **६,०५** | **८,७२** | **२९,९५** |
| | **प्रतिशत** | **३३.८** | **१६.९** | **२०.२** | **२९.१** | **१००** |

**उप-शिर्षक अन्तर्गतको योजना र बजेट**

| बर्ष | आर्थिक बर्ष | बजेट (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | वन | वातावरण | विपद | अन्य | जम्मा |
| १ | आ व २०७४।७५ मा | | ८५ | | | ८५ |
| २ | आ व २०७५।७६ मा | | ४,१५ | २,०५ | | ६,२० |
| ३ | आ व २०७६।७७ मा | १,१० | ३,३० | २,८६ | | ७,२६ |
| ४ | आ व २०७७।७८ मा | ९० | १,५० | ५,०५ | | ७,४५ |
| ५ | आ व २०७८।७९ मा | १,३५ | ५,०० | १,८४ | | ८,१९ |
| | **जम्मा** | **३,३५** | **१४,८०** | **११,८०** | **०** | **२९,९५** |
| | प्रतिशत | ११.२ | ४९.४ | ३९.४ | ०.० | १०० |

## ७.७ वन तथा वातावरण विकास शिर्षक अन्तर्गतका कार्यक्रमहरू संचालनको लागि रणनीतिहरू

(१) **आयोजनाको एक द्वार प्रणालि:** वन तथा वातावरणको विकासका लागि आएका र आउने बिभिन्न दातृसंस्थाले लगानि गरेका आयोजनाहरूलाई गाउँपालिकाको नीति तथा प्राथमिकतामा ल्याउने - मनलागि ढंगले काम गर्न नदिने ।

(२) **वातावरणीय प्रभावको अग्रीम आँकलन:** कुनै पनि आयोजना छनौट गर्नुभन्दा पहिले नै त्यसले वातावरणलाई के कति क्षति पुऱ्याउंछ भन्ने वारेमा राम्रो छलफल र बहस गर्ने ।

(३) **हरियालीको विकास:** 'हरियो वन परिवर्तन गाउँपालिकाको धन' लाई यस गाउँपालिकाले वन तथा वातावरणको मुल मन्त्र बनाउने ।

## ७.८ वन तथा वातावरण विकास शिर्षक अन्तर्गतका कार्यक्रमहरू संचालनको लागि कार्यनीतिहरू

(१) **कम खर्चिलो तर प्रभावकारी प्रविधिः** अधिकतम स्थानीय स्रोत र साधनमा आधारित, कम खर्चिलो, स्थानीय जनसहभागिताबाट सम्पन्न गर्न सकिने प्रविधि जस्तै वायो इन्जिनियरिङ्ग प्रविधि अनुशरण गरिनेछ ।

(२) **अन्तरबिषयिक विधाः** वन, वातावरण र विपदका लागि अलग्गै कार्यक्रम तथा बजेट राख्नुभन्दा सबै बिषय शिर्षक अन्तरगतका योजनाहरू संचालन गर्दा यो बिषयमा पनि उचित ध्यान दिईने छ ।

(३) **जनचेतनाः** वन तथा वातावरण सरकारले जोगाउने भन्ने धारणाबाट जनतालाई बाहिर ल्याउनका लागि हरेक कार्यक्रममा वन तथा वातावरणपक्षलाई समावेस गर्ने ।

(४) **विद्यालय शिक्षाः** सबै सार्वजनिक विद्यालयहरुमा कम्तीमा पनि महिनामा एक पटक वन तथा वातावरणसंग सम्बन्धित शैक्षिक कार्यक्रम राख्ने र त्यस्ता कार्यक्रमहरूमा शिक्षक र अविभावक मात्र नभै त्यस क्षेत्रका जनप्रतिनिधिहरूले समेत भाग लिने ।

(५) **पुरस्कारको व्यवस्थाः** यस गाउँपालिकाले हरेक बर्ष व्यक्ति वा संघ संस्थालाई दिने गरी पालिका स्तरीय वातावरण संरक्षण पुरस्कारको स्थापना गर्ने । यस्ता पुरस्कारहरू वडास्तरमा पनि स्थापना गर्न सबै वडा कार्यालयहरूलाई उत्साहित गर्ने ।

**थप टिप्पणीः** यो राम्रो हो कि विपद अन्तर्गत सबै वडामा हेलिप्याड निर्माण गर्ने योजना आएको छ । यो २०७२ सालको भूकम्पबाट भएको महत्वपूर्ण सिकाई हो । यो भूकम्प जस्तो महां विपदमा मात्र नभएर हाम्र गाउंघरका विरामीहरूलाई तत्काल राम्रो असपताल लानको लागि पनि काममा आउंदछ । यस्ता हेलिप्याडहरू एउटा वडामा एउटाले मात्र नपुग्न सक्तछन् किनभने एउटा वडामा पनि वस्तीहरू टाडा-टाडा रहेको अवस्था छ ।

सम्म चौर बनाउंदैमा हेलिप्याड हुंदैन । एउटा हेलिप्याड हुंनको लागि के कस्ता मापदण्डहरू पुरा हुंनुपर्छ भन्नेकुरा नागरि उड्यान प्राधिकरणसंग हुन्छ । सो मापदण्ड अनुसार बनाउने र त्यस्तो हेलिप्याड राष्ट्रिय एरोनोटिक नक्शामा अंकित हुंन आवश्यक हुन्छ । नक्शमा अंकित गरिएको छ भने मात्र जो कोहि पाइलटले हेलिकप्टर उडाएर ल्याउंन सक्तछ । यसका लाीग प्रदेश सरकार मार्फत गाउँपालिकाले औपचारिक पत्राचारगरी आफूले वनाएका सबै हेलिप्याडहरू उक्त नक्शामा अंकित भएको सुनिश्चित गर्नुपर्ने हुन्छ ।

# परिच्छेद ८: बिषयगत योजना - संस्थागत विकास र सेवा प्रवाह

संस्थागत विकास र सेवा प्रवाह एउटा बृहद बिषय क्षेत्र हो । यस अन्तर्गतका विषयगत उपक्षेत्रहरूमा मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग, राजस्व परिचालन, वित्तिय अनुशासन, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण र सूचना तथा सञ्चार व्यवस्थापन पर्दछन् । माथि उल्लेखित बिषयगत क्षेत्र र उपक्षेत्रहरू उपर यो आवधिक योजना तर्जुमाको सिलसिलामा गाउँपालिका सभासदहरूसंग भएको छलफलका आधारमा यस गाउँपालिकाको बर्तमान अवस्था यस प्रकार बिश्लेषण गरिएको छः

### ८.१ संगठनात्मक स्वरुप

यस गाउँपालिकाको हालको संगठनात्मक अवस्था हेर्दा गाउँकार्यपालिका, गाउँसभा, विषयगत शाखा, वडा कार्यालयहरू र विषयगत समितिहरू कायम रहेका छन् । वडा कार्यालयहरूमा सचिव, लेखापाल र सामाजिक परिचालकहरू समेत रहेका छन् । यस गाउँपालिकामा स्वास्थ्य चौकी, प्रहरी चौकी, कृषि, हुलाक, वन तथा पशु सेवाकेन्द्र जस्ता सरकारी कार्यालयहरूले सेवा प्रवाह गरिरहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०५५, प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, कर्मचारी समायोजन ऐन २०७४ लगायत अन्य प्रचलित ऐन, नीति, नियम र निर्देसिकाहरूले गाँउपालिकालाई स्थानीय शासन सञ्चालन गर्ने प्रयाप्त कानुनी आधार दिएको छ । विद्यमान स्थितिको बस्तुगत चित्रण गरी सरोकारवाला तथा साझेदारहरूलाई एउटै मूलप्रवाहमा ल्याई जनतालाई दिने सेवाहरू परिणाममूखी, जनमुखी र प्रभावकारी बनाउने गाउँपालिकाको दायित्व मानिन्छ । निजी, गैरसरकारी र नागरिक बीच समन्वय तथा साझेदारी विकास गर्ने सन्दर्भमा गाउँपालिकाको समन्वयकारी भूमिकाको अपेक्षा गरिएको छ ।

### ८.२ प्रशासकीय संरचना

विकासका आवश्यकता र संभावनाहरूका आधारमा गाउँपालिकाको आवधिक तथा बार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत आयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढंगले अनुगमन तथा मूल्याङ्कन गर्ने कामहरू गाउँपालिकाको प्रमुख दायित्व भित्र पर्दछन् । यसका लागि मानव संसाधन विकास र संस्थागत क्षमता विकास महत्वपूर्ण मानिन्छ । स्थानीय सरकारको प्रभावकारीताको लागि सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, राजस्व परिचालन, वित्तिय अनुशासन, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली र अन्तिम लेखा परिक्षण सम्बन्धमा गाउँपालिकालाई चुस्त दुरुस्त राख्न अपरिहार्य हुन्छ ।

### ८.३ कार्यालय व्यवस्थापन

माथि उल्लेखित भूमिकालाई प्रभावकारी रूपमा निर्वाह गर्नका लागि हाल गाउँपालिकाको केन्द्र रहेको स्थानमा जग्गाको व्यवस्था गरी प्रर्याप्त क्षेत्रफल सहितको कार्यालय भवन निर्माण गरी एकीकृत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन अति आवश्यक देखिन्छ । त्यस्तै गाउँपालिकाको संगठन तथा व्यवस्थापन

सर्वेक्षण गरी आवश्यक बिषयगत शाखा, उपशाखा र इकाई तथा विभिन्न विषयगत तथा तहगत कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपुर्तिको व्यवस्था गर्न जरुरी देखिन्छ । कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा बिद्युत वा वैकल्पिक ऊर्जाको भरपर्दो व्यवस्थासहित कम्प्यूटर, स्क्यानर, फोटोकपी, प्रिण्टर, राजस्व रसीद, योजना तथ्यांक, प्रिण्टर, राजस्व, सहितका सफ्टवयरको व्यवस्था गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

## ८.४ बित्तिय श्रोत

गाउँपालिकाको आन्तरिक आय (घर, जग्गा, व्यवसाय, सिफारिस, गिट्टि, बालुवा विक्री) ज्यादै थोरै छ । यो गाउँपालिकाको आवश्यकताको तुलनामा आम्दानी नगन्य छ । नेपाल सरकारबाट आ व २०७४।७५ मा रु १८ करोड अनुदान प्राप्त भएको थियो । यसैलाई आधार मान्ने हो भने नेपाल सरकारबाट बार्षिक लगभग रु २० देखि ३० करोडसम्म अनुदान आउंने सम्भावना देखिन्छ । यस गाउँपालिकामा गैसस तथा अरु विकासका साझेदारहरू खासै छैनन् । आम्दनीको दृष्टिकोणबाट हेर्दा यस गाउँपालिकामा आन्तरिक श्रोतको आधार ज्यादै न्यून रहेको, कर योग्य उद्योग कलकारखाना नभएको, वित्तिय कारोबारको अवसर नगन्य रहेको, विकास साझेदारहरूको उपस्थिति नभएको र नीजि क्षेत्रको लगानी न्यून रहेको अवस्था देखिन्छ ।

यस्तो अवस्थामा गाउँपालगिकाले एकीकृत सम्पत्ती कर, व्यवसाय कर र दस्तुर संकलनलाई ब्यबस्थित गर्न आवस्यक देखिन्छ । कृषि उत्पादन, पशुपालन र स्थानीय उद्योगलाई ब्यबसायीकरण गरी थोरै भने पनि यद्योगीहरूलाई करको दायरामा ल्याउन सके भविश्यमा गाउँपालिकाको आन्तरीक आम्दानीका स्रोतहरू बढाउन सकिने सम्भावना देखिन्छ ।

## ८.५ योजना तर्जुमा, अनुगमन र मूल्याङ्कन

गाउँपालिका गठन भएपछि पहिलोपल्ट घरधुरीको तथ्याङ्कसहित वस्तुगत विवरण तयार भएको छ। स्थानीय सरकार संचालन ऐनले व्यवस्था गरे अनुरुप बार्षिक तथा आवधिक योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न पांचवटा विषयगत योजना तर्जुमा समिति गठन गरी योजना तर्जुमाको अभ्यास सुरु भएको छ । आवधिक योजनाको लक्ष्य तथा रणनीतिको आधारमा बार्षिक योजना तर्जुमा गर्दा बढी व्यवस्थित विकास हुन्छ भन्ने विश्वासका साथ निर्वाचित जनप्रतिनिधिहरूको पूर्ण कार्यकालका लागि आवधिक योजना तर्जुमा गर्न गाउँपालिकाले प्रयास गरेको छ । निकट भविश्यमा लागु हुने आवधिक योजनाले गाउँपालिकाको समग्र विकासको एउटा गन्तव्यको रूपमा दुरदृष्टि, उक्त गन्तव्यतर्फ अगाडि बढ्नका लागि आवश्यक रणनीति, कार्यनीति तथा विकासका कामको अनुगमनका आधार तथा सूचकहरू तयार गर्नेछ भन्ने विश्वास गरिएको छ ।

## ८.६ सुशासन

सुशासन एउटा अन्तरविषयिक अवधारणा हो । जनतालाई सुशासन दिन्छौ भन्ने राष्ट्रिय नारालाई साकार पार्नका लागि पनि गाउँपालिकाले सुशासनका न्यूनतम मापदण्डहरू तयार गरी सबै बिषय र क्षेत्रमा गरिने काममा जनताले अनुभती गर्ने गरी सुधारगर्न आवश्यक देखिन्छ । यस दृष्टिकोणबाट यस गाउँपालिकाको हाल सम्मको अवस्थालाई छलफल गर्दा खासै उत्साहजनक अवस्था पाईदैन । उदाहरणका लागि

गाउँपालिका गठन भएको एक बर्षभन्दा बढी समय हुंदा पनि सबै वडाहरूमा नागरिक बडापत्र राख्न नसकेको अवस्था छ । सार्वजनिक लेखा परीक्षण गरिन्छ तर आर्थिक पक्ष मात्र हेर्ने परम्परा छ । कामको गुणस्तरको लेखाजोखा हुन सकेको छैन । सेवाग्राहीको सन्तुष्टी मूल्यांकन गर्ने परिपाटी बसाल्न नसकेको अवस्था छ । गएको आर्थिक बर्षमा कामगर्दा उपभोक्ता तथा निर्माण व्यवसायीमा जवाफदेहीता न्यून रहेको अनुभती भएको छ । त्यसैले निर्वाचित पदाधिकारी र कर्मचारीको योजना तर्जुमा, कार्यान्वयन अनुगमन सम्बन्धी क्षमता अभिबृद्धी गर्दै स्थानीय तहको अधिकार क्षेत्रका विषयमा आवश्यकता अनुसार एने, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्ने कामलाई तिब्रता दिन सकियोभने भविश्यमा यस गाउँपालिकाले राम्रो शासन दिन सक्ने सम्भावना देखिन्छ ।

## ८.७ संस्थागत विकास र सेवा प्रवाह शिर्षकको ५ बर्षको लक्ष

गाउँपालिका तथा वडा कार्यालयहरूलाई सशक्त स्थानीय सरकारका रूपमा स्थापित गरी सबै सरोकारवालाहरूको कार्यसम्पादनकोस्तर जनताले प्रत्यक्ष अनुभुती गर्नसक्ने स्तरमा बृद्धि गर्ने ।

## ८.८ संस्थागत विकास र सेवा प्रवाह शिर्षक अन्तर्गतका उद्देश्यहरू

(१) स्थानीय कानून, नीति तर्जुमा चुस्त दुरुस्त र पालना अभिबृद्धी भएको हुनेछ ।
(२) गाउँपालिका तथा वडा कार्यालयहरूको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिबृद्धि भएको हुनेछ ।
(३) गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालनमा अभिबृद्धि भएको हुनेछ ।
(४) योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन नतिजामूलक र प्रभावकारी भएको हुनेछ ।

## ८.९ संस्थागत विकास र सेवा प्रवाह शिर्षक अन्तरगत ५ बर्षे योजना तथा बजेट

**बर्ष - १ (आ व २०७४।७५)**

| | आँकलन गरिएको बजेट सिलिङ | | | १,७३ | ० | १४ | ० | १,८७ |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **व्यक्ति क्षमता विकासः** | | | | | | | |
| १ | महिला तथा बालबालिका क्षमता विकाश | सबै | १०० जना | ५ | | | | ५ |
| २ | लघुउद्यम सिलाई कटई तालिम | ४ | १० जना | ५ | | | | ५ |
| ३ | मदिरा वालबिवाह न्युनिकरण तालिम | ५ | ७५ जना | २ | | | | २ |
| ४ | हाते होजियारी उद्योग तालिम | ३ | ३१ जना | २ | | | | २ |
| ५ | जनजाति, महिला तथा वालवालिका ससक्तिकरण तालिम | १ | ३० जना | ५० | | | | ५० |
| ६ | कम्प्यूटर तालिम | २ | ५० जना | ५ | | | | ५ |
| ७ | लैंगिक ससक्तिकरण तालिम | ६ | १० जना | १० | | | | १० |
| | पालिका तथा वडा कार्यालय व्यवस्थापन | सबै | ७ | १,०० | | १५ | | १,१५ |
| | **कुल जम्मा** | | | **१,७९** | **०** | **१५** | **०** | **१,९४** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **-६** | **०** | **-१** | **०** | **-७** |

## बर्ष - २ (आ व २०७५।७६)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आँकलन गरिएको बजेट सिलिङ | | | १,०४ | २३ | २,३४ | ० | ३,६२ |
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **व्यक्ति क्षमता विकासः** | | | | | | | |
| १ | क्षमता विकाश अभिवृदि (तालिम, अध्यनभ्रमण) | सबै | १०० जना | ४० | | | | ४० |
| २ | वित्तिय जोखिम न्युनिकरण तालिम | सबै | ४० जना | २० | | | | २० |
| | **व्यक्ति क्षमता विकास जम्मा** | | | **६०** | **०** | **०** | **०** | **६०** |
| | **संस्थागत क्षमता विकासः** | | | | | | | |
| ३ | सरकारी दरवादि संरचना निर्माण को लागि संगठन तथा व्यावस्थापन अध्यायन | सबै | १ अध्ययन | ५ | | | | ५ |
| ४ | गा.पा. कार्यलयमा शाखा उपशाखख गठन र दरवन्दी मिलान | सबै | १६ जना | ५ | | | | ५ |
| ५ | कार्यलय व्यावस्थापन | सबै | ७ कार्यालय | ३० | २३ | १,३४ | | १,८७ |
| ६ | राजस्वपरिचालन व्यावस्थापन कार्यक्रम | सबै | ६ वडा | ५ | | | | ५ |
| ७ | वित्तिय व्यावस्थापन | गा पा | १ कार्यालय | ५ | | | | ५ |
| ८ | वेरुजु फर्छयौट | सबै | ६ वडा | ५ | | | | ५ |
| ९ | आइ सि टि को प्रयोग | सबै | ६ वडा | ५ | | १,०० | | १,०५ |
| | **संस्थागत क्षमता विकासको जम्मा** | | | **६०** | **२३** | **२,३४** | **०** | **३,१७** |
| | **सुशासनः** | | | | | | | |
| १० | सार्वजनिक सुनाई र सार्वजनिक परिक्षण | सबै | ६ वडा | ३ | | | | ३ |
| ११ | आन्तरीक र अन्तिम लेखापरिक्षण | सबै | ६ वडा | ५ | | | | ५ |
| १२ | नागरीक सुनाई | सबै | ६ वडा | ५ | | | | ५ |
| १३ | प्रोफाइल र आवधिक योजना निर्माण | पालि | २ | २० | | | | २० |
| | **सुशासनको जम्मा** | | | **३३** | **०** | **०** | **०** | **३३** |
| | **कुल जम्मा** | | | **१,५३** | **२३** | **२,३४** | **०** | **४,१०** |
| | **बजेट सिलिङ र योजनाको अनुपात** | | | **-४९** | **०** | **०** | **०** | **-४८** |

## बर्ष - ३ (आ व २०७६।७७)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आँकलन गरिएको बजेट सिलिङ | | | १,४२ | ६० | ८० | ० | २,८२ |
| क्रसं | योजना (गरिने काम) | वडानं | एकाई | बजेट (लाखमा) | | | | |
| | | | | गा पा | प्रदेश | केन्द्र | अन्य | जम्मा |
| | **व्यक्ति क्षमता विकास:** | | | | | | | |
| १ | क्षमता विकाश तालिम तथा अध्ययन भ्रमण | सबै | १०५ जना | | ४० | | | ४० |
| २ | विक्तिय जोखिम न्युनिकरण तालिम | सबै | ६ वडा | २४ | | | | २४ |
| | **व्यक्ति क्षमता विकास जम्मा** | | | **२४** | **४०** | **०** | **०** | **६४** |
| | **संस्थागत क्षमता विकास:** | | | | | | | |
| ३ | राजस्व परिचालन ब्यावस्थापन कार्यक्रम | सबै | ६ वडा | २० | | | | २० |
| ४ | विक्तिय ब्यावस्थापन | गा पा | १ कार्यालय | २० | | | | २० |
| ५ | आई सि टि को ब्यावस्थापन | सबै | ६ वडा | १४ | | ८० | | ९४ |
| ६ | आन्तरिक र अन्तिम लेखापरिक्षण | सबै | ६ वडा | २५ | | | | २५ |
| ७ | वेरुजु फर्छ्यौट | सबै | ६ वडा | ८ | | | | ८ |
| | **संस्थागत क्षमता विकास जम्मा** | | | **८७** | **०** | **८०** | **०** | **१,६७** |
| | **सुशासन:** | | | | | | | |
| ८ | नागरिक सुनुवाई | सबै | ६ वडा | १२ | | | | १२ |
| ९ | सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण | सबै | ६ वडा | ६ | २० | | | २६ |
| १० | सुशासनको अवस्था चित्रण | पालि | १ अध्ययन | ५ | | | | ५ |
| ११ | सम्मान तथा पुरस्कार | पालि | १० जना | ५ | | | | ५ |
| १२ | अन्तरकिया, परामर्स भेला | पालि | ३ पटक | ३ | | | | ३ |
